२. जिल्ला अस्पतालको केन्द्र सरकार सशर्त अनुदान तर्फ अस्पतालको सेवा सुदृढीकरण सम्बन्धी वियोजित बजेटलाई चौमासिक रुपमा अस्पताल व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी पेश्की दिने र कार्य सम्पन्न भएपछि सबै सक्कल स्रेस्ता सहित नियमानुसार सम्पूर्ण प्रकृया अवलम्बन गर्ने सम्बन्धमा ।

३. गाउँपालिकाको गौरवका आयोजना अन्तर्गतको लोकप्रिय मा.वि.आवासिय विद्यालय संचालन खर्च तर्फ विनियोजित बजेटलाई विद्यालय व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी

Scanned with CamScanner

चौमासिक रुपमा पेश्की दिने र कार्य सम्पन्न भएपछि सबै सक्कल स्रेस्ता सहित नियमानुसार सम्पूर्ण प्रकृया पुरा गरी कार्यपालिकाको कार्यालयमा पेश गर्ने सम्बन्धमा ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिसमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस कार्यालयलाई उपलब्ध गराएको पुरानो सवारी साधन बा१झ ३९२८ नं.को पजेरो जीप स्वीकार र मर्मत एवं नविकरण गर्ने सम्बन्धमा ।

५. हलुका सवारी चालकको सेवा करार गर्ने सम्बन्धमा

६. कार्यपालिका एवं वडाका नियमित बैठकमा भत्ता नलिने सम्बन्धमा ।

७. योजना संचालन र प्रभावकारी अनुगमन गर्ने सम्बन्धमा ।

८. खर्च मितव्ययिता गर्ने सम्बन्धमा ।

९. सवारी साधनको इन्धन र मर्मतका लागि मापदण्ड तयार गर्ने सम्बन्धमा ।

१०. गाउँ कार्यपालिकाको कार्यालयमा रहेका सम्पूर्ण सवारी साधनहरुलाई सरकारी नम्बरमा रुपान्तर गर्ने सम्बन्धमा ।

११. गाउँ कार्यपालिकाको कार्यालयलाई नयाँ भवनमा सार्ने, कार्यालय व्यवस्थापन गर्ने र सटर भाडामा लगाउने सम्बन्धमा ।

१२. गाउँपालिका क्षेत्र भित्र खानेपानीको व्यवस्थापन सम्बन्धमा ।

१३. गाउँपालिका क्षेत्र भित्र सरसफाईको व्यवस्थापन सम्बन्धमा ।

१४. तातोपानी सञ्चालन व्यवस्थापन सम्बन्धमा ।

१५. मुख्य सडकको मापदण्ड एंव विस्तार सम्बन्धमा ।

१६. वडा कार्यालय र वडा स्वास्थ्य संस्थाको भवन निर्माणका लागि जग्गा प्राप्ति सम्बन्धमा ।

१७. भूमि तथा सम्पत्ति कर प्रभावकारी बनाउने सम्बन्धमा ।

१८. थान्चोक स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्य कर्मी मध्य एक जना नर्सलाई लोक प्रिय मा.वि.मा स्वास्थ्य कर्मीको रुपमा खटाउने सम्बन्धमा ।

१९. वडा नं. ३, कोतो स्थित तिर्चुडल्दाको सुख्खा पहिरोमा रहेको ढुंगा र गिट्टी खानी उत्खन्न गर्ने सम्बन्धमा ।

२०. जिल्ला अस्पतालको २५ शैय्याको भवन निर्माणका लागि गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयमा सिफारिस गरी पठाउने सम्बन्धमा ।

२१. लोक प्रिय मा.वि.लाई आवासिय विद्यालय संचालन गर्न गण्डकी प्रदेश सरकारसँग सहकार्य गर्ने सम्बन्धमा ।

२२. रकमान्तर सम्बन्धी अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।

२३. गाउँ कार्यपालिकाको खर्च सार्वजनिक गर्ने सम्बन्धमा ।

२४. गाउँ सभाको मिति तय गर्ने सम्बन्धमा ।

निर्णयहरु

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्थानीय तहले आफ्नो गाउँ वस्तुस्थिति लाई समेटेर गाउँवस्तुस्थिति विवरण (Profile) तयार गर्न सहयोग हुने गरी मोवाईल एप्पस

Scanned with CamScanner

निर्माण गरी सञ्चालनमा ल्याएको जानकारी प्राप्त हुन आएको हुँदा उक्त एप्पस मार्फत वस्तुगत विवरण संकलन गर्न वडाका टोलटोलमा गाउँपालिकाका कर्मचारी आउँदा वडाका जनप्रतिनिधीले पूर्णरुपमा सहयोग गर्ने निर्णय गरियो ।

२. केन्द्रीय सरकारद्वारा हस्तान्तरित कार्यक्रम अन्तर्गत सशर्त अनुदान तर्फ जिल्ला अस्पतालका लागि अस्पतालको सेवा सुदृढीकरण सम्बन्धी विनियोजित बजेटलाई चौमासिक रुपमा अस्पताल व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी पेश्की दिने र अस्पतालबाट कार्य सम्पन्न भएपछि कार्य सम्पन्नका लागि अपनाईएका प्रकृया एवं सबै सक्कल स्रेस्ता सहित नियमानुसार गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्ने गरी जिल्ला अस्पतालले कार्य अघि बढाउने निर्णय गरियो ।

३. गाउँपालिकाको गौरवका आयोजनाहरु मध्ये लोकप्रिय मा.वि.आवासिय विद्यालय संचालन खर्च तर्फ विनियोजित बजेटलाई विद्यालय व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी चौमासिक रुपमा पेश्की दिने र कार्य सम्पन्न भएपछि सबै सक्कल स्रेस्ता सहित नियमानुसार सम्पूर्ण प्रकृया पूरा गरी कार्यपालिकाको कार्यालयमा पेश गर्ने गरी लोकप्रिय मा.वि.ले कार्य अघि बढाउने निर्णय गरियो ।

४. चामे गाउँपालिकाको समग्र विकासकालागि सञ्चालित योजनाहरुको प्रभावकारी अनुगमन गर्न कार्यालयमा सवारी साधन अति नै आवश्यक भएता पनि गाउँको विकासलाई मध्यनजर गर्दै केन्द्रिय सरकारबाट प्राप्त अनुदानलाई विकास निर्माणमा विनियोजित गरिएको परिपेक्ष्यमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिसमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस कार्यालयलाई सन् १९९३ मोडेलको एउटा पुरानो सवारी साधन बा१झ ३९२८ नं.को पजेरो जीप उपलब्ध गराएकोमा उक्त जीपलाई स्वीकार गर्ने र मर्मत एवं नविकरण गर्न आवश्यक पर्ने बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

५. यस कार्यालयका लागि प्राप्त सवारी साधन सञ्चालन गर्नका लागि आवश्यक पर्ने हलुका सवारी चालकको सेवा करार गर्न नियमानुसार सूचना प्रकाशन गरी प्रतिशपर्दा मार्फत सेवा करारमा लिने निर्णय गरियो ।

६. गण्डकी प्रदेश सभाद्वारा पारित स्थानीय पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धी ऐनमा सबै पदाधिकारीहरुलाई पारिश्रमिको व्यवस्था गरेकोले कार्यपालिका एवं वडाका नियमित बैठकमा लिँदै गरेको भत्ता आजका मितिदेखि नलिने निर्णय गरियो ।

७. यस गाउँपालिकाको चालु आ.व.मा सञ्चालन हुने सम्पूर्ण योजनाको सफलता पूर्वक सम्पन्न गर्न प्रत्येक वडाका वडा अध्यक्षको अगुवाईमा वडा समितिले आ-आफ्नो वडामा संचालन हुने योजनाको प्रभावकारी अनुगमन गर्ने निर्णय गरियो ।

८. चामे गाउँपालिकाको सबै वडाको समानरुपमा विकास गर्न सबै पदाधिकारी एवं कर्मचारीले सक्दो खर्च मितव्ययिता अपनाई कार्य गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

९. वडाका वडा अध्यक्षले कार्यालयको प्रयोजन र योजना अनुगमनका लागि प्रयोग गर्नु भएको सवारी साधनको लागि आवश्यक पर्ने इन्धन प्रति महिना १५ लि. र मर्मत खर्च वापत वार्षिक रु. ३०,०००।-(तीस हजार) दिने निर्णय गरियो ।

१०. गाउँ कार्यपालिकाको कार्यालयमा र वडा कार्यालयमा रहेका सम्पूर्ण सवारी साधनहरुलाई यथासक्य छिटो सरकारी नम्बरमा रुपान्तर गर्ने निर्णय गरियो ।

११. गाउँ कार्यपालिकाको कार्यालयमा कर्मचारी समायोजन भएपछि दरबन्दी अनुसार कर्मचारी पूर्ति हुने हुँदा हालको कार्यालयमा स्थान अभाव हुने भएकोले नयाँबजारस्थित नयाँ भवनमा कार्यालय सार्ने र कार्यालय व्यवस्थापनका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गर्ने र भवनको भुँई तलमा भएका सटरलाई दुई कोठा भएको सटर वार्षिक रु. ८० हजार र एक कोठा भएको सटर वार्षिक रु. ६० हजार न्यूनतम भाडा कायम गरी प्रचलित कानून बमोजिम भाडामा दिन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१२. चामे गाउँपालिका क्षेत्रभित्र हाल खानेपानीको व्यवस्थापन गरिरहेको संस्थाले प्रभावकारी रुपमा कार्य नगरेको हुँदा उक्त संस्थासँग वार्ता गरी खानेपानी व्यवस्थापनको कार्य गाउँपालिकाबाट गर्ने निर्णय गरियो ।

१३. चामे गाउँपालिका पर्यटकीय क्षेत्र पनि भएको हुँदा सरसफाईले अतिनै महत्त्व राख्ने भएकोले यस क्षेत्रको सरसफाई गर्न पर्यटन व्यवसायी एवं सम्पूर्ण जनसमुदायसँग सहकार्य गर्दै सरसफाईको व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४. गाउँपालिकाको प्राकृतिक स्रोत तातोपानीलाई व्यवस्थितरुपमा सञ्चालन गर्न गाउँपालिकाबाट विनियोजित चालु आ.व.को बजेटले आवश्यक कार्य गर्ने र आगामी असारदेखि व्यवस्थापन कारारका लागि सूचना प्रकाशन गरी गाउँपालिकाको आन्तरिक आयमा वृद्धि हुने गरी शुल्क निर्धारण गर्न आगामी बैठक मार्फत गाउँ सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१५. बेसिशहर चामे मूल सडकको दुवै तर्फ निर्माण भएका संरचनालाई नेपाल सरकारको सडक मापदण्ड बमोजिम कायम गर्ने र उक्त मापदण्ड विपरित निर्माण भएका संरचनालाई १५ दिनको समय दिई आ-आफै सार्ने व्यवस्था मिलाउने सम्बन्धमा आगामी बैठक मार्फत गाउँसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१६. हाल यस गाउँपालिकाको वडा नं. ३ र वडा २ मा सबै वडाको संयुक्त वडा कार्यालय संचालन गरिएकोमा वडा कार्यालयको आ-आफ्नै भवन बनाउनु पर्ने भएकोले आवश्यक जग्गा प्राप्तिका लागि पहल गर्न र वडा स्वास्थ्य संस्थाको भवन निर्माणका लागि पनि जग्गा प्राप्ति गर्न वडा अध्यक्षलाई जिम्मा दिने निर्णय गरियो ।

१७. गाउँपालिका क्षेत्रमा रहेका भूमि र सम्पत्तिको नियमानुसार कर अशुल गर्न कार्यालयबाट कम्प्युटर प्रणाली लागू गर्न लागिएकोमा सबै पदाधिकारीले जनसमुदायसमक्ष अपिल गर्दै भूमि तथा सम्पत्ति करलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

Scanned with CamScanner

१८. थान्चोक स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्य कर्मी मध्ये एक जना नर्सलाई लोक प्रिय मा.वि.मा स्वास्थ्य कर्मीको रुपमा अर्को व्यवस्था नभएसम्मका लागि खटाउने निर्णय गरियो ।

१९. यस गाउँपालिकाको वडा नं. ३, कोतो स्थित तिर्चुङल्दाको सुख्खा पहिरोमा रहेको ढुंगा र गिट्टी खानीलाई गाउँपालिका क्षेत्र भित्रको भौतिक पूर्वाधार निर्माणमा प्रयोग गर्ने निर्णय गरियो ।

२०. मनाङ जिल्लाको जिल्ला सदरमुकाममा अवस्थित एक मात्र जिल्ला अस्पताललाई भौतिक एवं मानव स्रोत साधनका हिसाववाट सुविधा सम्पन्न वनाउदै अस्पतालको २५ शैयाको भवन निर्माणका लागि गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

२१. यस चामे गाउँपालिका वडा नं ४ स्थित लोक प्रिय मा.वि.लाई जिल्लाकै नमूना हुने गरी आवासीय रुपमा संचालन गर्न गाउँपालिकाको पहलमा प्ले ग्रुप देखि १२ कक्षासम्म आवासीय विद्यालय संचालन गरिँदै आएकोमा गण्डकी प्रदेश सरकारसँग सहकार्य गरी व्यवस्थित रुपमा आवासीय विद्यालयलाई संचालन गर्ने निर्णय गरियो ।

२२. चामे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन २०७४ को दफा ९ को उपदफा (२) वमोजिम उपदफा (१) को अधिकार आवश्यकता अनुसार गाउँ कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था भएकोमा सोही अनुसार गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२३. यस गाउँ कार्यपालिकावाट चालु आर्थिक वर्ष २०७५/७६ को हालसम्म भएको आय र व्यय विवरण सार्वजनिक गर्ने निर्णय गरियो ।

२४. स्थानीय सरकार संचालन ऐन वमोजिम यस चामे गाउँपालिकाको हिउँदे गाउँ सभा मिति २०७५-१२-१५ गते गर्ने निर्णय गरियो ।

२५. आगामी महिना हुने चौथो गाउँसभामा गाउँसभा सदस्यलाई चिनारीको रुपमा एक/एक वटा झोला उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७५ साल चैत्र २५ गते दिउँसो २:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिप गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोपसाङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री लक्ष्मी वि.क.
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री समिरा गुरुङ
११.	सदस्य	-	श्री फूलमाया गुरुङ
१२.	सदस्य	-	श्री आशकुमारी गुरुङ
१३.	सदस्य	-	श्री विन घले
१४.	सदस्य सचिव	-	श्री गंगबहादुर थापा

प्रस्तावहरु

१. बजेट तथा कार्यक्रम संशोधन गर्ने सम्बन्धमा ।
२. चामे गाउँपालिका क्षेत्र भित्रका सडकहरुको मापदण्ड तय गर्ने सम्बन्धमा ।
३. चामे गाउँपालिकाको प्राकृतिक स्रोतको रुपमा रहेको तातो पानीलाई व्यवस्थापन करारमा दिने र दर तय गर्ने सम्बन्धमा ।
४. विधेयक समिति, लेखा समिति र सुशासन समिति गठन गर्ने सम्बन्धमा ।
५. गाउँ सभाको मिति संशोसन गर्ने सम्बन्धमा ।
६. स्थानीय विकास समिति तर्फका कर्मचारीको वीमा रकम सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

१. यस वर्ष विगतका वर्षको तुलनामा गाउँपालिका क्षेत्रमा भारी हिउँपात परेको । मौसम प्रतिकूलता तथा कर्मचारी सरुवाका कारण चालु आर्थिक वर्षका कार्यक्रम समयमा नै सुचारु हुन नसकेकोले बाँकी अवधिमा सम्भव हुने कार्यक्रम संचालन गर्न र गत वर्ष वार्षिक हिसाबको सालतमाम गर्दा गत वर्षको मौज्दात जिम्मेवारी सार्नुपर्ने रकम यकिन हुन नसकेको रकमलाई विनियोजनमा बाँडफाँड गरी चामे गाउँपालिकाको विनियोजन ऐन २०७५ को अनुसूचीहरुमा केही संशोधन गर्नुपर्ने भएकोले बजेट तथा कार्यक्रम संशोधन सम्बन्धी प्रस्ताव चौथो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

२. चामे गाउँपालिका जिल्लाको सदरमुकाममा अवस्थित ७८.७८ वर्गकिलोमिटरमा फैलिएको एक मात्र साविकको गा.वि.स.बाट बनेको गाउँपालिका हो । जबसम्म गाउँपालिकाको भौतिक पूर्वाधारको विकास हुँदैन तबसम्म विकास शून्य प्राय लाग्दछ । त्यसकारण समयमानै गाउँपालिका भित्र रहेका सम्पूर्ण मूल तथा सहायक सडक एवं निर्माण हुने सडकको मापदण्ड तय गर्ने र नियम विपरित बनेका संरचनाहरु हटाउने सम्बन्धी प्रस्ताव चौथो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. गाउँको समग्र विकास गर्न गाउँमै नयाँ नयाँ आयका स्रोत पहिचान गर्दै संघीय सरकारको परनिर्भरतामा कमी ल्याउनु स्थानीय सरकारको अहम भूमिका रहने हुँदा चामे गाउँपालिकाको प्राकृतिक स्रोतको रुपमा रहेको तातो पानीलाई व्यवस्थापन करारमा दिने र दर तय गर्ने सम्बन्धी प्रस्ताव चौथो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

४. सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न र कार्यपालिकालाई सभाप्रति उत्तरदायी बनाउँदै आर्थिक अनुशासन, पारदर्शिता, मितव्यीता कायम गर्न, स्थानीय कानून निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ तथा स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३५ मा भएको व्यवस्था बमोजिम विधेयक समिति, लेखा समिति र सुशासन समिति गठन गर्ने सम्बन्धी प्रस्ताव चौथो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

५. स्थानीय सरकार संचालन ऐन बमोजिम यस चामे गाउँपालिकाको हिउँदे गाउँ सभा मिति २०७५-१२-१५ गते गर्ने मिति २०७५-११-२७ गतेको बैठकको निर्णय भएकोमा चालु आर्थिक वर्षमा सञ्चालन गर्नुपर्ने कार्यक्रममा प्राविधिक लागत ईष्टिमेटका आधारमा संशोधन गर्नुपर्ने भएकोले चामे गाउँपालिकाको चौथो गाउँसभा मिति २०७५-१२-२९ गते गर्ने निर्णय गरियो ।

६. चामे गाउँपालिकामा कार्यरत स्थानीय विकास समिति तर्फका कर्मचारीलाई निजामती कर्मचारीले प्राप्त गर्ने सावधिक जीवन बीमा प्रिमियम बराबरको रकम नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल वैशाख २२ गते विहान ११:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोपसाङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री लक्ष्मी वि.क.
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री समिरा गुरुङ
११.	सदस्य	-	श्री फूलमाया गुरुङ
१२.	सदस्य	-	श्री आशकुमारी गुरुङ
१३.	सदस्य	-	श्री विन घले
१४.	सदस्य सचिव	-	श्री गंगबहादुर थापा

प्रस्तावहरु

१. चामे गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भौतिक पूर्वाधार विकासकालागि डिपीआर गर्ने सम्बन्धमा ।

२. विद्यालयहरुको व्यवस्थापन गर्ने सम्बन्धमा ।

३. चालु आ.व.मा सञ्चालित योजना कार्यान्वयनको सीमिक्षा गर्ने सम्बन्धमा ।

४. बस पार्क र गाउँपालिकास्तरीय बहुउद्देश्य भवनका लागि जग्गा खरिद गर्ने सम्बन्धमा ।

५. गाउँपालिकास्तरीय उद्योग ग्राम स्थापनाका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने सम्बन्धमा ।

६. संघीय सरकारद्वारा हस्तान्तरित सर्शत अनुदान अन्तर्गत उर्जा तर्फ सौर्य उर्जा प्रविधि जडान शीर्षकमा विनियोजित रकमलाई चामे स्वास्थ्य चौकी, थानचोकमा सौर्य उर्जा जडान गर्ने सम्बन्धमा ।

Scanned with CamScanner

७. सीप तथा उद्यमशीलता विकास सम्बन्धी तालिम घरेलु तथा साना उद्योग विकास समिति, मनाङले लघु उद्यम विकास कार्यक्रम संचालन गर्ने छनौट संस्था ग्रामीण विकास तथा अनुसन्धान केन्द्र, काठमाडौं मार्फत सञ्चालन गर्ने सम्बन्धमा ।

८. नेपाल बैंक लिमिटेड, मनाङलाई एटीम मेशिन राख्न सानो सटर भाडामा उपलब्ध गराउने सम्बन्धमा ।

निर्णयहरु

१. चामे गाउँपालिकाको समग्र क्षेत्रको विकास गर्ने उद्देश्यले चालु आर्थिक वर्ष २०७५/७६ को गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमको बजेट खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा नेपाल सरकार समानीकरण अनुदान तर्फ रु. २१,७०,००० र आन्तरिक स्रोत तर्फ रु. २७,५०,००० गरी जम्मा रु. ४९,२०,००० विनियोजित बजेटमा घटाई बजेट खर्च शीर्षक ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्शमा देहाय बमोजिमका योजना सञ्चालन गर्ने निर्णय गरियो ।

क्र. सं.	कार्यक्रमको नाम	नेपाल सरकार-समानीकरण अनुदान	आन्तरिक स्रोत	कुल जम्मा
१	गौरीशंकर आधारभूत वि.को भौतिक पूर्वाधार विकास निर्माणको डिपीआर तयार गर्ने योजना	५०००००	०	५०००००
२	कोतो गुम्वा निर्माणको डिपीआर तयार गर्ने योजना	५०००००	०	५०००००
३	चामे गुम्वा निर्माणको डिपीआर तयार गर्ने योजना	५०००००	०	५०००००
४	तिमाङ देखि डाँफेसम्म केबलकारको संभाव्यता अध्ययन योजना	०	१०००००	१०००००
५	थानचोक देखि सल्लाघारीसम्मको मोटर बाटो सर्भे योजना	१०००००	०	१०००००
६	तिर्चुङ्दा देखि कोतोको बीचमा रहेको पहिरोको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) योजना	०	३०००००	३०००००
७	चामे स्वास्थ्यचौकी निर्माणको डिपीआर तयार गर्ने योजना	०	५०००००	५०००००
८	डाँडागाउँ देखि पारी गाउँसम्मको ४ मिटर चौडा मोटरबाटो विस्तारका लागि सर्भे योजना	०	१०००००	१०००००
	कूल जम्मा =	१६०००००	१००००००	२६०००००

२. चामे गाउँपालिका क्षेत्रभित्र रहेका दिनदयालु आधारभूत विद्यालय, थानचोक, विश्वशान्ति आधारभूत विद्यालय, कोतो र गौरीशंकर आधारभूत विद्यालय, तिमाङमा रहेका सम्पूर्ण कक्षाका विद्यार्थीहरु मध्ये दिनदयालु आधारभूत विद्यालय, थानचोकका पूर्व बाल विकास कक्षा बाहेक सबै कक्षाका विद्यार्थीलाई चामेको लोकप्रिय माध्यमिक विद्यालयमा आवासियरुपमा राख्ने, शिक्षकको देहाय बमोजिम व्यवस्थापन गर्ने र अन्य विद्यालयको हकमा अर्को गाउँ कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

दीनदयालु आधारभूत विद्यालय, थानचोक

क्र. सं.	शिक्षकको नाम, थर	तह	हाल कामकाजका लागि तोकिएको विद्यालय	कैफियत
१	इन्द्रजंग गुरुङ	प्रा.वि.द्वितीय	लोकप्रिय माध्यमिक विद्यालय, चामे	
२	खिलबहादुर घले	प्रा.वि.द्वितीय	लोकप्रिय माध्यमिक विद्यालय, चामे	
३	हरिमाया घले	प्रा.वि.तृतीय	लोकप्रिय माध्यमिक विद्यालय, चामे	
४	पेचबहादुर घले	प्रा.वि.द्वितीय	चामे गा.पा.वडा नं. १ को वडा कार्यालय	~~वडा सचिव~~
५	निर्मला गुरुङ	प्रा.वि.द्वितीय	चामे गा.पा.वडा नं. २ को वडा कार्यालय	~~वडा सचिव~~

३. चालु आर्थिक वर्ष २०७५/७६ मा यस गाउँपालिकाका वडाभित्र सञ्चालित एवं सञ्चालन हुन लागेका योजनाहरुलाई समयमै सम्पन्न गर्न वडाध्यक्षले प्रमुख भूमिका खेल्ने र सबै जनप्रतिनिधिले आ-आफ्नो क्षेत्रमा रहेका योजना अनुगमन गरी गाउँकार्यपालिकाको विषयगत समितिमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिका क्षेत्रभित्र बस पार्क निर्माण गर्न र प्रदेश सरकारद्वारा निर्माण गरिदिने गाउँपालिकास्तरीय बहुउद्देश्य भवनका लागि आवश्यक पर्ने जग्गा प्राप्ती गर्न गाउँ कार्यपिलकाको पूर्वाधार विकास समितिलाई जिम्मा दिने निर्णय गरियो ।

५. चामे गाउँपालिकाको आम्दानीका स्रोतहरु ज्यादै नै न्यून रहेकोले गाउँको चौतर्फी विकास गर्न आम्दानीका स्रोतहरुको समयमा नै खोजी गर्नुपर्ने आवश्यकता रहेको हुँदा चामे गाउँपालिका वडा नं. ३ र ४ स्थित दक्षिणतर्फ रहेको पाटनमा स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने गरी गाउँपालिकास्तरीय उद्योग ग्राम स्थापनाका लागि प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

६. चामे गाउँपालिकाको संघीय सरकारद्वारा हस्तान्तरित सर्शत अनुदान अन्तर्गत उर्जा तर्फ सौर्य उर्जा प्रविधि जडान शीर्षकमा विनियोजित रकमलाई चामे स्वास्थ्य चौकी, थानचोकमा सौर्य उर्जा जडान गर्न गाउँ कार्यपालिकाको कार्यालयले खरिद प्रकिया अघि बढाउने निर्णय गरियो ।

७. चामे गाउँपालिकाद्वारा चालु आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन हुने सीप तथा उद्यमशीलता विकास सम्बन्धी तालिम घरेलु तथा साना उद्योग विकास समिति, मनाङले लघु उद्यम विकास कार्यक्रम संचालन गर्न छ्नौट गरेको संस्था ग्रामीण विकास तथा अनुसन्धान केन्द्र, काठमाडौं र घरेलु तथा साना उद्योग विकास समिति, मनाङको सहकार्यमा सञ्चालन गर्ने निर्णय गरियो ।

८. चामे गाउँपालिकाको सरकारी कारोवार गर्ने बैंक नेपाल बैंक लिमिटेड, मनाङले चामे बजारमा एटीम मेशिन राख्न गाउँपालिकाको नयाँबजारस्थित भवनमा सानो सटर भाडामा माग गरी निवेदन प्राप्त भएकोमा उपलब्ध साना सटरहरु मध्ये मासिक रु. ८०००।- भाडा लिने गरी बैंकको आवश्यकता अनुसार पूर्वाधार निर्माण गर्ने गरी एक वटा सानो सटर भाडामा दिने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल जेठ १० गते बिहान ११:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोपसाङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री लक्ष्मी वि.क.
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री समिरा गुरुङ
११.	सदस्य	-	श्री फूलमाया गुरुङ
१२.	सदस्य	-	श्री आशकुमारी गुरुङ
१३.	सदस्य	-	श्री बिन घले
१४.	सदस्य सचिव	-	श्री गंगबहादुर थापा

प्रस्तावहरु

१. विश्व शान्ति आधारभूत विद्यालयको व्यवस्थापन गर्ने सम्बन्धमा ।
२. वडा कार्यालय र पशु तथा कृषि शाखा स्थापना गर्ने सम्बन्धमा ।
३. पूर्वाधार विकास समितिको जग्गा खरिद सम्बन्धी निर्णय सम्बन्धमा ।
४. थानचोक घट्टेखोला काठेपुल
५. थानचोक सल्लाघारी सडक ढलान

Scanned with CamScanner

निर्णयहरु

१. चामे गाउँपालिका वडा नं. ३ मा अवस्थित विश्वशान्ति आधारभूत विद्यालय, कोतोमा विद्यार्थी संख्या ज्यादै नै कम भएको हुँदा सबै कक्षाका विद्यार्थीलाई चामेको लोकप्रिय माध्यमिक विद्यालयमा आवासियरुपमा राखे रशिक्षक एवं कर्मचारीको देहाय बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

विश्वशान्ति आधारभूत विद्यालय,कोतो

क्र. सं.	शिक्षकको नाम, थर	तह	हाल कामकाजका लागि तोकिएको विद्यालय	कैफियत
१	आशलाल गुरुङ	प्रा.वि.तृतीय	चामे गा.पा.वडा नं. ३ को वडा कार्यालय	
२	कमला घिमिरे	प्रा.वि.तृतीय	गौरी शंकर आधारभूत विद्यालय, तिमाङ	
३	जुनमाया गुरुङ	प्रा.वि.तृतीय	लोकप्रिय माध्यमिक विद्यालय, चामे	
४	कुङ्गा गुरुङ	राहत कोटा	लोकप्रिय माध्यमिक विद्यालय, चामे	करार
५	सोनाम लामा	स.का.	लोकप्रिय माध्यमिक विद्यालय, चामे	वा.वि.क. करार
६	लाक्पा ढोमा लामा	का.स.	लोकप्रिय माध्यमिक विद्यालय, चामे	करार

२. चामे गाउँपालिका वडा नं. २ मा रहेको दीनदयालु आधारभूत विद्यालय, थानचोकमा गाउँ कार्यपालिकाको कृषि शाखा, पशु शाखा, चामे स्वास्थ्य चौकी स्थानन्तर गर्ने, थानचोकमा रहेको वडा नं. १ र २ संयुक्त वडा कार्यालयलाई छुट्टा छुट्टै व्यवस्थापन गर्ने गरी वडा नं. २ को वडा कार्यालयलाई दीनदयालु आधारभूत विद्यालय भवन, थानचोकमा र वडा नं. १ को वडा कार्यालयलाई गौरीशंकर आधारभूत विद्यालय, तिमाङको भवनमा आर्को व्यवस्था नभएसम्म राखे निर्णय गरियो ।

३. चामे गाउँपालिका क्षेत्रभित्र वस पार्क निर्माण गर्न र प्रदेश सरकारद्वारा निर्माण गरिदिने गाउँपालिकास्तरीय वहुउद्देश्य भवन (सिटीहल) का लागि आवश्यक पर्ने जग्गा प्राप्ती गर्न गाउँ कार्यपिलकाको पूर्वाधार विकास समितिलाई जिम्मा दिने मिति २०७६-०१-२२ गतेको निर्णय बमोजिम सार्वजनिक जग्गा प्राप्त हुन नसकेको भनि मिति २०७६-०२-०८ गतेको पूर्वाधार विकास समितिको निर्णयका आधारमा गाउँपालिका केन्द्र नजिकै मुख्य सडकले छोएको प्रचलित दररेटमा नवढ्ने गरी घटीघटाउमा सिटीहलका लागि करिव ३ रोपनी र वस पार्कका लागि करिव ७ रोपनी गरी जम्मा १० रोपनी जग्गा खरिद गर्न गाउँकार्यपालिकाको कार्यालयले प्रक्रिया अघि वढाउन निर्देशन दिने निर्णय गरियो ।

४. चामे गाउँपालिकाको वडा नं. २ थानचोक स्थित घट्टेखोलामा पुल नहुँदा सम्पूर्ण जनसमुदायलाई आवतजावतमा ज्यादै कठिनाई भएको हुँदा चालु आर्थिक वर्ष २०७५/७६ को गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमको वजेट खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा नेपाल सरकार समानीकरण अनुदान तर्फ रु. ५,७०,००० र आन्तरिक स्रोत तर्फ रु. १७,५०,००० गरी जम्मा रु. २३,२०,००० वजेट मध्ये आन्तरिक स्रोत तर्फको वजेटवाट घटाई वजेट खर्च

Scanned with CamScanner

शीर्षक ३११५१ सडक तथा पूल निर्माणमा थानचोक घट्टेखोला काठेपुल निर्माणका लागि रु. १,५०,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

५. डुम्रे-वेसिशहर-घेर्मु-साततालेे-चामे सडक सहायक राजमार्ग (फिडर रोड) अन्तर्गतको चामे गाउँपालिका वडा नं. २ स्थित सल्लाघारी खण्डको सडकमा खाडल परी ठूला ठूला ढुंगा देखिएको हुँदा सवारी साधन आवतजातवमा ज्यादै नै कठिनाई भएको हुँदा उक्त खण्ड ढलानकालागि गण्डकी प्रदेश, डिभिजन सडक कार्यालय, दमौली, तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल असार ०५ गते बिहान ०९:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिप गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोपसाङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री लक्ष्मी वि.क.
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री समिरा गुरुङ
११.	सदस्य	-	श्री फूलमाया गुरुङ
१२.	सदस्य	-	श्री आशकुमारी गुरुङ
१३.	सदस्य	-	श्री विन घले
१४.	सदस्य सचिव	-	श्री गंगबहादुर थापा

प्रस्तावहरु

१. चामे गाउँपालिकाको पाँचौं गाउँसभा आव्हान गर्ने सम्बन्धमा ।
२. चामे गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त प्रस्ताव सम्बन्धमा ।
३. चामे गाउँपालिकाको नीति तथा कार्यक्रम पाँचौं गाउँसभामा पेश गर्ने सम्बन्धमा ।
४. चामे गाउँपालिकाको बजेट तथा कार्यक्रम पाँचौं गाउँसभामा पेश गर्ने सम्बन्धमा ।
५. आर्थिक विधेयक र विनियोजन विधेयक गाउँसभामा पेश गर्ने सम्बन्धमा ।
६. चालु आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरु फरफारक गर्ने सम्बन्धमा ।
७. कार्यालयको पूरानो पजेरो जीप मर्मतको खर्च अनुमोद गर्ने सम्बन्धमा ।
८. शिक्षकको जिम्मेवारी हेरफेर सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम चामे गाउँपालिकाको पाँचौं गाउँसभा मिति २०७६ साल असार ६ गतेदेखि आह्वान गर्ने निर्णय गरियो ।

२. चामे गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले विषयगत समितिबाट दफावार छलफल गरी प्रस्ताव भएका कार्यक्रम/आयोजनाहरुको त्रि-वर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई स्वीकृत गर्ने र चामे गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरी गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने प्रस्तावलाई स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. चामे गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम स्थानीय सरकारका प्रमुख एवम् गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्रबहादुर घलेद्वारा मिति २०७६ साल असार ६ गते दिउँसो १ बजे गरिमामय गाउँसभामा सम्बोधन गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को बजेट तथा कार्यक्रम गाउँपालिकाका उपाध्यक्ष श्री मुनिन्द्रजंग गुरुङद्वारा मिति २०७६ साल असार १० गते बिहान ११ बजे गाउँसभामा पेश गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

५. विधायन समितिबाट प्रस्ताव भई आएको चामे गाउँपालिकाको आर्थिक विधेयक, २०७६ र चामे गाउँपालिकाको विनियोजन विधेयक, २०७६ लाई पाँचौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

६. चामे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन भएका योजनाहरु मध्ये देहायमा उल्लेखित योजनाहरु प्राविधिक मूल्याङ्कन एवम् स्थानीय अनुगमन एवं मूल्याङ्कन समितिको निर्णय अनुसार अन्तिम जाँचपास एवं फरफारक गर्ने निर्णय गरियो ।

तपसिल

(क)	थानचोक ढल निर्माण	-	रु. ७६५०००।-
(ख)	थानचोक मोटरबाटो ढलान	-	रु. २०००००।-
(ग)	चरण विकास खोल्साको पानी निकासको लागि तटबन्धन	-	रु. ३००००।-

७. चामे गाउँपालिकाको मिति २०७५ साल फाल्गुन २७ गते बसेको गाउँ कार्यपालिकाको बैठकको निर्णय नं. ४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त पुरानो पजेरो जीप मर्मत गर्दा लागेको खर्च रु. ९ लाख १९ हजार ७ सय २६ रुपैयाँ अनुमोन गर्ने निर्णय गरियो ।

८. चामे गाउँपालिका वडा नं. ४ मा अवस्थित लोकप्रिय माध्यमिक विद्यालयमा कार्यरत निम्न अनुसारका शिक्षक र मिति २०७६ साल जेठ १० गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय नं. १ बमोजिम गौरीशंकर आधारभूत विद्यालयमा कामकाजमा जिम्मेवारी तोकिएका शिक्षक श्री कमला घिमिरेलाई निजको स्वास्थ्य अवस्थाका कारण देहाय बमोजिम जिम्मेवारी तोक्ने निर्णय गरियो ।

Scanned with CamScanner

क्र. सं.	शिक्षकको नाम, थर	तह	साविक कामकाजका लागि तोकिएको निकाय	हाल कामकाजका लागि तोकिएको निकाय
१	इन्द्रजंग गुरुङ	प्रा.वि.द्वितीय	लोकप्रिय माध्यमिक विद्यालय, चामे	चामे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
२	कमला घिमिरे	प्रा.वि.तृतीय	गौरी शंकर आधारभूत विद्यालय, तिमाङ	लोकप्रिय माध्यमिक विद्यालय, चामे
३	कमला गौली	प्रा.वि.तृतीय	लोकप्रिय माध्यमिक विद्यालय, चामे	चामे गा.पा.वडा नं. ४ को वडा कार्यालय

९. चामे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५/७६ को सञ्चालन खर्चको चालु खर्चतर्फ बजेट खर्च शीर्षक २८९११ भैपरी आउने चालु खर्चमा नेपाल सरकार समानीकरण अनुदान तर्फ रु. ५,००,००० र आन्तरिक स्रोत तर्फ रु. १,१६,६४८ गरी जम्मा रु. ६,१६,६४८ विनियोजित बजेट मध्ये बाँकी रहेको रु. ४,०४,०४८ मा घटाई बजेट खर्च शीर्षक २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्चवाट स्याल्क्यू खोला लघु जलविद्युत मर्मत योजनामा रु. ३,००,००० विनियोजन गर्ने निर्णय गरियो ।

१०. चामे गाउँपालिकाको केन्द्र नजिकै चामे सिटीहल निर्माण गर्ने कार्य योजना भएको हुँदा चालु आर्थिक वर्ष २०७५/७६ को गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमको बजेट खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा नेपाल सरकार समानीकरण अनुदान तर्फ रु. ५,७०,००० र आन्तरिक स्रोत तर्फ रु. १६,००,००० गरी जम्मा रु. २१,७०,००० बजेट मध्ये आन्तरिक स्रोत तर्फको बजेटवाट घटाई बजेट खर्च शीर्षक ३११३५ चामे सिटीहल निर्माणको डिपीआर तयार गर्ने योजनाका लागि रु. ५,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल असार २५ गते दिउँसो १२:३० वजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रवहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिप गुरुङ
४.	सदस्य	-	श्री भिमवहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोपसाङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री लक्ष्मी वि.क.
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री समिरा गुरुङ
११.	सदस्य	-	श्री फूलमाया गुरुङ
१२.	सदस्य	-	श्री आशकुमारी गुरुङ
१३.	सदस्य	-	श्री बिन घले
१४.	सदस्य सचिव	-	श्री लक्ष्मण गौली (नि.प्रमुख प्रशासकीय अधिकृत)

प्रस्तावहरु

१. जिल्ला समन्वय समिति मार्फत हस्तान्तरण भएको वहुउद्देशीय भवनको ठेक्का सम्वन्धी निर्माण व्यवसायीको स्पष्टीकरण प्रतिवेदन सम्वन्धमा ।

२. जिल्ला समन्वय समिति मार्फत हस्तान्तरण भएको वहुउद्देशीय भवनको कार्य सम्पन्न सम्वन्धमा ।

३. साविकको जिल्ला विकास समिति मार्फत यस गाउँपालिकामा स्थानीयकरण भएको सामुदायिक विकास कोष र सामाजिक परिचालिका सम्वन्धमा ।

४. चामे सिटी हल र चामे वसपार्कको लागि जग्गा खरीद गर्दा लाग्ने वजेटको व्यवस्था सम्वन्धमा

Scanned with CamScanner

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल हुँदा मिति २०७५।०९।०५ गते जिल्ला समन्वय समिति, मनाङ मार्फत हस्तान्तरण भएको चामे गाउँपालिका वडा नं. ४, नयाँबजारमा निर्माणाधिन बहुउद्देशीय भवनको निर्माण कार्यको ठेका सम्बन्धमा निर्माण व्यवसायी मृत सञ्जिवनी-खड्का कृष्ण-द क्याराभान जेभीलाई चौथो रनिङ बिल भुक्तानी भएपश्चात सम्पर्कमा नआएको सम्बन्धमा स्पष्टीकरण माग गरिएकोमा सोको प्रतिवेदन प्राप्त भई व्यहोरा अवगत भयो । निर्माण व्यवसायीको प्रतिवेदन अनुसार रनिङ बिल भुक्तानी लिनासाथ केही समय अन्य स्थानको निर्माण कार्यमा व्यस्त हुनु परेको र त्यस पश्चात लगतै चामेमा भारी हिमपात परी विपद् आई बाटोघाटो समेत अवरुद्ध भएकोले निर्माण कार्य ढिला भएको र बाटो सुचारु भएपछि निर्माण कार्यलाई तीव्रता दिन लागेकोले कार्यालयमा समेत आउन समय नभएको हुँदा असार २५ गतेसम्म ठेक्काको म्याद थप गरिदिन समेत अनुरोध भई आएको र निर्माण कार्यपनि सम्पन्न गरेको भनी प्रतिवेदन दिएको हुँदा निर्माणाधिन भवनको प्राविधिक सहित जनप्रतिनिधिले स्थलगत अवलोकन गरी सम्पूर्ण कार्यको प्राविधिक मूल्याङ्कन गराउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल हुँदा जिल्ला समन्वय समिति, मनाङ मार्फत हस्तान्तरण भएको बहुउद्देशीय भवनको निर्माण कार्यको कार्य प्रगती, प्राविधिक नापजाँच, मूल्याङ्कन गर्ने, सम्झौता बमोजिमका सम्पूर्ण कार्य सम्पन्न भएमा माग अनुसारको म्याद थप गरी, मिति २०७५।०७।१० गतेको गाउँ कार्यपालिकाको बैठकले थप कार्यको भेरियशन स्वीकृत भए अनुरुपको कार्यको समेत मूल्याङ्कन गरी अन्तिम बिलको भुक्तानी दिने र निर्माण व्यवसायी मृत सञ्जिवनी-खड्का कृष्ण-द क्याराभान जेभीवाट हस्तान्तरण हुने निर्माण सम्पन्न बहुउद्देशीय भवनलाई स्वीकार गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल हुँदा साविकको जिल्ला विकास समिति, मनाङ मार्फत यस गाउँपालिकामा स्थानीयकरण भएको सामाजिक परिचालक सहितको सामुदायिक विकास कोपलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, पाँचै वडामा रहेका समूहलाई सामाजिक परिचालनका माध्यमबाट सक्रिय बनाउने, कोषमार्फत परिचालित ऋण पूँजी एवं बीउ पूँजीलाई समुदायको हक हित, समान लाभ र भलाई हुने गरी कार्यक्रम सञ्चालन गर्ने । यस कार्यक्रमलाई सञ्चालन गर्न आवश्यक पर्ने कार्यविधि तयार गर्ने । सामाजिक परिचालक सहायक चौथो तह एक जना र कार्यालय सहयोगी एक जनालाई यसै कोप मार्फत पारिश्रमिक उपलब्ध गराउने गरी सेवा करार गर्ने ।चालु आ.व. २०७५/७६ मा चामे गाउँपालिकाको गाउँपालिकास्तरीय आयोजनाहरु तथा कार्यक्रमको खर्च शीर्षक २२५२२ सामुदायिक विकास कार्यक्रम तर्फ रु. ४ लाख विनियोजन गरिएको रकमलाई सामुदायिक विकास कोषमा ट्रान्सफर गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल हुँदा चामे गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७६।०२।१० गतेको बैठकको निर्णय नं. ३ अनुसार गाउँ कार्यपालिकाको कार्यालयले चामे सिटी हल र चामे वसपार्कको लागि नियमानुसार जग्गा खरीद प्रकृया अघि वढाउने निर्देशन बमोजिम सिटी हलको लागि रु. ४५,७५,०००.०० र वसपार्कको लागि रु. १,०७,१०,०००.०० गरी जम्मा रकम रु. १,५२,८५,०००.०० बजेट, खर्च शीर्षक ३१४११ जग्गा प्राप्तिमा चालु आ.व.मा खर्च नभई वचत हुने रकम र विकास निर्माणमा कटी गरिएको कन्टेन्जेन्सी रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल श्रावण ०३ गते दिउसो ०१:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्युको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोपसाङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री लक्ष्मी वि.क.
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री समिरा गुरुङ
११.	सदस्य	-	श्री फूलमाया गुरुङ
१२.	सदस्य	-	श्री आशकुमारी गुरुङ
१३.	सदस्य	-	श्री बिन घले
१४.	सदस्य सचिव	-	श्री लक्ष्मण गौली (नि.प.उ.अ.)

आमन्त्रीत

१ ले.अ. श्री नमनारायण मल्ल, आर्थिक प्रशासन शाखा

२ स.इ. श्री दिपक तिमिल्सिना, प्रविधिक शाखा

३ श्री लिल बहादुर गुरुङ, योजना शाखा

४ श्री विष्णु प्रसाद अधिकारी, प्रशासन शाखा

प्रस्तावहरु

१. प्रविधिक शिक्षा अन्तर्गत कृषि विषय समूहको बाली विज्ञान विषय अध्यापन गर्न अनुमती दिने सम्बन्धमा ।

Scanned with CamScanner

२. नमूना विद्यालय सञ्चालनको लागि अनुमती सम्बन्धमा ।

३. चालु आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरु फरफारक गर्ने सम्बन्धमा ।

४. कार्यालय सहयोगीको व्यवस्थापन सम्बन्धमा ।

५. करार सेवा कर्मचारीको विज्ञापन गर्ने सम्बन्धमा ।

६. मनाङ जिल्लामा विपद् परेको अवस्थामा आवश्यक विष्फोटक पदार्थ उपलब्ध गराउने सम्बन्धमा ।

७. कार्यलय सहयोगी सम्बन्धमा ।

<u>निर्णयहरु</u>

१. शैक्षिक सत्र २०७६ बाट नै कक्षा ९ देखि प्राविधिक धारको कक्षा सन्चालन गर्न अनुदान प्रस गर्न छनौट भएका स्थानीय तह र विद्यालयले कक्षा सन्चालनका लागि स्थानीय तहबाट अनुमती लिएको हुनुपर्ने प्रावधान रहेकोमा बैठकमा छलफल हुदा शैक्षिक वर्ष २०७६ बाट कक्षा ९ देखि प्रविधिक धार वाली विज्ञान कक्षा सन्चालन गर्न अनुमती दिने निर्णय गरियो ।

२. शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय मा. मन्त्रीस्तर को मिति २०७६।०३।२७ को निर्णय अनुसार लोकप्रिय मा.वि. चामे नमूना विद्यालयमा छनौट भएको र नमूना विद्यालय विकास एव सन्चालन निर्देशिका २०७४ (पहिलो ससोधन २०७५ सहित) को नियम ४.४ क बमोजिम विद्यालय व्यवस्थापन समितिको २०७६।०४।०१ को प्रतिवद्धताको निर्णय सहित नमूना विद्यालय सन्चालनका लागि यस गाउँपालिकामा अनुमतीका लागि पत्र पेश गर्नुभएमा बैठकमा छलफल हुदा नमूना विद्यालय विकास एव सन्चालन निर्देशिका २०७४ अनुसार नमूना विद्यालय सन्चालनको लागि अनुमती दिने निर्णय गरियो ।

३. चामे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन भएका योजनाहरु मध्ये देहायमा उल्लेखित योजनाहरु प्राविधक मूल्याङ्कन एवम् स्थानीय अनुगमन एवं मूल्याङ्कन समितिको निर्णय अनुसार फरफारक गर्ने निर्णय गरियो ।

<u>क्र स</u>	<u>योजनाको नाम</u>	<u>रकम</u>
१	तिमाङ ढल व्यवस्थापन	५०००००
२	तिमाङ चिहान घर निर्माण	५०००००
३	तिमाङ देखि सामुदायिक भवन सम्म बाटो ढलान ,पिपिसी	४२५०००
४	थानचोक आमा समूह बफ सेट चुलो फर्निचर	५०००००
५	धर्म प्रवद्धनका लागि लामालाइ पूजा सामग्री वितरण	७,६१,८१३
६	थान्चोक वस्ती संरक्षण डिलमा तटबन्धन निर्माण	५०००००
७	डाडा गाउँको गाउबस्ती गोरेटो बाटो ढलान ,पिपिसि	१५०००००
८	कोतो गुम्बा कम्पाउण्ड वाल निर्माण योजना	८०००००
९	क्युपार जाने झोलुङगे पुल पुगने बाटो निर्माण योजना	२०००००
१०	छीतपुर मोटरबाटो सोलीङ	५०००००
११	तलेखु गुम्बामा प्लास्टर र रंगरोगन	५०००००
१२	तलेखुबाट मर्स्याङ्दीपरि जाने बाटो सिढी पिसिसी निर्माण	५०००००
१३	सिटिजन बैंक चोक देखि मर्स्याङदी नदी माथिको पक्कि पुलसम्म ग्याबिन तारवार निर्माण	१२००००
१४	सिंगरखोलामा मोटरबाटो खन्दा क्षति पुगेको खोला किनार वरिपरी तटबन्ध र मोटरबाटोमा गबिन निर्माण	५०००००
१५	वडा नं. 5 मा मोटरेवल पुल माथिको माने संरक्षण - बाटो, सिढी र वाल निर्माण	५०००००
१६	नयाँ बजारदेखि बिचबजारसम्म खानेपानी विस्तार योजना	५५०००००

Scanned with CamScanner

१७	चिचुडगल्दा वस्ती संरक्षण तटबन्ध निर्माण	५०००००
१८	तातोपानी सम्म २ मिटरको गोरेटो बाटो निर्माण	५०००००
१९	तातोपानी संरक्षण सम्वर्धन	२०००००
२०	चिहान घाटदेखि मूल सडक सम्म दुवै किनारमा तटबन्ध निर्माण योजना	४०००००
२१	चामे बिच बजार र नयाँ बजार ढल निकास योजना	२१००००
२२	चामे तमु आमासमुह भवन निर्माण	१५०००००
२३	कृषि कार्यालयबाट दुरसंचार जाने बाटो मा सिंगरखोला माथि काठे पुल निर्माण	५०००००
२४	कृषि कार्यालय हुदै ढुंगा खानीसम्म मोटरबाटो निर्माण	५०००००

४. चामे गाउँपालिका वडा कार्यालयहरुमा कार्यरत कार्यालय सहयोगीहरुको व्यवस्थापन सम्वन्धमा छलफल हुदा समायोजन भइ यस गाउँपालिका हाजिर भएका कार्यालय सहयोगीहरुलाइ तपसिल अनुसारको वडा कार्यालयमा व्यवस्थापन गर्ने र करार सेवामा वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगीहरुलाइ गाउँपालिकालाइ पुर्‍याउनु भएको योगदानलाइ धन्यवाद दिने निर्णय गरियो ।

क्र.सं.	कर्मचारीको नाम, थर	हाल कामकाजका लागि तोकिएको वडा कार्यालय
१	जित बहादुर गुरुङ	चामे गा.पा.वडा नं. १ को वडा कार्यालय, थान्चोक
२	छिरिङ नाम्ग्याल गुरुङ	चामे गा.पा.वडा नं. २ को वडा कार्यालय, थान्चोक
३	लाक्पा डोमा लामा	चामे गा.पा.वडा नं. ३ को वडा कार्यालय, चामे
४	आनन्द गुरुङ	चामे गा.पा.वडा नं. ५ को वडा कार्यालय, चामे

५. यस चामे गाउँपालिकाको कार्यालयका लागि दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने तपशील वमोजिमका पदहरुमा विज्ञापनको प्रकृया अगाडी बढाउन कार्यालयलाइ निर्देशन गरियो ।

क) कम्प्युटर अपरेटर – १ (एक) जना
ख) सव इन्जिनयर सिभिल – १ (एक) जना
ग) अ सव इन्जिनयर सिभिल – २ (दुइ) जना
घ) खा.पा.स.टे. – १ (एक) जना
ङ) पशु स्वास्थ्य प्राविधिक – १ (एक) जना
च) कृपि प्राविधिक सहायक पाचौ – १ (एक) जना

६. मनाङ जिल्लामा विपद् वाट वाटो घाटो अवरोध भई ठूला साधनले पनि अवरोध हटाउन नसकी विष्फोटक पदार्थ आवश्यक परेमा माग वमोजिम चामे गाउँपालिकाले निशुल्क रुपमा उपलव्ध गराउने र उक्त कार्यमा सुरक्षा प्रदान गर्दा जिल्ला स्थित सुरक्षा निकायका सुरक्षा कर्मीलाई भत्ता उपलव्ध नगराउने निर्णय गरियो ।

७. यस चामे गाउँपालिकामा सगायोजन भइ जिल्ला समन्वय समितिको कार्यालय, साविक पशुसेवा कार्यालय, साविक कृषि विकास कार्यालय र जिल्ला अस्पताल, मनाङवाट कार्यालय सहयोगीहरु समायोजन भइ आएको हुदाँ करार सेवामा कार्यरत कार्यालय सहयोगी कर्मचारीहरुले सेवा छोड्न परेको हुदाँ सेवामा कार्यरत कर्मचारीलाइ आजसम्मको सहयोग प्रति धन्यवाद दिदै पछि ति पदहरु खाली हुदै गएमा आवश्यकता अनुसार क्रमश पूर्व कार्यरत कर्मचारीलाइ नै प्राथमिकता दिने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल भाद्र २० गते दिउँसो ११:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिप गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोपसाङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री लक्ष्मी वि.क.
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री समिरा गुरुङ
११.	सदस्य	-	श्री फूलमाया गुरुङ
१२.	सदस्य	-	श्री आशकुमारी गुरुङ
१३.	सदस्य	-	श्री विन घले
१४.	सदस्य सचिव	-	श्री गंगबहादुर थापा

प्रस्तावहरु

१. आ.व.२०७५/७६ को वार्षिक बजेट तथा कार्यक्रमको समीक्षा एवम् चालु आ.व.२०७६/७७ को बजेट तथा कार्यक्रम सञ्चालन सम्बन्धमा ।

२. गाउँपालिका क्षेत्रभित्रको फोहोर मैला व्यवस्थापन, महशुल निर्धारण र कर्मचारीको दरबन्दी स्वीकृत सम्बन्धमा ।

३. विद्यालय व्यवस्थापन समितिमा सदस्य मनोनयन गर्ने सम्बन्धमा ।

४. गाउँपालिका क्षेत्रभित्रको खानेपानी व्यवस्थापन, महशुल निर्धारण र कर्मचारीको दरबन्दी स्वीकृत सम्बन्धमा ।

५. नेपाल बैंक लिमिटेडलाई थप कोठा उपलब्ध गराउने र लामो अवधिका लागि भाडा सम्झौता गर्ने सम्बन्धमा ।

Scanned with CamScanner

६. गाउँ कार्यपालिकाको कार्यालयको सरसफाईका लागि सेवा करार गर्ने सम्बन्धमा ।

७. गाउँपालिकाको वडा नं. १ स्थित तिमाडमा प्रहरी चौकी स्थापनाका लागि माग गर्ने सम्बन्धमा ।

८. लैङ्गिक हिंसा, मानव बेच बिखन, लागु औषध, मद्यपान र धुम्रपान विरुद्धको अभियानमा जिल्ला प्रहरी कार्यालय मातहतमा रहेको सामुदायिक प्रहरीसँग सहकार्य गरी सचेतनामूलक कार्यक्रम गर्ने सम्बन्धमा ।

९. कार्यवाहक वडाध्यक्षको जिम्मेवारी तोक्ने र सेवा सुविधा सम्बन्धमा ।

१०. पर्यटन वर्ष मनाउने सम्बन्धमा ।

११. संविधान दिवस मनाउने सम्बन्धमा ।

१२. ढुंगा, बालुवा, गिट्टी निकासी एवम् उत्खन्न सम्बन्धमा ।

१३. छात्रवृद्धि प्रदान गर्ने सम्बन्धमा ।

१४. चामे गाउँपालिका खरीद नियमावली २०७६ स्वीकृत सम्बन्धमा ।

१५. भवन मापदण्ड सम्बन्धमा ।

<u>निर्णयहरु</u>

१. आ.व.२०७५/७६ को वार्षिक बजेट तथा कार्यक्रमको समीक्षा गर्दै चालु आ.व. २०७६/७७ को स्थानीय सरकारको नीति, बजेट तथा कार्यक्रमलाई समयमा नै कार्यान्वयन गर्न कार्य तालिका बनाई कार्यक्रम सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२. चामे गाउँपालिका क्षेत्रभित्रको स्थायीरुपमा फोहोर मैला व्यवस्थापन गर्न वडा नं. ४ को छार्थाडमा फोहोर मैलाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) का आधारमा डम्पीङ्ग साइट र रिसाईकल हुने सामग्री संकलन केन्द्रको निर्माणका लागि बोलपत्र आव्हान गर्ने कार्य, फोहोर मैला व्यवस्थापनका लागि आवश्यक पर्ने ट्राक्टर चालक श्रेणीविहिन हलुका सवारी चालक पहिलो स्तर १ (एक) र फोहोर मैला लोड/अनलोड सहयोगी (श्रेणीविहिन) पहिलो स्तर २ (दुई) गरी ३ (दुई) जना कर्मचारीको दरवन्दी स्वीकृति गर्ने तथा सेवा करारका लागि प्रकृया अघि बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र फोहोर मैलाको देहाय बमोजिमको महशुल निर्धारण गर्ने निर्णय गरियो ।

क्र.सं.	विवरण	मासिक महशुल दर	कैफियत
१	व्यक्तिगत आवासका लागि	५०.००	
२	सरकारी कार्यालय एवम् आवासका लागि	१५०.००	
३	किराना/अन्य पसल व्यवसायिकका लागि	१५०.००	
४	पर्यटन व्यवसायिकका लागि	१५०.००	

३. चामे गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुले चामे गाउँपालिका शिक्षा नियमावली, २०७५ बमोजिम गठन भएका विद्यालय व्यवस्थापन समितिमा गाउँपालिकाको एक जना प्रतिनिधि रहने व्यवस्था भएकोमा श्री लोकप्रिय माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा सामाजिक

Scanned with CamScanner

विकास समितिका संयोजक एवम् वडा नं. १ का वडा अध्यक्ष श्री आशिष गुरुङलाई सदस्य मनोनयन गर्ने र गौरी शंकर आधारभूत विद्यालयको विद्यालय व्यवस्थापन समितिमा सामाजिक विकास समितिका सदस्य एवम् कार्यपालिका सदस्य श्री फूलमाया गुरुङलाई सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिकास्थित सबै वडाहरुमा रहेका वस्तीमा खानेपानीको व्यवस्थापन व्यवस्थित र सर्वसुलभ नहुँदा गाउँका वासिन्दाले कठिनाई महशुस गरिरहेकोमा हालसम्म खानेपानीको व्यवस्थापनको जिम्मा लिएको चामे युवाक्लवले स्थानीय सरकार गठन र सञ्चालन भैरहेको अवस्थामा खानेपानी व्यवस्थापन क्लवले गर्न सान्दर्भिक नहुने भएकोले क्लवले लिएको खानेपानीको व्यवस्थापन स्थानीय सरकारलाई हस्तान्तरण गर्ने निर्णय सहितको पत्र प्राप्त भएको हुँदा चामे गाउँपालिकास्थित सम्पूर्ण वडाहरुको खानेपानीको व्यवस्थापन गाउँपालिकाबाटै गर्ने, सोको लागि आवश्यक पर्ने कार्यालयको स्वीकृत दरवन्दीमा रहेको खा.पा.स.टे.सहायक चौथो १ (एक) सहित खा.पा.स.टे.सहयोगी (श्रेणीविहिन) पहिलो स्तर २ (दुई) र मिटर रिडर सहायक चौथो १ (एक) गरी जम्मा ४ (चार) जना खानेपानी तर्फ कर्मचारीको दरवन्दी स्वीकृति गर्ने तथा सेवा करारका लागि प्रकृया अघि वढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र खानेपानीको देहाय वमोजिमको महशुल निर्धारण गर्ने निर्णय गरियो ।

क्र.सं.	विवरण	मासिक महशुल दर	कैफियत
१	व्यक्तिगत आवासिय प्रयोजन	१००.००	
२	सरकारी कार्यालय एवम् आवासिय प्रयोजन	३००.००	
३	पर्यटन व्यवसायिक प्रयोजन	२००.००	
४	अन्य व्यवसायिक प्रयोजन	१००.००	

५. यस कार्यालयको वडा नं. ४, नयाँवजार स्थित प्रशासकीय भवनको भुई तलामा रहेका सटरहरु सिलवन्दी दरभाउपत्र मार्फत भाडामा दिन सूचना आव्हान गरी सटर नं. ३ र ४ नेपाल बैंक लिमिटेडलाई परेको र बैंक पूर्णरुपमा स्थानान्तरण गर्न थप कोठा आवश्यक पर्ने भनी माग गरेकोमा उक्त बैंकलाई कार्यालय परिसरमा राख्न सके कार्यालयको सुरक्षा एवम् राजस्व संकलनमा समेत सहयोग हुने हुँदा कार्यालयको भुई तलाको दक्षिण पश्चिममा रहेको कोठा र पहिलो तलाको दक्षिण पश्चिममा रहेका तीन कोठाको क्षेत्रफल १७०० वर्गफिट प्रति वर्गफिट रु. १३०।- का दरले वार्षिक रु. २,२१,०००।- र सटरहरुको प्रति सटर रु. ८५,०००।- का दरले दुई सटरको वार्षिक रु. १,७०,०००।- गरी जम्मा रु. ३,९१,०००।- वार्षिक भाडा कायम गर्ने अध्यक्षस्तरीय निर्णयलाई अनुमोदन गर्ने र प्रत्येक दुई वर्षमा नियमानुसार भाडा वृद्धि गर्ने गरी १० (दश) वर्षका लागि सम्झौता गर्न कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

६. चामे गाउँपालिकाको वडा नं. ४ नयाँवजारमा रहेको प्रशासकीय भवनको सरसफाई गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) मा सरसफाई सम्बन्धी पद प्रतिस्पर्धाको आधारमा सेवा करारवाट मात्र लिन सकिने व्यवस्था भएकोले आंशिक अवधि (विहान ७ वजेदेखि विहान ११ वजेसम्म) का लागि सेवा करारमा लिन नियमानुसार प्रकृया अघि वढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

Scanned with CamScanner

७. चामे गाउँपालिकाको केन्द्रदेखि करिब ११ किलोमिटरको दूरीमा रहेको गाउँपालिकाको प्रवेश द्वारमा अवस्थित वडा नं. १ को तिमाङमा बस्ती विकास हुँदै गएको पर्यटकीय हिसाबमा अन्नपूर्ण पदमार्गको मनाङ खण्डको उद्गम स्थल रहेको यस वडामा सुरक्षाको राम्रो प्रबन्ध नभएको हुँदा प्रहरी चौकी स्थापनाका लागि जिल्ला प्रहरी कार्यालय मार्फत जिल्ला सुरक्षा समितिबाट निर्णय गराई गण्डकी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय र संघीय सरकार, गृह मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

८. लैङ्गिक हिंसा, मानव बेच बिखन, लागु औषध, मद्यपान र धुम्रपान विरुद्धको अभियानमा जिल्ला प्रहरी कार्यालय, चामे, मनाङ मातहतमा रहेको सामुदायिक प्रहरीसँग सहकार्य गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

९. चामे गाउँपालिकाको वडा कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सम्बन्धित वडाका वडा अध्यक्ष लामो समयसम्म वडा बाहिर जानु पर्ने भएमा जेष्ठ वडा सदस्यलाई लिखितरुमा नै कार्यवाहक वडाध्यक्षको जिम्मेवारी तोक्ने व्यवस्थालाई कडाईका साथ पालना गर्न गराउन निर्देशन दिने र एक महिना भन्दाबढी अवधि वडा बाहिर रहनु पर्ने भएमा उक्त अवधिको सञ्चार र इन्धन सुविधा कार्यवाहक वडाध्यक्षलाई उपलब्ध गराउने निर्णय गरियो ।

१०. पर्यटन वर्ष २०१९-२०२२ सम्मलाई सफल पार्न चामे गाउँपालिका भित्र पर्यटन प्रवर्द्धनका लागि पर्यटन प्रवर्द्धन स्थानीय उपसमितिले तय गरेका कार्यक्रमलाई आवश्यक पर्ने बजेटको व्यवस्था गरी सफलतापूर्वक सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

११. जिल्ला सदरमुकाममा अवस्थित चामे गाउँपालिकाले जिल्ला समन्वय प्रमुखको संयोजकत्वमा गठन हुने संविधान दिवस समारोह जिल्ला समितिले तय गरेका कार्यक्रमलाई सहकार्य गर्दै भव्यरुपमा असोज २, ३ र ४ गतेसम्म राष्ट्रिय दिवसको रुपमा मनाउने निर्णय गरियो ।

१२. चामे गाउँपालिकालाई पूर्णरुपमा मर्स्याङ्गदी नदीले बिचबाट चिरेर बगीरहेको हुँदा नदीको दुवैतर्फ बगाएर ल्याएको बालुवालाई विपद् जोखिमका हिसाब र पर्यावरणमा असर नपर्ने गरी वर्षायाम जेठ देखि असोज मसान्तसम्म सबै वडाका घाटमा मेसिन प्रयोग नगरी नियमानुसार बालुवा उत्खन्न गर्न वडा कार्यालयलाई निर्देशन दिने, ढुंगा खानीलाई व्यवस्थितरुपमा सञ्चालन गर्न एवम् चोरी निकासी रोक्न सम्बन्धित वडा अध्यक्षको नेतृत्वमा रहेको वडा समितिलाई जिम्मेवारी दिने र गाउँपालिका भित्र गिट्टी सम्बन्धी व्यवसायी गर्ने व्यक्ति वा फर्मलाई नियमानुसार करको दायरामा ल्याउने निर्णय गरियो ।

Scanned with CamScanner

१३. चामे गाउँपालिकाभित्र स्थायीरुपमा वसोवास गरेका बासिन्दाका छोरा छोरीहरुले विज्ञान विषय लिई कक्षा ११ र १२ को नतिजामा औसतमा ए ग्रेड भन्दा बढी अंक प्राप्त गर्ने मध्ये एक जना छात्र र एक जना छात्रालाई जनई रु. ५० हजार र उच्च शिक्षा तर्फ एम.वि.वि.एस./वि.ई./ वि.एस.सी.कृषि/वि.एस.सी.पशु अध्ययरत विद्यार्थीको लागि स्थानीय शिक्षा समितिले तय गरेको मापदण्डका आधारमा बढी अंक हाँसिल गर्ने विद्यार्थीलाई एम.वि.वि.एस.तर्फ रु. २ लाख र वि.एन./वि.फर्मा/वि.एम.एल.टी./वि.ई./वि.एस.सी.नर्सिङ्ग/वि.एस.सी.कृषि/ वि.एस.सी.पशु तर्फ रु. १ लाख प्रत्येक व्याचलाई छात्रवृद्धि प्रदान गर्ने निर्णय गरियो ।

१४. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी चामे गाउँपालिकामा हुने सम्पूर्ण खरीद प्रकृयालाई सहज एवम् सर्वव्यापी र कानून सम्मत बनाउन चामे गाउँपालिका खरीद नियमावली २०७६ को मस्यौदालाई गाउँ कार्यपालिकाको विधेयक समितिमा व्यापक छलफल भई पारित गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको खरीद नियमावलीलाई नियमावलीमा भएका व्यवस्थाको अध्ययन एवम् छलफल मार्फत पारित गरी स्वीकृत गर्ने निर्णय गरियो ।

१५. चामे गाउँपालिका भित्र पक्की भवन निर्माण गर्ने क्रम बढ्दो मात्रमा रहेको हुँदा व्यवस्थित शहर निर्माणका लागि समयमानै भवन निर्माण मापदण्ड बनाई लागू गर्नुपर्नेमा हाललाई संघीय सरकारबाट कार्यान्वयनमा ल्याईएको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लाई भवन निर्माणको लागि नक्शापास गर्दा कडाईका साथ पूर्णरुपमा पालना गर्ने गराउने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल असोज ३० गते बिहान १२:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोपसाङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री लक्ष्मी वि.क.
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री समिरा गुरुङ
११.	सदस्य	-	श्री फूलमाया गुरुङ
१२.	सदस्य	-	श्री आशकुमारी गुरुङ
१३.	सदस्य	-	श्री विन घले
१४.	सदस्य सचिव	-	श्री गंगबहादुर थापा

प्रस्तावहरु

१. कजिनसारा तालको स्थानीय नामाकरण एवम् तालालाई टोपो न्यापमा समावेश गर्ने सम्बन्धमा ।

२. पर्यटन प्रवर्द्धन स्थानीय उपसमितिले आयोजना गरेको कजिनसारा ताल महोत्सवमा भएको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

३. चामे गाउँपालिकाको समग्र क्षेत्रको वृत्र चित्र तयार गर्ने सम्बन्धमा ।

४. चामे-सिंगर (कजिनसारा) ताल पदमार्ग एवम् धर्मशाला निर्माण सम्बन्धमा ।

५. महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

१. चामे गाउँपालिकाको वडा नं. ४ मा रहेको कजिनसरा तालतलाई सिंगर (कजिनसारा) ताल भनी स्थानीय नामाकरण गर्ने र टोपो म्यापमा समावेश गर्न नापी विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

२. पर्यटन वर्ष २०१९-२०२२ सम्मलाई सफल पार्न चामे गाउँपालिका भित्र पर्यटन प्रवर्द्धनका लागि पर्यटन प्रवर्द्धन स्थानीय उपसमितिले मिति २०७६ साल असोज १० देखि १४ गतेसम्म चामे गाउँपालिका वडा नं. ४ मा रहेको कजिनसरा तालमा आयोजना गरेको महोत्वमा भएको खर्च रु. ५००००० लाई चामे गाउँपालिकाको बजेट उपशीर्षकको खर्च शीर्षक २८९११ भैपरी आउने चालु खर्चमा विनियोजन भएको बजेट रु. ३००००० - मध्येबाट घटाई खर्च शीर्षक २२५२२ कार्यक्रम खर्चमा रु. ३,००,००० - र खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट रु. ७६७१००० - मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. १३,८८,००० - र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. ६२,८३,००० - मध्ये नेपाल सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११३५ पूँजीगत परामर्श खर्चमा रु. २,००,००० - लेखाङ्कन गर्ने गरी खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

३. पर्यटकीय स्थल, धार्मिक स्थल, प्राकृतिक सम्पदा, रहन सहन, भेषभूषा, परम्परा र संस्कृति, साँस्कृतिक पर्व लगायत चामे गाउँपालिकाको समग्र क्षेत्रको वृत्र चित्र तयार गर्न आवश्यक पर्ने बजेट रु. ४,५०,००० - चामे गाउँपालिकाको बजेट उपशीर्षकको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट रु. ७४७१००० - मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. ११,८८,००० - र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. ६२,८३,००० - मध्ये प्रदेश सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११३५ पूँजीगत परामर्श खर्चमा विनियोजन गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिकाको वडा नं. ४ मा करीब ५००२ मिटरको उचाई र चामेबाट करीब २५ कि.मी.को दूरीमा रहेको सिंगर (कजिनसारा) तालतलाई अवलोकन गर्न सहज हुने गरी आवश्यक पूर्वाधार निर्माण गर्न चामे-सिंगर (कजिनसारा) ताल पदमार्ग एवम् धर्मशाला निर्माण गर्न आवश्यक पर्ने बजेट रु. ३०,००,००० - चामे गाउँपालिकाको बजेट उपशीर्षकको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगतखर्चमा विनियोजन भएको बजेट रु. ७०२१००० - मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. ११,८८,००० - र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. ५८,३३,००० - मध्ये प्रदेश सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११११२ धर्मशाला निर्माणमा रु. १५००००० - र खर्च शीर्षक ३११५१ चामे-सिंगर (कजिनसारा) ताल पदमार्ग निर्माणमा रु. १५,००,००० - विनियोजन गर्ने निर्णय गरियो ।

५. चामे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७५/७६ मा भएका काम कार्वाहीको आन्तिम लेखापरीक्षण गरी महालेखा परीक्षकको कार्यालयबाट प्राप्त प्रारम्भिक प्रतिवेदनका सन्दर्भमा जानकारी भई लेखापरीक्षणबाट औल्याइएका विषयवस्तुलाई कार्यान्वयन गर्ने

Scanned with CamScanner

र गाउँ कार्यपालिकाको कार्यालय मार्फत नियमानुसार प्रतिवेदनको जवाफ तयार गरी महालेखा परीक्षकको कार्यालयमा पठाउने निर्णय गरियो ।

६. पर्यटन वर्ष २०१९-२०२२ सम्मलाई सफल पार्न पर्यटन प्रवर्द्धन स्थानीय उपसमितिले कार्तिक महिना भित्र चामे गाउँपालिकाको वडा नं. १ मा रहेको हाई अल्टीच्यूट खेल मैदानमा अनुसन्धानमूलक खेलकूदको आयोजना गर्ने कार्यक्रमको लागि आवश्यक पर्ने बजेट रु. ४,२०,०००।- चामे गाउँपालिकाको बजेट उपशीर्षकको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट रु. ४०२१०००।- मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. ११,८८,०००।- र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. २८,३३,०००।- मध्ये नेपाल सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११३५ पूँजीगत परामर्श खर्चमा विनियोजन गर्ने निर्णय गरियो ।

७. चामे गाउँपालिका वडा नं. ४ मा कार्यालय सहायक पदमा कामकाज गरिरहनु भएका लोक प्रिय माध्यमिक विद्यालयका शिक्षिका कमला गौली जिल्लान्तर सरुवा भई रमना लिई जानुभएकोले उक्त पदमा दीनदयालु आधारभूत विद्यालयमा दरवन्दी रही लोकप्रिय माध्यमिक विद्यालयमा कामकाज गरिरहनु भएका प्रा.वि.द्वितीय शिक्षक खिलबहादुर घलेलाई कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल मंसीर १८ गते विहान ११:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोपसाङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री लक्ष्मी वि.क.
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री समिरा गुरुङ
११.	सदस्य	-	श्री फूलमाया गुरुङ
१२.	सदस्य	-	श्री आशकुमारी गुरुङ
१३.	सदस्य	-	श्री विन घले
१४.	सदस्य सचिव	-	श्री गंगबहादुर थापा

प्रस्तावहरु

१. संगठन तथा व्यवस्थापन सर्भे गर्ने सम्बन्धमा ।
२. खानेपानी टेक्निशेनको तालिम गर्ने सम्बन्धमा ।
३. जनप्रतिनिधीको लागि तालिम व्यवस्थापन गर्ने सम्बन्धमा ।
४. आ.व. २०७६/२०७७ को पहिलो चौमासिकसम्मको भौतिक तथा वित्तीय प्रगती समीक्षा एवम् खर्च अनुमोदन गर्ने सम्बन्धमा ।
५. नपुग कर्मचारी माग गर्ने सम्बन्धमा ।
६. पशु तथा कृषि सेवा सम्बन्धी अनुदान वितरण सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

१. नेपाल सरकारले स्थानीय तहकाको कर्मचारी दरवन्दी स्वीकृतिका लागि प्रस्ताव गरी पठाएकोमा यस गाउँपालिकाका लागि प्रस्तावित दरवन्दी बढी हुने जस्तो देखिन आएकोले संगठन तथा व्यवस्थापन सर्भे गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक बजेटका लागि चामे गाउँपालिकाको बजेट उपशीर्षकको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट रु. ३६०१०००।- मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. ७,६८,०००।- र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. २८,३३,०००।- मध्ये नेपाल सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११३५ पूँजीगत परामर्श खर्चमा रु. १,५०,०००।-व्यवस्था गर्ने गरी प्रकृया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

२. नेपाल सरकार, सर्शत अनुदान तर्फ आ.व. २०७६/२०७७ को वार्षिक कार्यक्रमको राष्ट्रिय युवा परिषद् अन्तर्गतको एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम शीर्षकमा विनियोजित बजेट मध्यवाट एक वडा २ युवा समावेश हुने गरी खानेपानी टेक्निशेनको तालिम सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई प्रकृया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

३. चामे गाउँपालिकाका सम्पूर्ण पदाधिकारीलाई नगर प्रशिक्षण केन्द्र, पोखराले आ.व. २०७६/२०७७ मा प्रस्ताव गरेका तालिम मध्ये उपयुक्त हुने तालिम चामे गाउँपालिकाको संयुक्त आयोजनामा पोखरामा सञ्चालन गर्ने निर्णय गरियो ।

४. चालु आ.व. २०७६/२०७७ को पहिलो चौमासिकसम्म भए गरेको कामको भौतिक तथा वित्तीय प्रगती समीक्षा गर्दै चामे गाउँपालिकाको वास्तविक आय रु. ५,९६,३६,४१८.२६ (वित्तीय समानिकरण, राजस्व बाँडफाँड, आन्तरिक आय र गत वर्षको मौज्दात) प्राप्त भएको र चालु खर्च तर्फ रु. १,५४,५२,४४७।६४ तथा पूँजीगत खर्च रु. १४,८०,०००।०० गरी जम्मा रु. १,६९,३२,४४७।६४ खर्च भएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

५. नेपाल सरकारले प्रस्ताव गरी पठाएको चामे गाउँपालिकाको दरवन्दी अनुसार रिक्त रहेको पदमा लोक सेवा आयोगले पहिलो चरणमा विज्ञापन गर्दा छुट भएकोमा अन्य स्थानीय तहमा विज्ञापन भई पदपूर्तिको लागि सिफारिसको काम अन्तिम चरणमा पुगेको हुँदा वढी हुने कर्मचारी यस गाउँपालिकाका लागि माग गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र लोक सेवा आयोगलाई अनुरोध गर्ने गरी प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई आदेश दिने निर्णय गरियो ।

६. चामे गाउँपालिकाको आ.व. २०७६/२०७७ को वार्षिक कार्यक्रम अन्तर्गत पशु तथा कृषि सेवा सम्वन्धी कार्यक्रममा अनुदान समावेश कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकालाई आय वर्ष २०७६ मा बुझाउनु पर्ने सम्पूर्ण कर बुझाएको व्यक्ति वा फर्म वा समूहलाई प्राथमिकता दिने र गाउँपालिकामा वसाई सराई नगरी वसोवास गरेका वासिन्दाको हकमा जग्गाधनीले बुझाउनु पर्ने कर बुझाएको प्रमाणका आधारमा जग्गाधनीकै नाउँवाट अनुदान समावेश कार्यक्रममा सहभागी गराउने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल पुस २५ गते विहान ११:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिप गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोपसाङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री लक्ष्मी वि.क.
९	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री समिरा गुरुङ
११.	सदस्य	-	श्री फूलमाया गुरुङ
१२.	सदस्य	-	श्री आशाकुमारी गुरुङ
१३.	सदस्य	-	श्री बिन घले
१४.	सदस्य सचिव	-	श्री गंगबहादुर थापा

प्रस्तावहरु

१. चामे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन सम्बन्धमा ।
२. विशेष र समपुरक अनुदान सम्बन्धमा ।
३. ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन र व्यवस्थापन सम्बन्धमा ।
४. आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन [illegible] ।
५. चामे बजार प्रवेशद्वारमा आङ्गा आर्ट पेन्ट गर्ने योजना सम्बन्धमा ।
६. स्थानीय पूर्वाधार विकास लाभेदारी कार्यक्रम अन्तरगतका हुने आयोजना बोलपत्र प्रकृयाबाट सञ्चालन गर्ने सम्बन्धमा ।
७. चामे गाउँपालिका सामुदायिक विकास कोष (स्थापना र संचालन) तथा संचालन निर्देशिका, २०७६ स्वीकृत सम्बन्धमा ।
८. विविध ।

Scanned with CamScanner

निर्णयहरु

१. नेपाल सरकारले चामे गाउँपालिकाको लागि ४३ जनाको कर्मचारी दरवन्दी प्रस्ताव गरी पठाएकोमा यस गाउँपालिका साविकको एकवटा मात्र गा.वि.स.बाट बनेकोले क्षेत्रफलको हिसाबमा अन्य गाउँपालिकाको तुलनामा सानो रहेको, नेपाल सरकारबाट प्राप्त हुने अनुदान प्रत्येक वर्ष कम हुने, आन्तरिक आयका स्रोत पनि कम रहेको, जनसंख्या पनि ज्यादै कम रहेको हुँदा सेवा प्रवाह गर्न प्रस्तावित दरवन्दी बढी हुने जस्तो देखिन आएकोले गाउँ कार्यपालिकाको मिति २०७६।०८।१८ को निर्णय अनुसार संगठन तथा व्यवस्थापन सर्भेक्षण गराउन गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकृया अघि बढाए बमोजिम ब्रोड वे इन्फोसिस नेपाल प्रा.लि., काठमाडौंको सहयोगमा सर्भेक्षण अध्ययन गरी प्राप्त प्रतिवेदन अनुसार प्रस्ताव गरिएको गाउँ कार्यपालिका, वडा कार्यालय, कृषि सेवा शाखा, पशु सेवा शाखा र स्वास्थ्य चौकी समेतका लागि ३४ जनाको कर्मचारी दरवन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

२. नेपाल सरकारले राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं मार्फत स्थानीय तहका लागि आ.व. २०७७/२०७८ मा सञ्चालन हुने विषेश तथा समपुरक अनुदान आयोजना प्रस्ताव माग भएकोमा देहाय बमोजिमका आयोजना प्रस्ताव गरि पठाउने निर्णय गरियो ।

(क) <u>विशेष अनुदान आयोजना/कार्यक्रम</u>

१. चामे बजार खानेपानी विस्तार आयोजना
२. चामे फोहोर मैला व्यवस्थापन आयोजना

(ख) <u>समपुरक अनुदान आयोजना/कार्यक्रम</u>

१. चामे सिंगर (कजिनसारा) ताल पदमार्ग एवम् धर्मशाला निर्माण आयोजना
२. कोतो गुम्बा निर्माण आयोजना
३. थानचोक कृषि उपज भण्डारण शीतगृह निर्माण आयोजना

३. नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन र व्यवस्थापन गर्न बजेट रु. १ लाख र ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि-२०७६ पठाएकोमा चामे गाउँपालिकाभित्र कुन स्थानमा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न उपयुक्त हुन्छ, सो सम्बन्धमा ज्येष्ठ नागरिकहरुसँग अन्तरक्रिया गरी आगामि बैठकमा प्रतिवेदन पेश गर्ने गरी सामाजिक विकास समितिका संयोजक श्री आशिष गुरुङलाई जिम्मेवारी दिने निर्णय गरियो ।

४. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंबाट स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन गर्न यस गाउँपालिकाका वडा नं. ३, वडा नं. २ र वडा नं. ५ तोकी आएकोमा ५ र ३ नं. वडा कार्यालयको भवनबाट सेवा सञ्चालन गर्ने, १ नं. वडाको हकमा तिमाडस्थित हाल रहेको वडा क्लिनिकलाई भत्काई टाइप २ बमोजिम भवन निर्माण गरी सेवा सञ्चालन गर्ने र २ नं. वडामा

Scanned with CamScanner

रहेको जीर्ण चामे स्वास्थ्य चौकीलाई भत्काई गाउँपालिकाबाट गत वर्ष तयार गरिएको डीपीआर अनुसार भवन निर्माण गरी स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन, २०७६) का आधारमा सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

५. चामे गाउँपालिकाको वडा नं. ४, नमस्ते गेटस्थित चामे बजार प्रवेशद्वारमा थाङ्का आर्ट पेन्ट गर्ने चामे गाउँपालिकाको बजेट उपशीर्षकको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट रु. ३४,५१,०००।- मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. ६,१८,०००।- र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. २८,३३,०००।- मध्ये नेपाल सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माणमा रु. ३,००,०००।- बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

६. आ.व. २०७६/२०७७ मा चामे गाउँपालिकाभित्र सञ्चालन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगतका विभिन्न योजनाहरु मध्ये चामे गाउँपालिका वडा नं. १, तिमाइको गौरीशंकर आधारभूत विद्यालय होस्टेल निर्माणमा विनियोजित बजेट रु. ५० लाखलाई गाउँपालिकाबाट गत वर्ष तयार गरिएको डीपीआर अनुसार बोलपत्र विधि मार्फत योजना सञ्चालन गर्न प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र बोलपत्र विधिबाट बजेट बचत हुन गएमा बचत हुने रकम बराबरको डीपीआर बमोजिको थप कार्य गराउने निर्णय गरियो ।

७. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १५ बमोजिमको उद्देश्य पूरा गर्न चामे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी चामे गाउँपालिका भित्रका सबै वडामा रहेका बस्तीको समानरुपमा विकास गर्न सामाजिक परिचालनको माध्यमद्वारा सम्पूर्ण जनसमुदायलाई गोलबन्दन गरी समाजमा आई पर्न सक्ने चुनौतीको सामना र अवसरको सदुपयोगका लागि चामे गाउँपालिका सामुदायिक विकास कोष (स्थापना र संचालन) कार्य संचालन निर्देशिका, २०७६ को मस्यौदालाई गाउँ कार्यपालिकाको विधेयक समितिमा व्यापक छलफल भई पारित गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको निर्देशिकालाई निर्देशिकामा भएका व्यवस्थाको अध्ययन एवम् छलफल मार्फत पारित गरी स्वीकृत गर्ने निर्णय गरियो ।

८. चामे गाउँपालिका हिमालपारिको जिल्ला मनाङको जिल्ला सदरमुकाममा अवस्थित गाउँपालिका चारैतिर हिमाल र अग्ला डाँडाले घेरेको, मर्याङ्दी नदी बीचबाट बगेको र खोलानाला बढी भएको हुँदा विपद्का हिसाबले अति नै जोखिममा रहेकोले विपद् व्यवस्थापन गर्न आवश्यक सामग्री अन्तरगतको हिउँ फाल्ने मेशिन खरिद गर्न चामे गाउँपालिकाको बजेट उपशीर्षकको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट मध्यबाट आवश्यक बजेट व्यवस्था गर्ने गरी गाउँ कार्यपालिकाको कार्यालयलाई खरिद प्रकृया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

Scanned with CamScanner

९. उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम अन्तर्गत आयोजना मार्ग भएको हुँदा उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम संचालन कार्यविधि, २०७६ को अधिनमा रही पूर्वाधारहरु निर्माण गर्ने गरी तपशिलका आयोजनाहरु मार्ग गर्ने निर्णय गरियो ।

१. लोकप्रिय मा वि छात्रावास भवन निर्माण योजना

२. सिटिजन बैंक चोक देखि माडा हुँदै जिल्ला प्रहरी कार्यालयसम्मको ढल सहित कालोपत्रे गर्ने योजना

३. थान्चोक स्वास्थ्य चौकी भवन निर्माण योजना ।

१०. जग्गाधनी चामे गाउँपालिकाको नाउँमा चामे गाउँपालिका वडा नं. ४ रहेको कित्ता नं. १६३ मा रहेको ७ रोपनी जग्गामा बसपार्क (फाउण्डेशन तयारी) निर्माण कार्यको लागि चामे गाउँपालिकाको बजेट उपशिर्षकको खर्च शिर्षक ३१५११ भैपरी आउने पूँजिगत खर्चमा विनियोजन भएको बजेट रु. ३१,५१,०००। मा ~~राजश्व बाँडफाँड~~ तर्फ रु. ३,१८,०००। र प्रदेश सरकार समानीकरण अनुदान तर्फ रु. २८,३३,०००। मध्ये प्रदेश सरकार समानीकरण अनुदानमा घटाइ खर्च शिर्षक ३११७१ पूँजिगत सुधार खर्च सार्वजनिक निर्माणमा रु. २०,००,०००।- र नपुग रु. ७,०१,७५७। गत वर्षको बैंक मौज्दात रकम रु. २,१०,७५,२५४।७६ बाट आगामी गाउँसभाबाट पुरक बजेट बाट बजेट विनियोजन गरी बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल फाल्गुन १८ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री वामुदेव थापा (का.वा. वडाध्यक्ष)
६.	सदस्य	-	श्री बुधराम गुरुङ (का.वा. वडाध्यक्ष)
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फूलमाया गुरुङ
११.	सदस्य	-	श्री समिरा गुरुङ
१२.	सदस्य	-	श्री बिन घले
१३.	सदस्य	-	श्री लक्ष्मी वि.क.
१४.	सदस्य सचिव	-	श्री नमनारायण मल्ल

प्रस्तावहरु

१. नेपाल लाइभष्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना सहयोग इकाई, गण्डकी प्रदेश, पोखरालाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

२. चामे गाउँपालिकामा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ सम्बन्धमा ।

३. चामे गाउँ कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत हाल सम्म स.मा.त.सा.प्र.स. बाट आइनपुगेको हुँदा गाउँ कार्यपालिकाको कार्यालयको कर्मचारीहरुले नै योजना/कार्यक्रम/सम्झौता गर्ने सम्बन्धमा ।

४. चामे गाउँपालिका क्षेत्र भित्रको पक्की सडक बस्तीमा बिजुलीको पोल लाइट जडान गर्ने सम्बन्धमा ।

५. गौरी शंकर आधारभूत विद्यालय होस्टल निर्माण सम्बन्धमा ।

६. गाउँ सभाको मिति तय गर्ने सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

१. नेपाल लाइभष्टक सेक्टर इनोभेसन आयोजना हरिहरभवन, ललितपुरले नेपाल लाइभष्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना सहयोग इकाई, गण्डकी प्रदेश, पोखरा मार्फत पशु सेवा केन्द्र निर्माणको लागि जग्गाको विवरण खुल्ने कागजपत्र र चामे गाउँ कार्यपालिकाको निर्णय माग भएको हुँदा जग्गाधनी चामे गाउँपालिकाको नाउँमा चामे गाउँपालिका वडा नं. ४ रहेको कित्ता नं. १६३ मा रहेको ७-०-०-० रोपनी जग्गा मध्येबाट आवश्यक जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

२. चामे गाउँपालिकामा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ सम्बन्धमा यस चामे गाउँपालिका भित्रका १ मा वि र ३ आ वि मा जम्मा विद्यार्थी सख्या र शिक्षक सख्या विद्यार्थीहरुलाइ नेपाली माध्यम र अंग्रेजी माध्यमबाट पढ्ाइ हुने गरेको र तोकिएको शिक्षक सख्याले बालबालिकाहरु लाई गुणस्तरीय शिक्षा प्रदान गर्न गाह्रो हुने हुँदा आवश्यक शिक्षक राख अनुमतिको लागि शिक्षा मन्त्रालय सग अनुरोध गर्ने निर्णय गरियो ।

३. चामे गाउँ कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत हाल सम्म सं.मा.त.सा.प्र.मन्त्रालय बाट आइनपुगेको हुँदा गाउँ कार्यपालिकाको कार्यालयका सिनियर कर्मचारी इन्जिनियर श्री लक्ष्मण गौलीबाट चामे गाउँपालिकाका आ ब ०७६।७७ का योजना/कार्यक्रम/सम्झौता अगाडी बढाउने निर्णय गरियो ।साथै सं.मा.त.सा.प्र.मन्त्रालयमा प्रमुख प्रशासकीय अधिकृत माग गर्न चामे गाउँपालिका अध्यक्षलाई पठाउने निर्णय गरियो ।

४. चामे गाउँपालिका क्षेत्र भित्रको सडक बस्तीमा बिजुलीको पोल लाइट जडान गर्नको लागि अघिल्लो गाउँसभा बाट रु. ३,००,००० । बजेट बिनियोजन गरी सडक बत्ती जडान गरीएकोमा उक्त कार्य अत्यन्तै प्रभावकारी भई तिमाड, थान्चोक, स्याक्र्यु, तलेखु र चामेको नपुग क्षेत्रबाट बिजुली पोल लाइट जडान गर्न माग भएकोले चामे गाउँपालिकामा थप बिजुली पोल लाईट जडान कार्यको लागि चामे गाउँपालिका व.उ.शि. ३१५११ भैपरि आउने पूँजिगत खर्चमा विनियोजन भएको रु. ११,५१,०००। मा ~~मनोज भण्डारी~~ तर्फ रु ३,१८,०००। र प्रदेश सरकार समानिकरण अनुदान तर्फ रु. ८,३३,०००। मध्ये ~~मनोज भण्डारी~~ अनुदानमा घटाई खर्च शिर्षक ३११२२ मा रु.३,१८,०००। बजेट व्यवस्था गर्ने निर्णय गरीयो ।

५. चामे गाउँपालिका वडा नं. १ तिमाडमा गौरी शंकर आधारभूत विद्यालय होस्टल निर्माण कार्यको लागि स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट रु. ५०,००,००० । विनियोजन भएको उक्त बजेट बाट डि.पि.आर. मा उल्लेख भए बमोजिम किचन भवन निर्माण को लागि मात्र रु. ५५,०८,४८८।६३ को प्रविधिक लागत अनुमान निस्किएकोले उक्त गौरी शंकर आधारभूत विद्यालय होस्टेल निर्माण को लागि नपुग रकम चामे गाउँपालिका बजेट शिर्षक को खर्च शिर्षक नं. ३१५११ भैपरी आउने पूँजीगत खर्चमा समानीकरण अनुदान तर्फ विनियोजन भएको बजेट रु. ८,३३,०००। प्रदेश सरकार समानिकरण अनुदानमा घटाइ खर्च शिर्षक नं. ३१११२ मा रु. ५,०८,४८८। बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

६ स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम यस चामे गाउँपालिकाको छिउँदे छैटौं गाउँ सभा मिति २०७६-१२-१५ गते गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल चैत्र ०९ गते आमे गाउँपालिका, माडे कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री बुधराम गुरुङ (का.वा. वडाध्यक्ष)
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फुलमाया गुरुङ
११.	सदस्य	-	श्री समिरा गुरुङ
१२.	सदस्य	-	श्री बिन घले
१३.	सदस्य	-	श्री लक्ष्मी बि.क.
१४.	सदस्य सचिव	-	श्री लक्ष्मण गौली

अमन्त्रीत सदस्यहरु

१. नमनारायण मल्ल लेखा प्रमुख

२. विष्णु प्रसाद अधिकारी खरिदार

प्रस्तावहरु

१. महामारीको रुपमा फैलिएको कोरोना भाईरस सम्बन्धमा ।
२. स्कुल बस खरीदको म्याद थप सम्बन्धमा ।
३. छैटौ गाउँसभाको मिति परिवर्तन सम्बन्धमा ।
४. चोलपत्रहरुको अनुमोदन र स्वीकृती सम्बन्धमा ।
५. गाउपनी शैक्षिक सुधार कार्यविधि २०७६ अनुसारको विद्यालयबाट कार्यक्रम सिफारीस गर्ने सम्बन्धमा ।
६. कर्मचारी पदस्थापन सम्बन्धमा
७. पुरक बजेट तथा कार्यक्रम संसोधन सम्बन्धमा ।
८. कानुनका विधेयक पारित गर्ने सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

१. विश्वमा भयावह स्थिति भई महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसबाट बच्नको लागि २०७६ चैत्र २,३ र ५ गतेको नेपाल सरकारको निर्णयलाई सिरोधार्य गरी यस चामे गाउँपालिकाका सम्पूर्ण महानुभावहरुलाई अत्यावश्यक काम भन्दा बाहिर ननिस्कन, कम्तिमा १५।१५ मिनेटमा साबुन पानीले हात धुने, घर बाहिर निस्कदाँ र समूहमा जाँदा माक्सको प्रयोग गर्ने, साथै भेला, मिटिङग, तालिम, सभा, समारोह, सामाजिक तथा धार्मिक कार्यहरु नगर्न नगराउनु हुन सबै महानुभावहरुमा सूचना मार्फत जानकारी गराउने यस विषम परिस्थितिमा चामे गाउँपालिका र कार्यालयमा जनप्रतिनिधि, सेवाग्राही एवं कर्मचारीहरु लाई प्रवेशको क्रममा मूलगेटमा साबुन पानीले हात धुने व्यवस्था गर्ने, माक्सको प्रयोग गर्ने र सो महामारीबाट बच्न बचाउनको लागि स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी, नेपाल प्रहरी, रेडक्रस, गाउँपालिका, सरकारी कार्यालय, संचारका माध्यमहरु, अस्पताल, विद्यालय आदि परिचालन गरी सबै प्रकृया अवलम्बन गर्ने निर्णय गरियो । विश्वव्यापी रुपमा गम्भिर हुँदै गएकोले आगामी दिनमा पर्न सक्ने संकटलाई सामना गर्न निम्न/तपसिल कार्यमा खरीद कार्य अगाडी बढाउने साथै उक्त कोरोना भाईरसबाट बच्न अत्यावश्क स्वास्थ्यसंग सम्बन्धित सामग्री खरीद गर्न आगामी छैटौं गाउँसभाबाट पुरक बजेट तथा कार्यक्रम संशोधन पारीत हुने गरी गत आवको मौजदात रकमबाट खर्च लेखेने गरी रु ४० लाख विनियोजन गर्ने र तपशिलका सामाग्री तत्काल खरीद गरी वितरण गर्न चामे गाउँ कार्यपालिकाको कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

तपसिल

१. अत्यावश्यक औषधीजन्य बस्तुहरु र उपकरणहरु
२. सर्जिकल फेस मास्क २०००० थान
३. हेण्ड सेसनीटाइजर १०० एम एल बेतल ८०० थान
४. हेण्ड सेसनीटाइजर ५०० एम एल बेतल ५०० थान
५. PPE Kit ३० सेट
६. Infrared Thermometer २ थान
७. किटाणु नासक औषधी Virex २ प्याक
८. किटाणु नासक औषधी Sodyun Hydrocloride १० ग्यालन
९. आधारभूत खाध्यान्न सामाग्री

२. मिति २०७६।७।५ गते राजधानी दैनिक सूचना प्रकाशित भई म्याद भित्र पेश हुन आएका बोलपत्र मध्ये सिप्रदी ट्रेडिङ्ग प्रा.लि. ले पेश गरेको बोलपत्र स्वीकृत भई मिति २०७६।१२।०८ गते सम्पन्न गर्ने गरी मिति २०७६।११।२८ गते विविध कारण देखाउदै ३० दिन म्याद थप्न माग भएकोमा हालको अवश्था लाई मध्यनजर गर्दै म्याद सकिएको मितिबाट लागू हुने गरी १ महिना म्याद थप गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

३. स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम यस चामे गाउँपालिकाको हिउँदे छैटौं गाउँ सभा मिति २०७६-१२-१५ गते गर्ने निर्णय भएकोमा कोरोना महामारीको कारण चामे गाउँपालिकाको हिउँदे छैटौं गाउँ सभा मिति २०७६-१२-२०गते सार्ने निर्णयगरियो ।

४. चामे गाउँपालिकाबाट विभिन्न मितिमा इ विडिडग गरी राष्ट्रिय दैनिकमा प्रकाशित भई मूल्यांकन समितिबाट प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश हुन आएका निम्न बोलपत्र स्वीकृत र अनुमोदन गर्ने निर्णय गरियो ।

स्कुल बस खरीद	रु. ४७,९५,०००।००
ट्याक्टर खरीद	रु. २१,९०,०००।००
सिटीहल निर्माण	रु. २,७७,०३,३७२।२५
मनास्लु भ्यू टावर र आपतकालीन केन्द्र	रु. ११,३७,१६७३।०३
फोहर मैला व्यवस्थापन	रु. ५२,५०,५३०।६०

५. शिक्षा तथा मानव श्रोत विकास केन्द्रले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम परियोजना प्रस्ताव सार्वजनिक विद्यालयहरुलाई पेश गर्ने सम्बन्धि सुचना आव्हान गरिए बमोजिम यस चामे गाउँपालिका भित्रका श्री लोकप्रिय मा. वि. र श्री गौरीशंकर आ. वि. बाट प्राप्त परियोजना सम्बन्धी प्रस्तावहरुको प्राथमिकताको आधारमा तपसिल बमोजिम सिफारिस गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१. खेल मैदान निर्माण र खेल सामग्री व्यवस्थापन रु. २५,००,०००। (लोकप्रिय मा.वि., चामे)
२. विद्यालयमा इन्टरनेट सुविधाको विस्तार र स्मार्ट बोर्डको व्यवस्थापन रु. ५,००,०००। (गौरीशंकर आ.वि., तिमाड)
३. विद्यालयको पुस्तकालय स्थापना र सञ्चालन रु. ३,००,०००। (गौरीशंकर आ.वि., तिमाड)
४. हरित विद्यालय वातावरणिय सुधार एवं विद्यालय रंगरोगन रु. ५,००,०००। (गौरीशंकर आ.वि., तिमाड)
५. खेल मैदान मर्मत संभार तथा खेल सामग्रीको व्यवस्थापन रु. ५,००,०००। (गौरीशंकर आ.वि., तिमाड)

६. यस चामे गाउँपालिकामा कर्मचारी समायोजन ऐन अनुसार राजश्व तथा आर्थिक प्रशासन शाखामा कुनैपनि कर्मचारी समायोजन भै नआएको, जिल्ला समन्वय समितिको कार्यालयबाट आ.ले.प. शाखामा कार्यरत प्रशासन सेवा लेखा समूहका आ.ले.प. अधिकृत (छैटौं) समायोजन ऐन अनुसार समायोजन भई आएकोमा यस गाउँपालिकामा आन्तरीक लेखापरीक्षण इकाईमा आ.ले.प. सहायक पाँचौ तहको दरवन्धी भएको तथा अन्य गाउँपालिकाहरुमा जस्तै यस गाउँपालिकामा पनि आ.ले.प.इकाईमा अधिकृत स्तरको कर्मचारी आवश्यक नभएको, आन्तरीक श्रोत अत्यन्त न्यून रहेको यस गाउँपालिकामा आ.ले.प.इकाई र लेखा शाखामा समेत अधिकृतस्तरको कर्मचारी राख्दा गाउँपालिकाको व्ययभार अनावश्यक रुपमा पढ्ने भएकोलेलेखा र लेखा सफ्टवयर (सूत्र) संचालन सम्वन्धी ज्ञान भएको, आर्थिक प्रशासन सम्वन्धी जिम्मेवारी प्रदान गरी मिति ०७६/०३/११ देखि खाता संचालन गरी आर्थिक प्रशासन सम्वन्धी कामकाज गर्दै आउनु भएका लेखा समूहका कर्मचारी श्री नम नारायण मल्ललाई राजश्व तथा आर्थिक प्रशासन शाखा तर्फ अधिकृत छैटौं लेखा पदमा पदस्थापना गर्ने र आन्तरीक लेखा परीक्षण इकाइमा सहायकस्तर पाचौं तहको कर्मचारी माग गर्ने निर्णय गरीयो ।साथै उक्त निर्णयलाई स्वीकृति तथा अनुमोदनको लागी छैटौं गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

७. विधायन समितिबाट पेश भएका तपशिलका कार्यविधि उपर दफावार छलफल गरी पारीत गर्ने निर्णय गरीयो ।
क- चामे गाउँपालिकाको मर्मत संभारकोष संचालन कार्यविधी - २०७६

Scanned with CamScanner

८ यस वर्ष विगतका वर्षको तुलनामा गाउँपालिका क्षेत्रमा भारी हिउँपात परेको । मौसम प्रतिकूलता तथा कर्मचारी सरुवाका कारण चालु आर्थिक वर्षका कार्यक्रम समयमा नै सुचारु हुन नसकेकोले बाँकी अवधिमा सम्भव हुने कार्यक्रम संचालन गर्न र गत वर्ष वार्षिक हिसाबको सालतमाम गर्दा गत वर्षको मौज्दात जिम्मेवारी सारुपमै रकम यकिन हुन नसकेकाले रकमलाई विनियोजनमा बाँडफाँड गरी चालु गाउँपालिकाको विनियोजन ऐन २०७६ को अनुसूचीहरुमा केही संशोधन गर्नुपर्ने भएकोले संशिशल बर्भोजीमको पूरक बजेट तथा कार्यक्रम संशोधन सम्बन्धी प्रस्ताव छैठौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

सशिशल

चामे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

संघित कोषबाट विनियोजन हुने अनुमानको खर्च शिर्षकगत र श्रोतगत संशोधित विवरण

आर्थिक वर्ष २०७६/७७ पूरक तथा संशोधन बजेट

रकम रु हजारमा

क्र.सं	खर्च संकेत	खर्च शीर्षक	कूल बजेट	राजस्व बाँडफाँड-संघीय सरकार	राजस्व बाँडफाँड-प्रदेश सरकार	नेपाल सरकार-समानिकरण अनुदान	आन्तरिक स्रोत
१	२२१११	पदाधिकारी कर्मचारी	१३२५५	१०५००			२७५५
२	२२१२१	गैरश्रमिक पदाधिकारी/सुविधा	३४००	३४००			०
३	२२१२२	औजार	५४०	४५०			९०
४	२२१२३	स्थानीय भत्ता	४०८	३४००			६०८
५	२२१३२	महंगी भत्ता	८५६	७२०			१३६
६	२२१३३	फिल्ड भत्ता	७००	०			७००
७	२२११४	कर्मचारी बैठक भत्ता	६००	३००	३००		०
८	२२१३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	५००	०			५००
९	२२१३९	अन्य भत्ता	३००	१२५			१७५
१०	२२१४१	पदाधिकारी बैठक भत्ता	१०००	०			१०००
११	२२१४२	पदाधिकारी अन्य सुविधा (सवार)	१००	१००			०
१२	२२१४३	योगदानमा आधारित बीमा कोष	१२०	१२०			०
१३	२२२१४	कर्मचारी कल्याण कोष	२००	२००			०
१४	२२२१९	पानी तथा बिजुली	१००	१००			०
१५	२२२१२	सवार महसुल	४००	४००			०
१६	२२२१५	इन्धन (पदाधिकारी)	५००	५००			०
१७	२२२१२	इन्धन (कार्यालय प्रयोजन)	८००	५००			३००
१८	२२२१३	मसली मालसामान खर्च	१३००	१०००			२००
१९	२२२१४	बिमा तथा नवीकरण खर्च	३००	२२०			८०
२०	२२३१९	मर्मतसम्भार तथा औजार मर्मत सम्भार तथा मसलन्द खर्च	५००	५००			०
२१	२२३१५	मसलन्द तथा कार्यालय सामाग्री	१५००	१०००			५००
२२	२२३१९	इन्धन-अन्य प्रयोजन	३००	२३५	३५		०
२३	२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	१०००	५००			५००

Scanned with CamScanner

२४	२२३१९	अन्य कार्यालय सचालन खर्च	३००	०			३००
२५	२२४१५	सेवा र परामर्श खर्च	५००	०			५००
२६	२२४१२	सूचना प्रणाली तथा सफ्टवेयर सचालन खर्च	५००	५००			०
२७	२२४१३	करार सेवा शुल्क	४०००	४०००			०
२८	२२४१४	सरसफाई सेवा शुल्क	१५०	१५०			०
२९	२२५११	कर्मचारी तालिम खर्च	२००	२००			०
३०	२२५२९	विविध कार्यक्रम खर्च	३००	३००			०
३१	२२६११	अनुगमन, मूल्याकन खर्च	१५००	७००			८००
३२	२२६१२	भ्रमण खर्च	८००	८००			०
३३	२२७११	विविध खर्च	१२००	७००			५००
३४	२२७२९	सभा सचालन खर्च	८००	८००			०
३५	२५३१५	अन्य सहायता	३००	३००			०
३६	२७१११	सामाजिक सुरक्षा	२००	२००			०
३७	२७२११	छात्रवृत्ति	१००	०			१००
३८	२७२१२	उद्धार, राहत तथा पुर्नस्थापना खर्च	१००	१००			०
३९	२८१४२	घर भाडा	५००	५००			०
४०	२८१४३	सवारी साधन तथा मेशिनर औजार भाडा	५००	५००			०
४१	२२५२२	कोजनसारी राल महोत्सव	३००	३००			
४२	२२५२२	कोरानाभाइसर (COVID-19) सचतना कायक्रम	५५	५५			
४३	२२४१९	लड साइन बाड	२००	२००			
४४	२२५२२	वाभन्त्त कानून कायावाध नमाण	३००	३००			
४५	२८९१५	भैपरी आउने चालु खर्च	९५	९५			०
		कूल जम्मा =	४४०७९	३५०००	३३५	०	८७४४

०

(ख) गाउँपालिकाका गौरवका आयोजनाहरु 78433000 66400000 12033000

रकम रु. हजारमा

क.सं.	खर्च संकेत	खर्च शीर्षक	कूल बजेट	नेपाल सरकार-समानिकरण अनुदान	प्रदेश सरकार-समानिकरण अनुदान	राजस्व बाँडफाँड-प्रदेश सरकार	आन्तरिक स्रोत
१	२५३११	लोकप्रिय मा.वि.आवासिय विद्यालय सचालन कार्यक्रम	५५००	५५००			
२	३११५८	चामे गाउँपालिकास्तरीय फोहोर मैला व्यवस्थापन आयोजना	१००००	१००००			

Scanned with CamScanner

३	३११११	आपतकालिन केन्द्रसहितको मनकरलु भ्यू टावर निर्माण योजना	१५९.७०	१५९.७०			
४	३१९३५	स्थानीय आवधिक योजना तर्जुमा कार्यक्रम	१०००	१०००			०
५	३१९३५	चोम क्षमताके निर्माण योजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) तयार कार्यक्रम	९००	९००			
६	३१९३५	संघ र प्रदेश सरकारको समन्वयमा भावल खानी उत्खनन एवं प्रशोधनको सम्भाव्यता अध्ययन	०	०			
७	३१९३५	स्थानीय पर्यटन गुरुयोजना तयार कार्यक्रम	९५०	९५०			
८	३११३५	स्थानीय भू-उपयोग नक्शाङ्कन कार्यक्रम	४५०	४५०			
९	३११११	चोम सिटीहल निर्माण	१००००	१००००			
		जम्मा =	४७३७.०००	४७३७.०००	०		०

(ग) गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमहरु

रकम रु हजारमा

क.सं.	खर्च संकेत	खर्च शीर्षक	कूल बजेट	नेपाल सरकार-समानिकरण अनुदान	प्रदेश सरकार-समानिकरण अनुदान	राजस्व बाँडफाँड-प्रदेश सरकार	आन्तरिक स्रोतको
१	२७२१२	प्रकोप व्यवस्थापन तथा उद्धार कोष	३००	३००			
२	२२५१२	जनप्रतिनिधी एवं कर्मचारीको क्षमता विकास तालिम कार्यक्रम	५००	५००	०	०	०
३	२२५२२	कृषि क्षेत्र विकास तथा बिस्तार कार्यक्रम	५५८२	३५६२	०		१९८०
४	२२५२२	पशु क्षेत्र विकास तथा बिस्तार कार्यक्रम	२२५०	१९००	०		३५०
५	२२५२२	गाउँपालिकास्तरीय सीपमूलक तालिम कार्यक्रम	७००	७००	०	०	०
६	२२५२२	सुदृगैग सम्बन्धी निशुल्क स्वास्थ्य शिविर सञ्चालन	५००	५००	०	०	०
७	२२५२२	गाउँपालिका अध्यक्ष रनिङ शिल्ड प्रतियोगिता	३००	०	३००		
८	३११७१	समपुरक कोष	३०००	३०००			
९	३११७५	ममंत सम्भार कोष	१०००	१०००			
१०	३११३४	गाउँपालिकाको सूचना प्रविधिको लागि कम्प्यूटर सफ्टवेयर तथा सर्भर खरिद कार्यक्रम	१५००	१५००			
११	३११२२	वडा नं. १, २ र ३ का वडा कार्यालयमा नेटवोकिङ्ग र इन्टरनेट सेवा बिस्तार	०		०		
१२	३११२२	मेसीनरी औजार तथा अन्य उपकरण खरिद	५००	५००			
१३	३१९२२	चोमे गाउँपालिकाको मुख्य मुख्य चौकमा बिजुलीको पोल लाईट जडान	३००	३००			
१४	३९९२२	गाउँपालिकाको अति संवेदनशिल क्षेत्रमा सुरक्षा निकायको सहकार्यमा सि.सि.क्यामरा जडान	५००	५००			

Scanned with CamScanner

१५	३११२२	विपद उद्धार सामग्री खरिद	३००	३००			
१६	३११२२	गाउँपालिका भवनमा पावर ब्याकप जडान	५००	०	५००		
१७	३११२२	गाउँपालिका भवनमा कम्प्यूटर नेटवर्किङ्ग लाईन विस्तार	०	०	०		
१८	३११५६	चामे गा.पा.मा खानेपानी व्यवस्थापनका लागि पाईप खरीद कार्यक्रम	५००	५००			
१९	३११११	चामे गाउँपालिकाको लागि फर्निचर तथा फिक्चर्स खर्च	६२९.८३१	६२९.८३१			
२०	३११२१	आवासिय विद्यालयलाई स्कुल बस खरिद	५५००	५५००			
२५	३११५९	एक वडा एक वटा उद्यान केन्द्र निर्माण योजना	०	०			०
२२	२५३११	गौरी शंकर आ.वि.दिवा आवासीय कार्यक्रम	५००	०	५००		
२३	३११३५	स्थानीय एफ.एम.रेडियो सञ्चालनका लागि सम्भाव्यता अध्ययन	१००	१००			
२४	३११३५	स्थानीय विपद व्यवस्थापन प्रतिकार्य योजना तयार र प्रकाशन कार्यक्रम	५००	५००			
२५	३११११	गौरीशंकर आधारभुत विद्यालय होस्टेल निर्माण (स्था.पू.वि.सा.कार्यक्रममा नपुग रकम।	५०८.४८८		५०८.४८८		
२६	३११९२	चामे - सिङ्गर ताल पदमार्ग धर्मशाला निर्माण योजना	१५००		१५००		
२७	३११३५	कजिनसारा ताल महोत्सव	२००	२००			
२८	३११३५	चामे गा.पा.वडा न.१ हाइ अल्टीच्यूट खेल मैदानमा अनुसन्धनात्मक खेलकुद आयोजना कार्यक्रम	४२०	४२०			
२९	३११३५	चामे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भे योजना	१५०	१५०			
३०	३११३५	चामे गाउँपालिकाको समग्र क्षेत्रको वृत्तचित्र निर्माण	४५०		४५०		
३१	३११५१	चामे - सिङ्गर ताल पदमार्ग निर्माण योजना	१५००		१५००		
३२	३११५३	चामे गाउँपालिका थप बिजुली पोल लाइट जडान	३१८	३१८			
३३	३११७१	नमस्ते गेट स्थीत चामे बजार प्रवेशद्वारमा थाङ्का आर्ट योजना	३००	३००			
३४	३११७१	बसपार्क (फाउन्डेसन तयारी। निर्माण योजना	२७०२		२७०२		
३५	३११२२	गाउँपालिकाको सूचना पर्वधिको लागि विद्युतिय नागरीक बडापत्र खरिद कार्यक्रम	५००	५००			
३६	३११२२	गाउँपालिका अन्तर्गतका कार्यालयहरुका लागि विद्यितय हाजीरी खरिद कार्यक्रम	४२५	४२५			
३७	३११६०	गाउँपालिका भवन परीसर माटो पन्छाउने र रिटेनिङवाल निर्माण	१९.७८				१९.७८
३८	३११५३	माडाखोला लघु जलविद्युत निर्माण योजना	५०००				५०००
३९	३११५१	सडक विचमा परेको विद्युत पोल स्थानान्तरण	३००				३००
४०	३११२१	खानेपानी सामाग्री खरीद	५००				५००
४१	३११३५	नयावजार-तिचुंडाल्दा खानेपानी इन्टेक र पाईपलाइन विस्तार योजना	५००		५००		
४२	३११५१	तिमाड गैरीशंकर आ.वि.जाने बाटो ढलान	१७००				१७००
४३	२७२१२	विश्वव्यापी महामारी कोरोनाभाईरस (COVID-19) संक्रमण रोकथाम नियन्त्रणा तथा उपचार पूर्वतयारी कार्यक्रम	४०००				४०००

निर्णय प्रमाणित

Scanned with CamScanner

४८	३९१३५	चामे बजार खानेपानी ढल निर्माण योजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपीपार) तयार कार्यक्रम	१०००.०००	२७५.१६९	२१२.५१२		४१२.३१९
४५	३९१४६	तातोपानी कुण्डमा खानेपानी र चिसोपानी आपूर्ती संरचना निर्माण					१०००
४६	३९१४८	नदी नियन्त्रण कार्यकोलागी ग्याविन तार खरीद योजना			५००.०००		
४७	३९१२२	कम्प्यूटर उपकरण - ल्यापटप दराज खरीद					५००
४८	३९१४६	नयाबजारमा तिनधार ढुङ्गधारा निर्माण योजना					५००
४९	३९५९१	भैपरी आउने फैँचीगत खर्च	५०८४.९३६	०	०		५०८४.९३५८
					०		
		जम्मा =	४६४५८.२५८	२४३८०.०००	९१७३.०००	०	२३४०५.२५८

(घ) वडास्तरीय आयोजनाहरु

वडा नं. १

रकम रु. हजारमा

क.स.	खर्च संकेत	खर्च शीर्षक	कूल बजेट	नेपाल सरकार-समानिकरण अनुदान	प्रदेश सरकार-समानिकरण	राजस्व बाँडफाँड-प्रदेश सरकार	आन्तरिक स्रोतको जनसहभागिता
१	३९१३५	लाटामराङ जाने बाटो सर्भे योजना	०	०	०		
२	३९१४९	पावरहाउस जाने वैकल्पिक बाटो निर्माण	५००	४५०			५०
३	३९१३५	चार्चे जाने बाटो सर्भे योजना	१००		१००		
४	२२२३१	स्याक्र्यूको छाप्तोलेन मर्मत सम्भार योजना	२००		१८०		२०
		जम्मा =	८००	४५०	२८०	०	७०

वडा नं. २

रकम रु. हजारमा

क.स.	खर्च संकेत	खर्च शीर्षक	कूल बजेट	नेपाल सरकार-समानिकरण अनुदान	प्रदेश सरकार-समानिकरण अनुदान	राजस्व बाँडफाँड-प्रदेश सरकार	आन्तरिक स्रोतको जनसहभागिता
१	३९१५८	थानचोक ढल निकास योजना	५००		४००		१००
२	३९१९२	थानचोकमा अन्नबाली संकलन तथा भण्डारण केन्द्र	३००		२४०		६०
		जम्मा =	८००	०	६४०	०	१६०

वडा नं. ३

रकम रु. हजारमा

क.स.	खर्च संकेत	खर्च शीर्षक	कूल बजेट	नेपाल सरकार-समानिकरण अनुदान	प्रदेश सरकार-समानिकरण अनुदान	राजस्व बाँडफाँड-प्रदेश सरकार	आन्तरिक स्रोतको जनसहभागिता
१	३९१९२	कोतो आमा समूहको जग्गामा सार्वजनिक शौचालय निर्माण	०		०		०
२	३९१५८	छितिपुरको ढल निकासा योजना	२००		१६०		४०
		जम्मा =	२००	०	१६०	०	४०

Scanned with CamScanner

वडा नं. ४

रकम रु हजारमा

क.सं.	खर्च संकेत	खर्च शीर्षक	कूल बजेट	नेपाल सरकार-समानिकरण अनुदान	प्रदेश सरकार-समानिकरण अनुदान	राजस्व बाँडफाँड-प्रदेश सरकार	आन्तरिक स्रोतको अपर्याप्तता
१	३१११२	स्थानीय पर्यटन सूचना केन्द्रको पूर्वाधार निर्माण	०	०	०		
	३११५१	चामेको छाथाङ उद्योग ग्राम निर्माण स्थलको बाटो स्तरोन्नती	८००	८००	०		
२	३११५१	रगदल गुल्मेदोखि चियान घरसम्म मोटरबाटो निर्माण योजना	१०००		१०००		०
		जम्मा =	१८००	८००	१०००	०	०

वडा नं. ५

रकम रु हजारमा

क.सं.	खर्च संकेत	खर्च शीर्षक	कूल बजेट	नेपाल सरकार-समानिकरण अनुदान	प्रदेश सरकार-समानिकरण अनुदान	राजस्व बाँडफाँड-प्रदेश सरकार	आन्तरिक स्रोतको अपर्याप्तता
१	३१९३५	अन्नपूर्ण-मनास्लु भ्यू टावर निर्माणको डिपीआर गर्ने	०		०		
२	३१९३५	नानोपानी पदमार्ग सर्वे योजना	२००		२००		
३	३११११	घान्तुङ फोटमा अन्नबाली संकलन तथा भण्डारण केन्द्र	३००		२५०		५०
४	२२२३१	पुरानो चामे गुम्बा प्लाष्टर र रंगरोगन	३००		३००		०
५	२२२३१	तलेखु गुम्बा बायरीङ	४०		४०		१०
		जम्मा =	८४०	०	७८०	०	६०

Scanned with CamScanner

आज मिति २०७६ साल चैत्र १४ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री बुधराम गुरुङ (का.वा. वडाध्यक्ष)
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फूलमाया गुरुङ
११.	सदस्य	-	श्री समिरा गुरुङ
१२.	सदस्य	-	श्री बिन घले
१३.	सदस्य	-	श्री लक्ष्मी वि.क.
१४.	सदस्य सचिव	-	श्री लक्ष्मण गौली

आमन्त्रीत सदस्यहरु

१. नमनारायण मल्ल लेखा प्रमुख

प्रस्तावहरु

१. स्थानीय तह प्रकोप व्यवस्थापन कोष स्थापना गर्ने सम्बन्धमा ।
२. क्वारेन्टाईन मापदण्ड तथा क्वारेन्टाईन निर्माण सम्बन्धमा ।
३. जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकास तालिम कार्यक्रम खर्च सम्बन्धमा ।
४. प्रकोप व्यवस्थापन तथा उद्दार कोष कार्यविधि पारित गर्ने सम्बन्धमा ।
५. हिउँ हटाई मूल सडक बाटो सूचारु गर्ने सम्बन्धमा ।

निर्णय १ मिति २०७६ चैत्र ९ गते बसेको कार्यपालिकाको बैठकबाट छैटौं गाउँ सभा २०७६ चैत्र २० गते सम्पन्न गर्ने तय भई पूरक बजेट तथा कार्यक्रम संशोधन सम्बन्धी प्रस्ताव पारित गर्ने निर्णय भएकोमा कोरोना

Scanned with CamScanner

भाइरस महामारीको कारण देशमा लकडाउन भएकोले गाउँ सभा सम्पन्न हुन नसकने भएकोले उक्त बजेट प्रस्ताव छैटौं गाउँ सभा बाट पारीत गरी खर्च समर्थन हुने गरी विनियोजन भएको बजेटबाट कोषमा बजेट सारी सो बाट कोरोना महामारी रोकथामका लागि अत्यावश्यक स्वास्थ्य सामाग्रीहरु (मास्क, सेनिटाईजर, थर्मोगन, थर्मोमिटर, किटनाशक औषधी) तथा राहत वितरणका लागि खाद्यन्न सामानहरु समेत नियम अनुसार खरीद गर्ने निर्णय गरियो । विगत ०७६ माघ महिनामा प्रमुख प्रशासकिय अधिकृत सरुवा भइ जानु भएको हाल सम्म अर्को प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकामा हाजिर नभइ रिक्त अवस्थामा रही बैंक खाता समेत संचालन नभएकोले खाता संचालन भए पश्चात मात्र भुक्तानी हुने गरि तपसिल बमोजिमका राहत सामानहरु मध्ये चामल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि बाट र अन्य सामान स्थानीय व्यापारी (सप्लायर्स बाट) नियमअनुसार खरीद गर्ने निर्णय गरियो ।

तपसिल

क. चामल

ख. दाल

ग. तेल

घ. चिनि

ड. साबुन

निर्णय २ नेपाल सरकारबाट स्वीकृत क्वारेन्टाईन व्यवस्थापन मापदण्ड, २०७६ बमोजिम यस चामे गाउँपालिका स्थानीय स्तरमा कोरोना भाईरस (COVID-१९) सम्बन्धी क्वारेन्टाईन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ स्वीकृत गरी सोही अनुसार परिधि भित्र रहि लोकप्रिय मा. वि., चामे स्वास्थ्य चौकी र गौरीशंकर आ. वि. मा क्वारेन्टाईन स्थल निर्माण गर्ने निर्णय गरियो । उक्त स्थानहरुमा क्वारेन्टाईन निर्माण गर्दा तोकिएको मापदण्ड बमोजिम आवश्यक पर्ने भौतिक पूर्वाधार, वासस्थान तथा बन्दोवस्तीको व्यवस्था र आर्थिक व्यवस्थापन यस चामे गाउँपालिका मार्फत गर्ने सो को खर्च ग.७.२ स्थानीय तह प्रकोप व्यावस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय ३ चामे गाउँपालिका विनियोजन ऐन, २०७६ को खर्च संकेत नं २२५१२ मा जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास तालिम कार्यक्रम अनुसार नगर विकास प्रशिक्षण केन्द्र, नदिपुरमा २०७६।१०।०५ देखि २०७६।१०।०९ सम्म तालिम कार्यक्रम संचालन भएको । सो तालिम कार्यक्रम अत्यन्त फलदायी तथा व्यावहारीक रहेको ।उक्त कार्यक्रमका लागि रु. ५,००,०००। (अक्षरुपी रु. पाँचलाख) विनियोजन भएकोमा खर्च भएको रु. ३,२९,७२३।-(अक्षरुपी रु तिन लाख उनन्तिस हजार सात सय तेईस) मध्ये विहानै देखि संचालन भएको कार्यक्रमको समयमा सहभागीलाई खाना शिर्षकमा खर्च रु १८,०००।, ईन्धन रु ९,०००। आर्थिक मामिला तथा योजना मन्त्रालय, गण्डकी प्रदेशले तयार गरेको खर्चको मापदण्डमा व्यवस्था नभएको हुँदा उक्त रकम यस गा. पा. बाट मिल्दो शिर्षकमा खर्च जनाउने र कार्यक्रममा खर्च भएको कुल रकम रु. ३,२९,७२३।-(अक्षरुपी रु तिन लाख उनन्तिस हजार सात सय तेईस) लाई समर्थन गर्ने निर्णय गरियो ।

निर्णय ४ प्रकोप व्यवस्थापन तथा उद्दार कोष संचालन कार्यविधि,२०७६ पारित गर्ने निर्णय गरियो ।

निर्णय ५ यहि २०७६ साल पौष/माघ महिनामा परेको भिषण हिमपातले तिमाइ, चामे सडक खण्ड अवरोध हुँदा यातायात र पर्यटकहरु अलपत्र परेको २०७६ साल मंसिर २७ देखि विभिन्न मितिमा परेको भिषण हिमपातले यातायात अवरुद्ध भई मिति २०७६।०९। विपद् व्यवस्थापन समितिको बैठकबाट समेत बाटो खुलाउने निर्णय

Scanned with CamScanner

भए अनुसार स्काभेटरबाट सडकमा जम्मा भएको हिउँ हटाई बाटो सुचारु गर्न लागेको अनुमानित रु. ३,३०,०००।(अक्षरुपी तिन लाख तिस हजार) प्रकोप व्यवस्थापन तथा उद्दार कोषबाट खर्च गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल चैत्र २८ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री बुधराम गुरुङ (का.वा. वडाध्यक्ष)
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फूलमाया गुरुङ
११.	सदस्य	-	श्री समिरा गुरुङ
१२.	सदस्य	-	श्री विन घले
१३.	सदस्य	-	श्री लक्ष्मी वि.क.
१४.	सदस्य सचिव	-	श्री लक्ष्मण गौली

आमन्त्रीत सदस्यहरु

१. नमनारायण मल्ल लेखा प्रमुख

निरीक्षण प्रतिवेदन

प्रस्तावहरु

१. स्थानीय तह प्रकोप व्यवस्थापन कोष बैंक खाता संचालन सम्बन्धमा ।
२. असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ (परिमार्जित नमूना मापदण्ड) र कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।
३. राहत वितरणमा एकद्वार प्रणाली अवलम्बन गर्ने सम्बन्धमा।
४. राहत प्याकेज सम्बन्धमा ।
५. राहत प्राप्त गर्नेको संख्या यकिन गर्ने सम्बन्धमा ।
६. राहत सामग्रीहरुको लागि प्रस्तावदाता छनौट गर्ने सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

१. कोरोना भाईरस संक्रमण रोगथाम नियन्त्रण तथा उपचार र राहत वितरण गर्न स्थापना भएको कोष परिचालनको लागि नेपाल बैंक लिमिटेड, चामे शाखामा ग.उ स्थानीय तह आकस्मिक कोष खाता अन्तर्गत ग.उ.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता खोल्ने निर्णय गरियो ।

२. चामे गाउँपालिका भित्र असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६ (परिमार्जित मापदण्ड) स्वीकृत गर्ने निर्णय गरियो ।

३. यस गाउँपालिका भित्र एकद्वार प्रणाली अवलम्बन गरी राहत वितरण गर्ने निर्णय गरियो । यस गाउँपालिकामा सहयोग गर्न गैरसरकारी क्षेत्र, सामाजिक संघ संस्था, व्यापारी, अन्य व्यक्ति लगायतहरुलाई नगद, खाद्यान्न तथा औषधीजन्य वस्तु सहयोग गर्न आव्हान गर्ने निर्णय गरियो

४. राहत प्याकेज अन्तरगत परिवारका प्रति व्यक्ति सबै सदस्यहरुलाई चामल १० के.जी. दरले र अन्य राहत सामग्रीहरु मध्ये दाल २ के. जी., खाने तेल २ लि., चिनि २ के. जी. र साबुन २ वटा वितरण गर्ने र परिवार संख्या २ जनासम्म भए माथी उल्लेखित राहत प्याकेजको चामल बाहेक सबै सामग्री आधा र २ भन्दा बढी परिवार संख्या भए पुरै राहत सामग्रीलाई एक प्याकेज मानी वितरण गर्ने निर्णय गरियो ।

५. वडागतरुपमा राहत वितरण गर्न वडाबाट २०७६ चैत्र २८ गते सम्म सकलित निम्नानुसारका अनुमानीत संख्याका लक्षीत वर्गहरुलाइ राहत वितरण गर्न प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

सि. नं.	स्थानीय तह र वडा नं.	अनुमानीत राहत प्राप्त गर्ने व्यक्ति/ परिवार संख्या			कैफियत
		घरधुरी संख्या	राहत प्राप्त गर्ने परिवार संख्या		
			आधा प्याकेज	एक प्याकेज	
१	चामे गाउँपालिका - १	३५	१०	२५	
२	चामे गाउँपालिका - २	३०	१०	२०	
३	चामे गाउँपालिका - ३	४५	१०	३५	
४	चामे गाउँपालिका - ४	५५	१०	४५	
५	चामे गाउँपालिका - ५	४०	१०	३०	
जम्मा		१००	५०	१५५	

६. विश्वव्यापी रुपमा फैलिरहेको नोभल कोरोना भाईरस महामारीको रोकथाम तथा नियन्त्रणका लागि मिति २०७६ चैत्र ११ देखि नेपाल सरकारले लकडाउन घोषणा गरेको कारण यस गाउँपालिका भित्रका असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६ (परिमार्जित मापदण्ड) को दफा २ बमोजिम परिभाषित हुने दफा ३ बमोजिमका श्रमिक वर्ग र असहायहरु (दैनिक ज्याला मजदुरी गरी गुजारा चलाउने, दैनिक उपभोग्य सामग्री जुटाउन असमर्थ र हातमुख जोड्न गाह्रो हुने समुदाय) लाई अत्यावश्यक दैनिक खाद्य सामग्री खरीद गरी वितरण गर्ने व्यवस्थाको लागि राहत सामग्री खरीद गर्न स्थानीय स्तरमा सूचना प्रकाशित गरी प्रतिस्प्रर्धाका आधारमा विधमान फर्म/सप्लायर्सबाट पेश हुन आएका मध्ये सबैभन्दा कम दररेट पेश गर्ने फर्म/सप्लायर्स छनौट गरी दाल, चिनि, तेल र साबुन उक्त सप्लायर्स बाट खरिद गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल वैशाख ४ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री बुधराम गुरुङ (का.बा. वडाध्यक्ष)
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फूलमाया गुरुङ
११.	सदस्य	-	श्री सगिरा गुरुङ
१२.	सदस्य	-	श्री बिन घले
१३.	सदस्य	-	श्री लक्ष्मी वि.क.
१४.	सदस्य सचिव	-	श्री लक्ष्मण गौली

आमन्त्रीत सदस्यहरु

१. नमनारायण मल्ल लेखा प्रमुख
२. विष्णु प्रसाद अधिकारी

प्रस्तावहरु

१. राहत सामग्रीहरुको मूल्य यकिन गरी प्रकोप व्यवस्थापन कोषबाट रकम परिचालन गर्ने सम्बन्धमा ।
२. कोरोना महामारी नियन्त्रण कार्यका लागि औषधी तथा सर्जिकल उपकरणहरुको खर्च रकम सम्बन्धमा ।
३. सार्वजनीक विद्यालयका बालीकालाई निशुल्क सेनेटरी प्याड वितरण खर्च सम्बन्धमा ।
४. सडक बत्ती जडान कार्य खर्च बिल सम्बन्धमा।
५. कृषि क्षेत्र विकास तथा विस्तार कार्यक्रम सम्बन्धमा ।
६. पशु क्षेत्र विकास तथा विस्तार कार्यक्रम सम्बन्धमा ।
७. कोरोना भाईरस महामारी सम्बन्धमा ।
८. खाध्यान्न खरीद तथा भण्डारण सम्बन्धमा ।
९. कोरोना महामारी नियन्त्रण सम्मबन्धी सचेतना तथा अभिमुखिकरण कार्यक्रम र सो सम्बन्धि सामग्रीहरु वितरण सम्बन्धमा ।

निर्णयहरु

Scanned with CamScanner

१. चामे गाउँपालिका भित्र असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ (परिमार्जित मापदण्ड) चामे गाउँ कार्यपालिकाले स्वीकृत गरी राहत वितरण कार्य पहिलो चरण सम्पन्न गरी सकेको हुँदा हालसम्म राहत वितरण भएको तपसिल बमोजिमको खर्च ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने गरी समर्थन गरियो ।

तपसिल

क सं	राहत सामग्रीको नाम	खर्च भएको परिमाण	दर	जम्मा	कैफियत
१	चामल	३६९० के. जी.	४२.३०	१,७७,६७०।००	खाद्य व्यवस्था तथा व्यापार क.लि.
२	दाल	२६५ के. जी.	१३५	३५३७०।००	सार्थक सप्लायर्स, चामे
३	तेल	२६५ के. जी.	१८०	४७१६०।००	
४	चीनी	२६५ के. जी.	९५	२४८९०।००	
५	साबुन	२६५ वटा	४५	११७९०।००	
जम्मा				२९६८८०।००	

२. कोरोना भाईरस संक्रमण रोगथाम नियन्त्रण तथा उपचार र राहत वितरणका लागि ग.७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट औषधी तथा सर्जिकल उपकरण सामाग्रीहरु (मास्क, सेनिटाईजर, थर्मोगन, थर्मोमिटर, किटनासक औषधी आदी) खरीद गर्दा भएको खर्च रु. १०,४५,६६३.७५ (अक्षरुपी रु. दश लाख पैचालीस हजार छ सय त्रिसट्टी रुपैयाँ पचहत्तर पैसा) रुपैया श्री सयपत्री सप्लायर्स, चामे लगायत ३ वटा फर्महरु बाट भएको खर्च समर्थन गर्ने निर्णय गरियो ।

३. सामुदायिक विद्यालयका बालीकालाई निशुल्क सेनेटरी प्याड वितरण कार्यक्रममा खर्च भएको रु. ५५,९७२।- (अक्षरुपी रु पचपन्न हजार नौ सय बहत्तर) रुपैया श्री युनाईटेड ट्रेड कन्सर्न, काठमाण्डौ को बिल लाई समर्थन गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिका विनियोजन ऐन, २०७६ मा गाउँपालिका स्तरीय कार्यक्रम तथा आयोजनाहरु मध्ये खर्च संकेत नं ३११२२ चामे गाउँपालिकाको मुख्य मुख्य चोकमा बिजुली पोल लाईट कार्यक्रममा बिनियोजन भएको रकम मध्ये खर्च भएको रु. २,५१,३१२।- (अक्षरुपी रु दुई लाख एकाउन्न हजार तिन सय बाह) रुपैयाँ खर्च श्री सगरमाथा लाईट सेन्टर, काठमाण्डौको बिललाई भुक्तान गर्न समर्थन गर्ने निर्णय गरियो ।

५. चामे गाउँपालिका विनियोजन ऐन, २०७६ मा गाउँपालिका स्तरीय कार्यक्रम तथा आयोजनाहरु मध्ये खर्च संकेत नं २२५२२ मा कृषि क्षेत्र विकास तथा विस्तार कार्यक्रम मध्येको बेमौसमी तरकारी बिउ वितरण कार्यक्रममा विनियोजित रकम मध्येबाट रु ४७,२५०।- (अक्षरुपी रु सतचालीस हजार दुई सय पचास) र खर्च संकेत नं २२५२२ मा कृषि क्षेत्र विकास तथा विस्तार कार्यक्रम मध्येको तरकारी मिनी किट वितरण कार्यक्रममा विनियोजित रकम मध्येबाट रु २४,९९५।- (अक्षरुपी रु चौबीस हजार नौ सय पन्चानब्बे) खर्च भएको श्री नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, काठमाण्डौको २ थान बिलको खर्च समर्थन गर्ने निर्णय गरियो ।

६. चामे गाउँपालिका विनियोजन ऐन, २०७६ मा गाउँपालिका स्तरीय कार्यक्रम तथा आयोजनाहरु मध्ये खर्च संकेत नं २२५२२ मा पशु क्षेत्र विकास तथा विस्तार कार्यक्रम मध्येको घाँसको बिउ वितरण कार्यक्रममा विनियोजित रकम मध्येबाट रु ८४,५००।- (अक्षरुपी रु चैरासी हजार पाँच सय) श्री सहज एग्रो ट्रेडर्स, चितवनको बिलको खर्च बराबरको रकम समर्थन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

७. गत डिसम्बर महिनामा चीनको वुहान क्षेत्रबाट फैलिएको कोरना भाईरस (कोभिड-१९) ले विश्वभरी महामारीको रुपलिई आजका मितिसम्म २८ लाख ७१ हजार संक्रमित भई हालसम्म करीब २ लाख मानिसको मृत्यु भैसकेको र नेपालको सन्दर्भमा समेत ४९ जनामा संक्रमित भै सकेकोले सो महामारीबाट बच्न सरकारले घोषणा गरेको बन्दाबन्दी (लकडाउन) लाई यस गाउँपालिकामा समेत पूर्ण पालना गर्ने, जनतालाई सो रोगबाट संक्रमित हुनबाट बच्न र रोकथामका लागि सचेतना सम्बन्धी कार्यक्रमलाई वडास्तरबाट अझ प्रभावकारी उपायहरु अवलम्बन गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

८. लकडाउनका कारण चामे गाउँपालिका भित्रका स्थानीय विपन्न नागरीकहरु, पैसा भएर पनि खाध्यान्न खरिद गरी खान नसक्नेहरु र श्रमिक तथा मजदुरहरुलाई भविष्यमा हुनसक्ने खाध्यान्न संकटबाट बचाउन आवश्यक खाध्यान्न संकलन गरी भण्डार गर्न सो अध्ययन गरी खरीद कार्य अगाडी बढाउन चामे गाउँपालिका उपाध्यक्ष श्री मुनिन्द्रजंग गुरुङको संयोजकत्वमा देहाय बमोजिमका सदस्यहरु रहने गरी खाध्यान्न खरीद भण्डार गर्न अवश्यक अध्ययन गर्न समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री मुनिन्द्रजंग गुरुङ
सदस्य श्री आशिष गुरुङ
सदस्य श्री राजु लामा
सदस्य श्री आशकुमारी गुरुङ
सदस्य श्री फुलमाया गुरुङ
सदस्य श्री लिलबहादुर गुरुङ

९. कोरोना महामारी नियन्त्रण सम्मबन्धी सचेतना तथा अभिमुखिकरण कार्यक्रम र कोरोना नियन्त्रण तथा पूर्वतयारीका लागि सामग्रीहरु स्थानीय तह भित्र वितरण भएको हुँदा सो कार्यक्रममा भएको खर्च सबै ग ७.२ स्थानीय प्रकोप व्यवस्थापन कोषबाट खर्च समर्थन गर्ने निर्णय गरियो ।

१०. चामे गाउँपालिकाको छैटौं गाउँसभा मिति २०७७।०१।०५ गते गर्ने निर्णय गरियो ।

११. कोतो पहिरोमा चामे गाउँपालिकाका प्रतिनिधिहरु कर्मचारीहरु जिल्ला स्थित कार्यालयका कर्मचारीहरु सुरक्षा निकायहरुको सहयोगमा वृक्षारोपण गर्ने र सो सम्बन्धी लाग्ने खर्च संकेत नं २२७११ विविध खर्च शिर्षकबाट बजेट समर्थन गर्ने निर्णय गरियो ।

१२. चामे गाउँपालिका क्षेत्र भित्रको फोहर मैला व्यवस्थापनको लागि फोहोर मैला ढुवानी गर्नको लागि प्रयोग हुने ट्याक्टर संचालनको लागि अत्यावश्यक ईन्धन खर्च संकेत नं. ३११५८ चामे गाउँपालिकास्तरीय फोहोर मैला व्यवस्थापन आयोजना कार्यक्रममा विनियोजन भएको रकमबाट खरीद गर्न निर्णय गरियो ।

१३. चामे गाउँपालिका वडा नं. १ मा गत आ.व. ०७५।७६ को तिमाङ बजार देखि गौरी शंकर विद्यालयसम्म सडक सोलिड, ढलान, नाली निर्माण योजनामा रु. ५६,००,०००। विनियोजन भई काम सम्पन्न हुन नसकेको हुँदा म.ले.प. ले काम सम्पन्न हुन नसकेको र बेरुजु भएको/देखाएको कारण के भएको हो, सो सम्बन्धी छानविन गर्न र कारवाहीको व्यहोरा पेश गर्न चामे गाउँपालिकाको पूर्वाधार विकास समितिले छानविन गर्ने सो छानविन गर्न जनप्रतिनिधी तथा कर्मचारी आवश्यक भएमा परिचालन गरी गाउँ कार्यपालिकाको आगामी बैठकमा पेश गर्ने । हाल अधुरो उक्त योजना रड हुड्ना ओछ्याएर सोलिड गरी छोडेकोले पशु चौपाया लगायत मानिसहरु हिडडुल गर्दा घाइते हुने हुँदा हाल उक्त रडहरु छोप्न ढलान गर्न अनुमानीत लाग्ने खर्च रु. १७,००,०००। (अक्षरुपी रु. सत्र लाख) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल जेष्ठ ३० गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोप्साङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फूलमाया गुरुङ
११.	सदस्य	-	श्री समिरा गुरुङ
१२.	सदस्य	-	श्री बिन घले
१३.	सदस्य	-	श्री लक्ष्मी वि.क.
१४.	सदस्य सचिव	-	श्री नर बहादुर चन्द

आमन्त्रीत सदस्यहरु

१. ई.लक्ष्मण गौली योजना शाखा प्रमुख
२. नमनारायण मल्ल लेखा प्रमुख
३. लिल बहादुर गुरुङ जिन्सि

प्रस्तावहरु

१. आर्थिक वर्ष ०७६।०७७ मा उपभोक्ता समितिबाट संचालित विकास निर्माण योजना कार्यक्रम सम्बन्धमा ।
२. आर्थिक वर्ष ०७६।०७७ को ठेक्का सम्झौता भएका आयोजनाहरुको सम्बन्धमा ।
३. आर्थिक वर्ष ०७६।०७७ मा सम्पन्न भएका कार्यक्रमको जाँच पास / फरफारक सम्बन्धमा ।
४. क्वारेन्टाईन संचालन व्यवस्थापन सम्बन्धमा ।
५. पूर्वाधार समितिको प्रतिवेदन सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

१. प्रस्ताव नं. १ मा छलफल गर्दा चालु आ.व. ०७६।०७७ मा संचालित साना तथा मध्यम खालका उपभोक्ता समिति सँग सम्झौता भई संचालनमा रहेका निम्न आयोजनाहरु तोकिएको समयमा तोकिएको गुणस्तर र परिमाण अनुसार सम्पन्न गर्न सबै सदस्यहरुले आ-आफ्नो कार्य क्षेत्र वाट सक्रिय भुमिका गर्ने निर्णय गरियो ।

तपशिल

क्र. सं.	योजनाको नाम	ठेगाना	वजेट	योजना शुरु हुने मिति	योजना सम्पन्न मिति	प्रगति
१.	पावर हाउस जाने वैकल्पिक वाटो	चामे १	५०००००	२०७७।०१।२४	२०७७।०३।१५	६०%
२.	तिमाङ आमासमूह भवन जाने सिढी निर्माण	चामे १	१०००००	२०७७।०१।२४	२०७७।०३।१५	०%
३.	स्यारर्क्यू छयोर्तेन मर्मत सम्भार	चामे १	२०००००	०७७।०१।२९	२०७७।०३।१५	५०%
४.	तिमाङ झुलुङगे पुल मर्मत	चामे १	१५०००००	०७७।०१।२९	२०७७।०३।१५	१००%
५.	तिमाङ खेलकुद मैदान निर्माण	चामे १	१००००००	२०७७।०१।३०	२०७७।०३।१५	०%
६.	थान्चोक डाँडा गाउँ जाने वाटो सिंढी निर्माण	चामे २	१०००००	२०७७।०१।२३	२०७७।०३।१५	८०%
७.	थान्चोक ढल निकास	चामे २	५०००००	२०७६।०८।०९	२०७७।०९।१५	१००%
८.	थान्चोक गाउँको खेतमा तारवार	चामे २	११७५०००	२०७७।०१।२९	२०७७।०३।१५	६०%
९.	थान्चोक चिहान घाट जाने सिंढी निर्माण	चामे २	१०००००	२०७७।०१।२३	२०७७।०३।१५	१००%
१०.	कोतो सार्वजानिक शौचालय निर्माण	चामे ३	११७५०००	२०७७।०१।२२	२०७७।०३।१५	७०%
११.	छितिपुर ढल निकास	चामे ३	२०००००	२०७६।१२।१०	२०७७।०३।१५	०%
१२.	तमु आमा समूह भवन निर्माण	चामे ४	१५०००००	२०७७।०१।२९	२०७७।०३।१५	६०%
१३.	चामे आमासमूह भवन थप १ तला निर्माण	चामे ४	१५०००००	२०७७।०१।३०	२०७७।०३।१५	४०%
१४	लोक प्रिय मा.वि. कक्षा कोठा प्लाडकीड निर्माण	चामे ४	१००००००	२०७७।०२।०८	२०७७।०३।१५	२५%
१५.	चामे सिंगर ताल पदमार्ग धर्मशाला निर्माण	चामे ४	१५०००००	२०७७।०१।३०	२०७७।०३।१५	४०%
१६.	पुरानो चामे गुम्वा प्लाप्टर र रंगरोगन	चामे ५	३०००००	२०७७।०२।०२	२०७७।०३।१५	८०%
१७.	गौरी शंकर जाने वाटो ढलान	चामे १	१७०००००	२०७७।०२।१५	२०७७।०३।१५	४०%
१८	थान्चोक प्रजन्मालो संकुलतथा अध्ययन केन्द्र	चामे २	३००२१६।-		२०७७।०३।१८	१००%

Scanned with CamScanner

२. प्रस्ताव नं. २ मा छलफल गर्दा चालु आ.व. ०७६।०७७ मा ठेक्का सम्झौता भएका निम्न विकास निर्माणका आयोजनाहरुलाई तोकिएको समयमा कार्य सम्पन्न हुने गरी गरीएको सम्झौता र ठेक्का अंकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

क्र. स.	योजनाको नाम	स्थान	लागत इष्टमेट	व्यावसायीको नाम	कबोल अंक(व्याट सहित)	संझौता मिति	योजना शुरु मिति	सम्पन्न गर्नुपर्ने मिति
१.	तिमाङ हेल्थ कियर सेन्टर निर्माण	तिमाङ	३७५५७८७.५६	ग्याल्सुन्दो कन्स्ट्रकसन सप्लायर्स कम्पनी	२५०१५८४.२८	२०७७/०२/११	२०७७/०२/१२	२०७७/०३/१९
२.	कोतो हेल्थ पोष्ट निर्माण	कोतो	३७५५७८७.५६	ग्याल्सुन्दो कन्स्ट्रकसन सप्लायर्स कम्पनी	३७४९७८७.८७	२०७७/०२/२७	२०७७/०२/२७	२०७७/०३/१९
३.	मनाशुल भ्यू टावर निर्माण	विधुत पोखरी	१३७०६१३९.६४	सन्तोष निर्माण सेवा	११३७१६७३.०३	२०७६/११/२९	२०७६/११/३०	२०७७/११/१९
४.	चामे सिटी हल निर्माण	नमस्ते गेट	३६०६७६४७.९८	पराजुली कन्स्ट्रकसन प्रा.लि	२७७०३३७२.२५	२०७६/११/२९	२०७६/११/३०	२०७७/११/१९
५.	चामे बस पार्क निर्माण	नमस्ते गेट	२७०१७५७.४२	ग्याल्सुन्दो कन्स्ट्रकसन सप्लायर्स कम्पनी	१९९०६०८	२०७७/०२/२८	२०७७/०२/२९	२०७७/०३/१९
६.	गौरी शंकर आ.वि. हेस्टेल निर्माण	तिमाङ	५५०८४८८.६२	के.वि गुरुङ	३४९५७६५.२३	२०७७/०२/११	२०७७/०२/१२	२०७७/०३/१९
७.	फोहर मैला व्यवस्थापन केन्द्र	छारा थाङग	७४८६५२६.३४	सन्तोष निर्माण सेवा	५२५०५३०.६०	२०७६/११/२९	२०७६/११/३०	२०७७/०३/१९
८.	गाउँपालिका परिषरमा सफा गर्ने र रिटेनिङ्ड वाल निर्माण कार्य	नर्या वजार	१९७७७४८.४६	स्वस्तिक इन्टरनेशनल ट्रेड एण्ड कन्स्ट्रकसन क.लि.	१२२२१४८.५५	२०७७/०२/२५	२०७७/०२/२६	२०७७/०३/१२
९	आपतकालिन खरिद भण्डार कार्य	नर्या वजार	२५३१७७७.६	सार्थक सप्लायर्स चामे, मनाङ	२४१८८६०	२०७७/०२/२२	२०७७/०२/२२	२०७७/०२/३०

३. प्रस्ताव नं. ३ मा छलफल गर्दा चालु आ.व.मा संञ्चालित रहेका देहायका योजना तथा कार्यक्रमहरु भएको खर्चको जाँच पास तथा फरफारक गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

<u>चालु तर्फ</u>

क्र.सं.	खर्च शिर्षक	रकम
१	५०% अनुपातमा लसुन खेति विस्तार कार्यक्रम	१,६०,०००।-
२	तरकारी मिनिकिट वितरण कार्यक्रम	२४,९९५।-
३	वेमौसमी तरकारी विउ कार्यक्रम	४९,२५०।-
४	घासको विउ वितरण कार्यक्रम	८१,७५०।-
५	तलेखु गुम्बा वायरीङ	४९,८६०।-
६	जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास तालिम कार्यक्रम	३,०२,३०३।-

Scanned with CamScanner

पुजिगत तर्फ

क्र.सं.	खर्च शिर्षक	रकम
१	थानचोक चिहान घाट जाने बाटो सिढि निर्माण योजना	१,००,०००।-
२	पारी चामे ढल मर्मत योजना	५०,०००।-
३	चामे गाउँपालिकामा थप विजुली पोल लाइट जडान	३,१८,०००।-
४	नमस्ते गेट स्थित चामे बजार प्रवेश द्वारमा थाङ्का आर्ट योजना	३,८४,७२९।२९
५	विपद उद्धार सामाग्री खरीद	३,००,०००।-
६	थानचोक ढल निकास योजना	५,००,०००।-

४. प्रस्ताव नं. ४ मा छलफल गर्दा कोभिड-१९ रोकथाम गर्न लोकप्रिय मा.वि. चामे-४ मा सञ्चालित क्वारेन्टाईनको संञ्चालन तथा व्यवस्थापनमा भएको खर्चको अनुमोदन गर्ने निर्णय गरीयो ।

५. प्रस्ताव नं. ५ मा छलफल गर्दा गत आ.व. ०७५।०७६ को गाउँपालिका स्तरीय गौरवको आयोजनाको रुपमा रहेको तिमाङ बजार देखि खेल मैदान हुदै गौरी शंकर मा.वि. सम्मको सडक सोलिङ ढलान र नालि निर्माण योजना सम्बन्धमा मलेपको डोरले निरिक्षण गरी लेखारिक्षण प्रतिवेदनमा तोकिएको काम सम्पन्न नभएको भनि बेरुजु औलाएको विषयमा छानविन गर्न गाउँपालिकाको मिति २०७७।०१।०४ को निर्णयले छानविन गरी प्रतिवेदन पेश गर्न पूर्वाधार समितिका संयोजक श्री विन घले को अध्यक्षतामा गठित समितिले मिति २०७७।०१।२५ गते सम्बन्धीत आयोजना स्थलको निरिक्षण गरी देखिएका विषयमा तिमाङ वासी बुद्धिजिवि, जनप्रतिनिधी समेतको उपस्थितिमा छलफल भेला गरी पेश गरेको ७ बुदे प्रतिवेदनमा बुदा नं. ३ को बुदा विदादित भएकाले सो हटाई बाकी कार्यान्वयन गर्ने गरी अनुमोदन गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner

आज मिति २०७७ साल अषाढ ५ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोप्साङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फूलमाया गुरुङ
११.	सदस्य	-	श्री समिरा गुरुङ
१२.	सदस्य	-	श्री बिन घले
१३.	सदस्य	-	श्री लक्ष्मी वि.क.
१४.	सदस्य सचिव	-	श्री नर बहादुर चन्द

आमन्त्रीत सदस्यहरु

१. ई.लक्ष्मण गौली योजना शाखा प्रमुख
२. नमनारायण मल्ल लेखा प्रमुख
३. दिपेन्द्र गोदार सूचना प्रविधि शाखा
४. इन्द्र जंग गुरुङ शिक्षा शाखा
५. लिल बहादुर गुरुङ जिन्सि शाखा
६. शुशिला गुरुङ स.कम्प्युटर अपरेटर

प्रस्तावहरु

१. आर्थिक वर्ष ०७७।०७८ को नीति तथा कार्यक्रम सम्वन्धमा ।
२. आर्थिक वर्ष ०७७।०७८ को नीति तथा कार्यक्रममा समावेश योजनाहरुको विषयगत छनोट सम्वन्धमा ।
३. आर्थिक वर्ष ०७७।०७८ को नीति तथा कार्यक्रम सभामा पेश गर्ने सम्वन्धमा ।

Scanned with CamScanner

४. जि.स.स. बाट प्राप्त खानेपानी योजना सम्बन्धमा ।
५. थानचोक अन्न बालि संकलन तथा भण्डारण केन्द्रमा अपुग रकम सम्बन्धमा ।
६. लेखा परीक्षक छनोट सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामि आ.व. ०७७।०७८ को चामे गाउँपालिकाको नीति तथा कार्यक्रम विषयगत समिति वाट छलफल भई पारित पश्चात मिति २०७७ अषाढ ८ गते सोमवार विहानको ११ वजे सभामा पेश गर्ने निर्णय गरीयो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामि आ.व. ०७७।०७८ को चामे गाउँपालिकाको नीति तथा कार्यक्रम सम्बन्धमा विभिन्न विषयगत समिति वाट छलफल भई पारित भएका कार्यक्रमहरु सभामा पेश गर्ने निर्णय गरीयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामि आ.व. ०७७।०७८ को चामे गाउँपालिकाको नीति तथा कार्यक्रम यहि मिति २०७७ अषाढ ८ गते विहान ११ बजे चामे गाउँपालिका गाउँ कार्यापालिका सभामा पेश गर्ने निर्णय गरीयो ।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको सभा वाट पारीत भई यस चामे गाउँपालिकाको लागि प्राप्त हुन आएका खानेपानी निम्न योजना तथा कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

   निम्न

   क. स्यार्कु खानेपानी योजना रु.२०,००,०००।-
   ख. लमजुङ वेस क्याम्पमा खानेपानी निर्माण योजना रु. ५,००,०००।-
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा थानचोक अन्न बालि संकलन तथा भण्डारण केन्द्रमा यस आ.व.मा विनियोजन भएको रु.३,००,०००।– रकम अपुग भएकोमा उक्त योजना सम्पन्न गर्न प्राविधिक नाप जाँचको आधारमा अपुग हुने रकम थप गर्ने निर्णय गरीयो ।
६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा पालिकावाट प्रकाशित सूचना अनुशार सार्वजनिक विद्यालयहरुको आ.व. ०७५।०७६ को लेखा परीक्षण गर्न रजिष्टर्ड अडिटर श्री आइ.सि.ए.एण्ड एसोसिएट्स, ले.प. ईश्वरी चन्द्र अधिकारी (स्थायी लेखा नं. ३००९२८३२१) तारकेश्वर-१०, काठमाण्डौं लाई छनोट गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner

आज मिति २०७७ साल आषाढ ३० गते बिहान ८ बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोप्साङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फूलमाया गुरुङ
११.	सदस्य	-	श्री समिरा गुरुङ
१२.	सदस्य	-	श्री बिन घले
१३.	सदस्य	-	श्री लक्ष्मी वि.क.
१४.	सदस्य सचिव	-	श्री नर बहादुर चन्द

आमन्त्रीत सदस्यहरु

१. ई.लक्ष्मण गौली योजना शाखा प्रमुख
२. नमनारायण मल्ल लेखा प्रमुख
३. दिपेन्द्र गोदार सूचना प्रविधि अधिकृत
४. लिल बहादुर गुरुङ जिन्सि
५. विष्णु प्रसाद अधिकारी प्रशासन शाखा

प्रस्तावहरु

१. आर्थिक वर्ष ०७६।०७७ मा उपभोक्ता समितिबाट संचालित विकास निर्माण योजनाहरुको अनुमोदन सम्बन्धमा ।
२. आ.व. ०७६।०७७ मा ठेक्का सम्झौता भई कार्य सम्पन्न भएका विकास निर्माणका आयोजनाहरुमा भएको खर्च रकम तथा सम्पन्न हुन बाकी निर्माणाधीन आयोजनालाई दिईने पेश्की रकम सम्बन्धमा ।

Scanned with CamScanner

३. आर्थिक वर्ष ०७६।०७७ को ठेक्का सम्झौता भई निर्माण सम्पन्न हुन बाकी आयोजनाहरुको म्याद थप सम्बन्धमा ।

४. आर्थिक वर्ष ०७६।०७७ मा सम्पन्न भएका कार्यक्रमहरुको जाँच पास तथा फरफारक सम्बन्धमा ।

५. तातोपानी कुण्ड संरक्षण, कृषि तथा पशु प्रोसान अनुदान, आवासीय विधालय संचालन र जग्गा प्राप्ति तथा घर मुआब्जा सम्बन्धी, अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, साविक स्थानीय निकायका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा सम्बन्धी मापदण्ड, कार्यविधि स्वीकृत सम्बन्धमा ।

६. कार्य सम्पादन मुल्याङ्कन फाराम अनुमोदन सम्बन्धमा ।

७. पालिकाकको ट्याक्टरको ढाला काट्ने सम्बन्धमा ।

८. तातोपानी कुण्ड संचालन सम्झौता सम्बन्धमा ।

९. स्कुलबस हस्तान्तरण सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ मा छलफल गर्दा चालु आ.व. ०७६।०७७ मा संचालित रहेका देहायका योजना तथा कार्यक्रमहरुमा भएको खर्चको जाँच पास तथा फरफारक गर्ने निर्णय गरियो ।

तपशिल

क्र. सं.	योजनाको नाम	ठेगाना	बिनियोजन बजेट (श्रमदान समेत)	योजनाको भुक्तानी अंक	प्रगति	कैफियत
१.	पावर हाउस जाने वैकल्पिक वाटो	चामे १	५०००००	५०००००	१००%	
२.	तिमाङ आमासमूह भवन जाने सिढी निर्माण	चामे १	१०००००	१०००००	१००%	
३.	स्यारर्क्यू छर्योतेन मर्मत सम्भार	चामे १	२०००००	२०००००	१००%	
४.	तिमाङ झुलुङ्गे पुल मर्मत	चामे १	१५०००००	१५०००००	१००%	
५.	तिमाङ खेलकुद मैदान निर्माण	चामे १	१००००००	१००००००	१००%	पू.वि.सा.का.
६.	थान्चोक डाँडा गाउँ जाने वाटो सिढी निर्माण	चामे २	१०००००	१०००००	१००%	
७.	चामेको छर्ताङ उधोग ग्राम निर्माण स्थलको वाटो स्तरउन्नती	चामे ४	८०००००	८०००००	१००%	
८.	थान्चोक गाउँको खेतमा तारवार	चामे २	११७५०००	११७५०००	१००%	
९.	तिमाङ हाई अल्टिच्यूट खेल मैदानमा अनुसन्दानात्मक खेलकुद आयोजना	चामे १	४२००००	४२००००	१००%	
१०.	कोतो सार्वजानिक शौचालय निर्माण	चामे ३	११७५०००	११७५०००	१००%	
११.	छितिपुर ढल निकास	चामे ३	२०००००	२०००००	१००%	
१२.	तमु आमा समूह भवन निर्माण	चामे ४	१५०००००	१५०००००	१००%	
१३.	चामे आमासमूह भवन थप १ तला निर्माण	चामे ४	१५०००००	१५०००००	१००%	
१४	लोक प्रिय मा.वि. कक्षा कोठा प्लाइकीड	चामे ४	१००००००	१००००००	१००%	

Scanned with CamScanner

१५.	चामे सिंगर ताल पदमार्ग धर्मशाला निर्माण	चामे ४	१५०००००	१५०००००	१००%	
१६.	पुरानो चामे गुम्वा प्लाष्टर र रंगरोगन	चामे ५	३०००००	३०००००	१००%	
१७.	गौरी शंकर जाने बाटो ढलान	चामे १	१७०००००	१७०००००	१००%	
१८	थानचोक अन्नबाली संकलन तथा भण्डारण केन्द्र	चामे २	३,००२१७	३,०००००	१००%	
१९	सडक बिचमा परेको पोलको स्तान्तरण योजना		५०००००	४०३४८९।८०	८०.७०%	
२०	चामे गा.पा.मा खानेपानी व्यवस्थापनको लागि पाईप खरीद		५०००००	४९२३३५	९८.४०%	
२१	नयाँ बजार तिल्चुडगुल्दा खानेपानी ईन्टेक र पाईप लाईन विस्तार		५०००००	४९५७६३।९४	९९.१५%	
२२	नयाँबजारमा ढुङ्गेधारा निर्माण योजना		५०००००	४८१००२	९६.२०%	

२. प्रस्ताव नं. २ मा छलफल गर्दा चालु आ.व. ०७६।०७७ मा ठेक्का सम्झौता भई कार्य सम्पन्न भएका तपशिल बमोजिमका विकास निर्माणका आयोजनाहरुमा भएको खर्च रकम तथा सम्पन्न हुन बाकी निर्माणाधीन निम्न आयोजनालाई दिईने पेश्की रकमलाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

क्र. स.	योजनाको नाम	स्थान	लागत इष्टमेट	व्यावसायीको नाम	कबोल अंक(व्याट सहित)	संझौता मिति	बजेट खर्च रकम	पेश्की रकम	कैफियत
१.	तिमाड हेल्थ केयर सेन्टर निर्माण	तिमाड	३७५५७८७.५६	ग्याल्सुन्दो कन्स्ट्रकसन सप्लायर्स कम्पनी	२५०१५८४.२८	२०७७/०२/११		५०००००	निर्माणाधीन
२.	कोतो हेल्थ पोष्ट निर्माण	कोतो	३७५५७८७.५६	ग्याल्सुन्दो कन्स्ट्रकसन सप्लायर्स कम्पनी	३७४९७८७.८७	२०७७/०२/२७	९३३७७०	७०००००	निर्माणाधीन
३.	मनाशुल भ्यू टावर निर्माण	विधुत पोखरी	१३७०६१३९.६४	सन्तोष निर्माण सेवा	११३७१६७३.०३	२०७६/११/२९	०	०	
४.	चामे सिटी हल निर्माण	नमस्ते गेट	३६०६७६४७.९८	पराजुली कन्स्ट्रकसन प्रा.लि	२७७०३३७२.२५	२०७६/११/२९	०	२४०००००	
५.	चामे बस पार्क निर्माण	नमस्ते गेट	२७०१७५७.४२	ग्याल्सुन्दो कन्स्ट्रकसन सप्लायर्स कम्पनी	१९९०६०८	२०७७/०२/२८	१९९०६०८		सम्पन्न
६.	गौरी शंकर आ.वि. हेस्टेल निर्माण	तिमाड	५५०८४८८.६२	के.वि गुरुङ	३४९५७६५.२३	२०७७/०२/११	१५३८४३४	१७३०१५३	
७.	फोहर मैला व्यवस्थापन आयोजना	छारा थाडग	७४८६५२६.३४	सन्तोष निर्माण सेवा	५२५०५३०.६०	२०७६/११/२९	३७१८९९१		
८.	गाउपालिका परिषरमा सफा गर्ने र रिटेनिग्ड वाल निर्माण कार्य	नयाँ बजार	१९७७७४८.४६	स्वस्तिक इन्टरनेशनल ट्रेड एण्ड कन्स्ट्रकसन क.लि.	१२२२१४८.५५	२०७७/०२/२५	१२२२१४८		सम्पन्न
९	आवासिय विधयालयलाई स्कुल बस खरीद		५५,००,०००	सिप्रदि	४७,९५,०००	२०७६/१०/२२	४७,९५,०००		सम्पन्न
१०	लोकप्रिय मा.वि.भौतिक पुर्वाधार सुधार कार्यक्रम		२३०००००	लोकप्रिय मा.वि.		२०७७/०३/०५		२३०००००	निर्माणाधीन

Scanned with CamScanner

निर्णय प्रमाणित

३. प्रस्ताव नं. ३ मा छलफल गर्दा आर्थिक वर्ष ०७६।०७७ मा ठेक्का सम्झौता भई निर्माण सम्पन्न हुन बाकी तपशिल बमोजिमका योजनाहरुको म्याद थप गर्न चामे गाउँपालिकाको सार्वजनिक खरिद नियमावालि, २०७६ नियम १२९ (१)को 'क','घ' अनुसार हाल विश्वभरी फैलिएको कोरोना भाईरस महामारीका कारण देशभर भएको बन्दाबन्दीले गर्दा निर्माण सामाग्रीहरु समयमानै उपलब्ध हुन नसकी निर्माण कार्यमा ढिलाई भएकाले नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७७।०३।२९ गतेको निर्णयको बुदा नं. ४ को तथा चामे गाउँपालिकाको खरीद नियम १२९ को उपनियम ३ अनुसार को आधारमा सरकारलाई थप आर्थिक भार नपर्ने गरी र निर्माण व्यवसायीहरुले समेत थप दायित्व दावि नगर्ने गरी बढीमा ६ (छ) महिना निर्माण आयोजनाहरुको सम्झौताको म्याद थप गर्न गाउँकार्यपालिको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरीयो ।

तपशिल

क्र. स.	योजनाको नाम	स्थान	लागत इष्टमेट	व्यावसायीको नाम	कवोल अंक(व्याट सहित)	संझौता मिति	थप भएको सम्झौता अवधी	कैफियत
१.	तिमाड हेल्थ कियर सेन्टर निर्माण	तिमाड	३७५५७८७.५६	ग्याल्सुन्दो कन्स्ट्रकसन सप्लायर्स कम्पनी	२५०१५८४.२८	२०७७/०२/११	२०७७/०४/०१ देखि २०७७ पौष मसान्त	
२.	कोतो हेल्थ पोष्ट निर्माण	कोतो	३७५५७८७.५६	ग्याल्सुन्दो कन्स्ट्रकसन सप्लायर्स कम्पनी	३७४९७८७.८७	२०७७/०२/२७	२०७७/०४/०१ देखि २०७७ पौष मसान्त	
३.	गौरी शंकर आ.वि. हेस्टेल निर्माण	तिमाड	५५०८४८८.६२	के.वि गुरुङ	३४९५७६५.२३	२०७७/०२/११	२०७७/०४/०१ देखि २०७७ भाद्र मसान्त	
४	फोहर मैला व्यवस्थापन आयोजना	छारा थाडग	७४८६५२६.३४	सन्तोष निर्माण सेवा	५२५०५३०.६०	२०७६/११/२९	२०७७/०४/०१ देखि २०७७ श्रावण मसान्त	
५	लोकप्रिय मा.वि.भौतिक पुर्वाधार सुधार कार्यक्रम		२३०००००	लोकप्रिय मा.वि.		२०७७/०३/०५	२०७७/०४/०१ देखि २०७७ श्रावण मसान्त	

४. प्रस्ताव नं. ४ मा छलफल गर्दा चालु आ.व.मा संञ्चालित रहेका देहायका कार्यक्रमहरुमा भएको खर्चको जाँच पास तथा फरफारक गर्ने निर्णय गरियो ।

तपशिल

क्र.सं.	खर्च शिर्षक	बजेट	खर्च रकम	प्रगति
१	कम्प्युटर, ल्यापटप उपकरण खरीद कार्यक्रम	५,००,०००।-	४,९१,०००।-	९८.३१%
२	गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा विधुतिय हाजिरी खरीद	४,२५,०००।-	१,०५,०००।-	२४.७१%
३	गाउँपालिकाको अति सम्मेदनशिल क्षेत्रमा सिसि क्यामेरा जडान	५,००,०००।-	४,२५,०००।-	८५%
४	विश्वव्यापी महामारी कोरोना भाईरस(Covid-19) संक्रमणबाट हुन सक्ने खाध्य संकट समाधानको लागि खाध्यभण्डार कार्यक्रम	४०,००,०००।-	२६,००,०००।-	६५%
५	विश्वव्यापी महामारी कोरोना भाईरस(Covid-19)	२१,७१,०००।-	२०,००,०००।-	९२.१२%

Scanned with CamScanner

	संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार पुर्व तयारी कार्यक्रम			
६	स्तानीय एफ.एम. रेडियो संचालनका लागि सम्भाव्य अध्ययन	१,००,०००।-	१,००,०००।-	१००%
७	चामे बस पार्क निर्माण आयोजनाको विस्तृत प्रतिवेदन	९,००,०००।-	९,००,०००।-	१००%
८	स्थानीय आवाधीक योजना तर्जुमा कार्यक्रम	१०,००,०००।-	१०,००,०००।-	१००%
९	स्थानीय पर्यटन गुरुयोजना तयार कार्यक्रम	९,५०,०००।-	९,५०,०००।-	१००%
१०	स्थानीय भू-उपयोग नक्शाङ्कन कार्यक्रम	४,५०,०००।-	४,५०,०००।-	१००%
११	गौरी शंकर आ.वि. दिवा आवासिय कार्यक्रम	५,००,०००।-	५,००,०००।-	१००%
१२	८०% अनुदानमा हाइडेन्सिटि जातका स्याउ विरुवा वितरण(१३ सय बोट)	१२,८८,०००।-	११,९६,०००।-	९२.८६%
१३	किटनाशक, ढुशिनासक औषधि खरिद कार्यक्रम	१,००,०००।-	१,००,०००।-	१००%
१४	लोकप्रिय मा.वि. दिवा आवासिय विधयालय संचालन कार्यक्रम	५५,००,०००।-	४१,६०,०९५।-	७५%

५. प्रस्ताव नं. ५ मा छलफल गर्दा चामे गाउँपालिकाको लागि निम्न सेवा संचालन गर्न आवश्यक भई तयार भएका निम्न कार्यविधिहरुलाई स्वीकृत गर्ने निर्णय गरीयो ।

१. तातोपानी कुण्ड संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७
२. कृषि तथा पशु प्रोत्साहन अनुदान सम्बन्धी कार्यविधि, २०७७
३. आवासीय विधालय अनुदान संचालन सम्बन्धी कार्यविधि, २०७७
४. जग्गा प्राप्ति तथा घर मुआब्जा सम्बन्धी कार्यविधि, २०७७
५. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७७
६. साविक स्थानीय निकायका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा सम्बन्धी मापदण्ड, २०७७

६. प्रस्ताव नं. ६ मा छलफल गर्दा चामे गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार लोकसेवा आयोग बाट सिफारिस भई पदस्थापन हुने स्थायी कर्मचारीहरुको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं. १२ मिति २०७७।०४।०१ पत्र साथ संलग्न ढाचाँको कार्य सम्पादन मुल्याङ्कन फाराम यस पालिकाको कर्मचारीको भर्ने प्रयोजनाका लागि स्वीकृत गर्ने निर्णय गरीयो ।

७. प्रस्ताव नं. ७ मा छलफल गर्दा यस चामे गाउँपालिकाको फोहोर व्यवस्थापन कार्यको लागि यसै आ.व. मा खरीद भएको ट्याक्टरको सविकको ढाला अत्यन्त अग्लो भई सवारी चालकले पछाडिको साइड हेर्न कठिनाई हुनको साथै उक्त ढाला अत्यन्त गरुङ्गो र अग्लो भई सामान तथा फोहोर लोड अनलोड गर्न कठिनाई भई ढालाको गरुङ्गो पनाले एक दुई जनाले खोल्न बन्द गर्न नसकी कार्य संचालनमा बाधा भएकाले उक्त ढालालाई आधा काटी जालीको रुपमा निर्माण गरी तोकिएको कार्य संचालन गर्न सहज

Scanned with CamScanner

हुने सम्बन्धीत प्राविधिकबाट समेत अनुरोध भएको हुदाँ उक्त ट्याक्टरको साविकको ढालाको उक्ताअनुसार आकार परिवर्तन गर्ने निर्णय गरीयो ।

८. प्रस्ताव नं. ८ मा छलफल गर्दा यस चामे गाउँपालिकाको तातोपानी कुण्ड संचालन सम्बन्धमा गाउँपालिका र चामे गाउँपालिका वडा नं. ४ बस्ने श्री डोल्कर लामाका बिच मिति २०७६।०५।१७ मा भएको सम्झौता बमोजिम निजले कार्यालयमा मिति २०७७।०३।२५ गते हाल विश्वभर फैलिएको कोरोना भाईरस (Covid-१९) कारण दर्साई सरकारले गरेको बन्दाबन्दीको मिति २०७६।१२।११ देखी उक्त तातोपानी कुण्ड संचालन गर्न नसकिने भनि मिति २०७६।१२।११ गते देखि नै तातोपानी संचालन ठेक्का सम्झौता रद्द गरी निजले उक्त तातोपानी कुण्डमा बिजुलि तथा खानेपानी व्यवस्थापनका लागि भएको खर्च भुक्तानी गर्न तथा धरौटी रकम फिर्ता पाउँ भनि माग गरेकाले निजको नियमानुसार तिर्नुपर्ने रकम हिसाब मिलान गरी सम्झौता रद्द गर्ने, निजको सम्झौता बमोजिम खर्च भएको रकम नियमानुसार भुक्तानी दिन र उप्रान्त तातोपानी कुण्ड संचालनको ठेक्का सम्झौता प्रकिया नियमानुसार अगाडी बढाउन र सो अघि तातोपानी संचालनको वैकल्पिक व्यवस्था गर्न हाललाई गाउँपालिकावासी र कर्मचारीलाई प्रति व्यक्ति प्रति घण्टा रु.१०, पालिका भन्दा बाहेकका स्वदेशी नागरीकको हकमा प्रति व्यक्ति प्रति घण्टा रु.२० र विदेशीको हकमा प्रति व्यक्ति प्रति घण्टा रु.१०० सेवासुल्क लिनेगरी १ जना व्यक्तिलाई तातोपानी सरसफाई तथा रेखदेख गर्न उक्त उठेको रकमबाट भुक्तानी गर्ने गरी सेवा करारमा लिई कामकाजमा लगाउन गाउँ कार्यपालिको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरीयो ।

९. प्रस्ताव नं. ९ मा छलफल गर्दा यस चामे गाउँपालिकाको आ.व. २०७६।०७७ स्वीकृत कार्यक्रम अनुसार लोकप्रिय आवासिय मा.वि. चामेको शैक्षिक गुणस्तर वृद्धि गर्न विधार्थीहरुको आवतजावत सहजताको लागि खरीद भई आम्दानी समेत रहेको ग.१ ग. २१७ नम्बरको स्कुल बसको संरक्षण, संचालन तथा उचित व्यवस्थापनको सम्पुर्ण कार्य तथा जिम्मेवारी लोकप्रिय मा.वि.ले गर्ने गरी उक्त बसको स्वामित्व लोकप्रिय मा.वि. मा रहने गरी हस्तान्तरण गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner

आज मिति २०७७ साल भाद्र २ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोप्साङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फूलमाया गुरुङ
११.	सदस्य	-	श्री समिरा गुरुङ
१२.	सदस्य	-	श्री बिन घले
१३.	सदस्य	-	श्री लक्ष्मी वि.क.
१४.	सदस्य सचिव	-	श्री नम नारायण मल्ल

आमन्त्रीत सदस्यहरु

१. इन्द्र जंग गुरुङ, शिक्षा संयोजक, चामे गाउँपालिका

२. लिल बहादुर गुरुङ, जिन्सी शाखा प्रमुख, चामे गाउँपालिका

३. विष्णु प्रसाद अधिकारी, प्रशासन शाखा प्रमुख, चामे गाउँपालिका

प्रस्तावहरु

१. पुन वितरित शिक्षक दरवन्दी सम्बन्धमा ।
२. सिरान ताल-म्यादी भिरमा ढुंगा विष्फोटन गर्दा लागेको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।
३. ढुङ्गा, गिट्टि, वालुवा तथा खानी जन्य पदार्थ उत्खनन क्षेत्र तोक्ने सम्बन्धमा ।
४. सहमती प्रदान गर्ने सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

१. नेपाल सरकार मन्त्री परिषद्को मिति २०७६।०५।०४ गतेको निर्णयानुसार पुन वितरित शिक्षक दरवन्दी यस चामे गाउँपालिकामा प्राथमिक तहमा २७ जना शिक्षक, निम्न माध्यामिक तहमा ७ जना शिक्षक, माध्यामिक तहमा (कक्षा ९-१०) ६ जना र उच्च माध्यमिक तहमा (कक्षा ११-१२) २ जना शिक्षक दरवन्दी कायम भएको सन्दर्भमा शिक्षा नियमावली, २०५९ संशोधन सहितको नियम ९२ संग सम्बन्धित अनुसूची १२ मा विद्यालयमा ५० जनासम्म विद्यार्थी भएकोमा २ जना शिक्षक रहने, कक्षा ९-१० संचालितमा ५ माध्यामिक दरवन्दी र कक्षा १०-१२ संचालितमा ८ माध्यामिक दरवन्दीमा शिक्षक रहने व्यवस्था रहेकोछ । पुन वितरित शिक्षक दरवन्दी वितरण अनुसूची १२ नियम ९२ सँग बाझिने गरी भएको देखिन्छ । यस गाउँपालिकामा तपसिलका विद्यालय संचालनमा रहेका छन् । विद्यालयहरुको दुरी ४५ मिनेट देखि २:०० घण्टा सम्म रहेको छ ।

श्री गौरीशंकर आधारभुत विद्यालय (कक्षा १-८)

श्री दिन दयालु आधारभुत विद्यालय (कक्षा १-८)

श्री विश्वशान्ती प्राथमिक विद्यालय (कक्षा १-५)

श्री लोकप्रिय माध्यामिक विद्यालय (कक्षा १-१२)

माथि उल्लेखित अवस्थामा प्राथमिक तहमा ८ र माध्यामिक तह कक्षा ९-१० मा २ दरवन्दीले यस गाउँपालिकामा रहेका विद्यालयहरुमा भौगोलिक विकटता पातलो बस्तीका कारण बालबालिकाहरुले सहजरुपमा शिक्षा पाउनु पर्ने संवैधानिक मौलिक हकबाट बञ्चित हुनुपर्ने अवस्थाको सिर्जना हुन्छ । यस कुरालाई मनन गरी गाउँ कार्यपालिकाको मिति को निर्णय अनुसार पुर्नविचारको लागि श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं, श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरमा अनुरोध गरिएको साथै पटक पटक अनुरोध गर्दा पनि सो सम्बन्धमा कुनै सुनुवाइ नभइ शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तत्काल दरवन्दी मिलान गर्न भनि मिति २०७७।०४।१६ मा सूचना प्रकाशन भएको । नेपालको संविधान, शिक्षा ऐन, शिक्षा नियमावली अनुसार माध्यामिक तहमा विषयगत, आधारमा ८ दरवन्दी र प्राथमिक तहमा विद्यालयको संख्याको आधारमा कम्तिमा १२ दरवन्दीको व्यवस्थाको लागि पहल गरिदिनु हुन जिल्ला शिक्षा समन्वय समिति, मनाङ र शिक्षा विकास तथा समन्वय इकाई, मनाङलाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

२. वेशिसहर-चामे सडकखण्डको सिरान ताल, म्यादी भिर लगायतका स्थानहरुमा ठूला ढुंगाहरु माथिबाट आई अत्यावस्यक सवारी साधन, एम्बुलेन्स, विकास निर्माण तथा खाध्यान्न बोकेका सवारी साधनहरु संचलन गर्न बाधा आईपरेको समयमा उक्त ढुंगा विष्फोट गराई सडक सुचारु गर्ने स्थानीय विपद् समितिको निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय, मनाङ, चामे गाउँपालिका र रणदल गुल्मले संयूक्त रुपमा ढुंगा विष्फोट गराउन पहल गरी चामे गाउँपालिकाले रणदल गुल्म, मनाङमा भण्डारण गरी राखेको डेटोनेटर ८० वटा, जिलेटिन ८० के.जी. र वायर २५० मीटर प्रयोग गरी सदरमुकाम सम्म आउने बाटो सन्चालन गरेको हुँदा ढुङ्गा विष्फोटन गर्ने क्रममा लागेको खर्च चामे गाउँपालिका विपद् व्यवस्थापन कोष बाट खर्च हुने गरी खर्च समर्थन गर्ने निर्णय गरियो ।

३. चामे गाउँपालिकाले गर्ने विकास निर्माणका कार्यहरु गर्न नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ३ को उपदफा २ मा व्यवस्था भए अनुसार चामे गाउँपालिकाले त्यता साधारण खानीजन्य पदार्थको उत्खनन् सङ्कलन तथा बिक्री वितरणको आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

४. पुन वितरित दरवन्दी अनुसार दरवन्दीमा सुरक्षित रहने शिक्षकहरुले आफ्नो माग अनुसारको विद्यालय/स्थानीय तहबाट सहमती पत्र ल्याएमा यस गाउँपालिकाले निज शिक्षकलाई सहमती प्रदान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल भाद्र २२ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोप्साङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फूलमाया गुरुङ
११.	सदस्य	-	श्री समिरा गुरुङ
१२.	सदस्य	-	श्री बिन घले
१३.	सदस्य	-	श्री लक्ष्मी वि.क.
१४.	सदस्य सचिव	-	श्री नर बहादुर चन्द

आमन्त्रीत सदस्यहरु

१. लक्ष्मण गौली, इन्जिनियर, चामे गाउँपालिका
२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँपालिका
३. विष्णु प्रसाद अधिकारी, प्रशासन शाखा प्रमुख, चामे गाउँपालिका

प्रस्तावहरु

१. पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना प्रस्ताव माग सम्बन्धमा ।
२. गिट्टि, बालुवा, स्लेट ढुंगा र ढुगांको उत्खनन स्थान छनौट र राजश्व सम्बन्धमा ।
३. चामे गाउँपालिकाको जग्गा यकिन गरी अवस्थाको प्रतिवेदन पेश गर्न समिति गठन गर्ने सम्बन्धमा ।
४. तातोपानी कुण्डको व्यवस्थापन र शुल्क निर्धारण सम्बन्धमा ।
५. मौज्दात आपतकालीन खाध्यान्न बिक्रिको व्यवस्था सम्बन्धमा ।
६. जनप्रतिनिधिहरुलाई गतबर्ष भूक्तानी गर्न बाँकी सेवा सूविधा सम्बन्धमा ।
७. झोलुङ्गे पुल सम्बन्धमा ।
८. लेखा शाखामा च्याक तथा दराज निर्माण सम्बन्धमा ।
९. आधारभूत स्वास्थ्य केन्द्र निर्माणको लागि थप बजेट माग सम्बन्धमा ।
१०. दरबन्दी मिलान हुँदा पुलमा परेका शिक्षकहरुले निवेदन पेश गर्ने सूचना सम्बन्धमा ।
११. पुलमा रहने शिक्षकहरुको तलब भत्ताको व्यवस्था सम्बन्धमा ।

Scanned with CamScanner

१२. मिसिड सेल्टर (धर्मशाला निर्माण)
१३. आईसोलेसन वेड निर्माण सम्बन्धमा

निर्णयहरु

१. नेपाल सरकार सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार काठमाडौंको मिति २०७७/०५/०२ गते प्रकाशित सूचना बमोजिम स्थानीय तहको साझेदारी मार्फत पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास गर्न आयोजना तथा कार्यक्रमहरु माग भएको । देशको प्रमुख विदेशी तथा आन्तरिक पर्यटकहरुको गन्तव्य मध्ये एक रहेको मनाङ जिल्ला (अन्नपूर्ण पदमार्ग, तिलिचो ताल) र जिल्ला सदरमुकाम समेत रहेको यस चामे गाउँपालिकामा जिल्ला भित्रको यातायात व्यवस्थापन कार्य गर्नु तत्काल अवश्यकता देखिएको छ । पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७ नेपाल सरकारबाट स्वीकृत भई सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार काठमाडौंबाट आ.ब. ०७७/७८ कार्यक्रमहरुबाट आयोजनाहरुको प्रस्ताव माग भएकोले सो निर्देशिकाको दफा ९ को उपदफा १ अनुसार गाउँपालिकाले व्यहोर्ने पर्ने ३० (तिस) प्रतिसत लागत सहभागीता आ.ब. ०७७/७८ मा चामे गाउँपालिकाको सातौं गाउँसभाबाट विनियोजन भएका योजनाहरु मध्येको गौरवको आयोजना चामे बसपार्क निर्माण कार्यक्रममा रकम रु. एक करोडबाट बजेट विनियोजित भएको। उक्त गौरवको आयोजनाको रुपमा रहेको चामे बसपार्क गत वर्षनै जग्गा खरिद गरी बसपार्क निर्माणको पूर्वाधार समेत तयार भई विस्तृत आयोजना प्रतिवेदन (DPR) रु. ६ करोड छयासी लाख पचहत्तर हजार तिन सय छत्तिस र पैसा एकाईस को समेत तयार गरिसकिएको हुँदा निर्देशिकाको अनुसूची १ भरी सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार काठमाडौं संग आवश्यक कागजातहरु सहित बसपार्क निर्माण आयोजना माग गर्ने निर्णय गरियो ।

२. प्रदेश सरकार गण्डकी प्रदेश सभा बाट स्वीकृत प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको ऐन, २०७७ को अनुसूची ६ अनुसारको राजश्व शुल्क उठाउने र नेपाल सरकार बाट स्वीकृत ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम थप कारवाही अगाडी बढाउन स्थानीय तह राजश्व परामर्श समितिले तोकेको स्थान र दिएको अन्य सूझावका आधारमा प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

३. आ.ब. २०७६/७७ को चामे गाउँपालिका कार्यालयको जिन्सी निरिक्षण टोलीले मिति २०७७/०५/१० पेश गरेको जिन्सी निरिक्षण प्रतिवेदनको बुदा क अनुसार कार्यालयको श्रेष्ता कायम रहेको जम्मा ४६ रोपनी २ आना २ पैसा ० दाम जग्गा मध्ये साविक चामे गा.वि.स. को नाउँमा रहेको करिव ३४ रोपनी जग्गाको हालको वास्तविक अवस्था एकिन नहूनुको साथै सो जग्गाको उचित संरक्षण नरहेको हुँदा पालिकाको सम्पत्तीको रुपमा रहेको उक्त जग्गा नापी कार्यालय र मालपोत कार्यालय, मनाङको सहकार्यमा एकिन गरि सिमाना छुट्याई जग्गाको हालको अवस्थिति एकिन गरी सिमाङ्कन गर्न देहाय बमोजिम पालिकाको जग्गा यकिन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. संयोजक श्री लोप्साङ लामा - वडा अध्यक्ष, चामे गाउँपालिका-४
२. सदस्य श्री लक्ष्मी वि.क. - कार्यपालिका सदस्य, चामे गाउँपालिका
३. सदस्य श्री लक्ष्मण गौली - इन्जिनियर ,चामे गाउँ कार्यपालिकाको कार्यालय
४. सदस्य श्री विष्णु प्रसाद अधिकारी - खरिदार, चामे गाउँ कार्यपालिकाको कार्यालय
५. सदस्य सचिव श्री लिल बहादुर गुरुङ - सहायक चौथो, चामे गाउँ कार्यपालिकाको कार्यालय

४. चामे गाउँपालिकाको प्रकृतिक सम्पदाको रुपमा रहेको तातोपानी कुण्ड उचित संरक्षण, सम्द्धर्धन र व्यवस्थापन कार्यका लागि संचालन गर्न मिति २०७७/०३/३० गतेको गाउँ कार्यपालिकाको बैठकबाट भएको निर्णयानुसार तोकिएको सेवा शुल्क अत्यन्त न्यून हुनुका साथै तातोपानी कुण्डको उचित संरक्षण र व्यवस्थापन गर्न आवश्यक जनशक्तिको लागि पारिश्रमिक र आवश्यक भौतिक सामग्रीको व्यवस्थापन गर्न तातोपानी सेवाशुल्क बापत निम्नानुसार शुल्क तोक्ने निर्णय गरियो ।

Scanned with CamScanner

तपसिल

- स्थानीय तहभित्रका बासिन्दा, कर्मचारी र विद्यार्थीहरुको लागि रु. २० प्रति घण्टा
- अन्य नेपाली नागरिकहरुको लागि रु. ५० प्रति घण्टा
- विदेशी नागरिकहरुको लागि रु. १०० प्रति घण्टा

५. चामे गाउँपालिकाको बासिन्दाको लागि विश्वव्यापी महामारी कोरोना भाईरसका कारण हुन सक्ने खाध्यान्न संकटबाट स्थानीयहरुको लागि सुविधाजनक खाध्यान्न उपलब्धताको लागि गत आ.ब.मा आपतकालीन खाध्यान्न खरिद गरि पालिकामा भण्डारण गरिएकोमा उक्त खाध्यान्न धेरै समय भण्डारण गरी राख्दा नोक्सान हुन सक्ने भएकाले र दशै लगायतका चाडपर्वहरु नजिकै आएकाले स्थानीय जनताहरुको खाध्यान्न राहतका लागि दुवानी अनुदान दिई सम्बन्धीत वडाको लगत सिफारिसको आधारमा उचित व्यवस्थापनका साथ बिक्रि वितरण गर्न कार्यालयका जिन्सी शाखा प्रमुख श्री लिल बहादुर गुरुङलाई जिम्मा दिने निर्णय गरियो ।
निम्न

१। चामल जिरा मसिनो प्रति बोरा रु. - ९६८।-
२। चामल साबा मन्सुली प्रति बोरा रु. ९९६।-
३। दाल मुसुरो प्रति बोरा/के.जी. रु. ९३०।-
४। सूर्यमूखी तेल प्रति लिटर रु. ९३०।-
५। भट्टमासको तेल प्रति लिटर रु. ९८०।-

६. गण्डकी प्रदेश सभाबाट मिति २०७७।०३।२६ मा गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ पारित भएकोले आ.ब. ०७६।७७ मा सुविधा दिन बाँकी रहेको २०७६ कार्तिक महिना देखि २०७७ असार मसान्त सम्मको मासिक सुविधा बापतको भूक्तानी दिन बाँकी रकम एकमुष्ठ रु. ३५,८२,०००। एम.आई.एस. अपरेटर र सहायकको लागि भूक्तान दिन बाँकी रकम रु. २४,३६०। भूक्तानी गर्न अनुमोदन गर्ने निर्णय गरियो ।

७. गण्डकी प्रदेश सरकारको आ.ब. २०७७/७८ को नीति तथा कार्यक्रम र गण्डकी प्रदेशको झोलुङ्गे पुल निर्माण नीति बमोजिम साथै भौतिक पूर्वाधार मन्त्रालय, गण्डकी प्रदेशको मिति २०७७/०५/०२ को पत्रानुसार चामे गाउँपालिका भित्र तपसिलका स्थानहरुमा झोलुङ्गे पुलको आवश्यकता भएको हुँदा पूर्वाधार विकास कार्यालय, मनाङ मार्फत भौतिक पूर्वाधार मन्त्रालय, गण्डकी प्रदेशसंग माग गर्ने निर्णय गरियो ।

- चार्चे झोलुङ्गे पुल, चामे-१, तिमाङ
- लाटामराङ पारी तातोपानी जाने झोलुङ्गे पुल, चामे-१
- माडा झोलुङ्गे पुल, चामे-४, स्याउबारी
- सिङगर झोलुङ्गे पुल, चामे-४
- चामे माडा पाल्तुङ फाँट झोलुङ्गे पुल, चामे-५, चामे

८. चामे गाउँपालिकाको आ.ब. ०७७/७८ मा विनियोजन भएको ब.शि.नं. ३११२३ फर्निचर तथा फिक्चर्स शिर्षकमा विनियोजन भएको रु. १५ लाख मध्ये हाल कार्यालयको लेखा शाखामा रहेका महत्वपूर्ण श्रेष्ताहरुको उचित संरक्षण गर्न अविलम्ब प्लाइउडको फाइल र्याक र फिक्स दराज निर्माण गर्नु पर्ने भएकाले उक्त रकम मध्येबाट आवश्यक सर समान र निर्माण ज्यालाको लागि खर्च हुने करिब रु. १ लाख ३० हजार खर्च गर्न अनुमति दिने निर्णय गरियो ।

९। नेपाल सरकारको आ.ब. ०७५/७६को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा स्थानीय तह संगको लागत सहभागीतामा २ वर्ष भित्र सबै वडास्तरमा न्यूनतम् १ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्ने कार्यक्रम अनुसार यस चामे गाउँपालिकालाई अर्थ मन्त्रालय मार्फत सशर्त अनुदान वितिय अनुदान हस्तान्तरण अन्तर्गत गत आ.ब. ०७६/७७ मा ३५ प्रतिशतका दरले प्राप्त हुन आएको बजेट अनुसार वडा नं. -१ तिमाङ स्थित तिमाङ हेल्थ केयर र वडा नं. -३ कोतोमा कोतो हेल्थ केयर सेन्टरको निर्माण कार्यको लागि विधुतिय बोलपत्रको माध्यम बाट निर्माण प्रकृया आरम्भ भई

Scanned with CamScanner

तिमाङ हेल्थ केयर सेन्टर निर्माणको लागि श्री ग्यालसुम्दो कन्सट्रक्सन संग रु. २५,०१,५८४.२८ सम्झौता भई निर्माण कार्यको करिब २० प्रतिशत भौतिक प्रगती भई रु. ५ लाख खर्च भएको र उक्त योजना यसै वर्ष सम्पन्न गर्न बाकी रकम रु. २०,०१,५८४.२८ र कोतो हेल्थ केयर सेन्टर निर्माणको लागि श्री ग्यालसुम्दो कन्सट्रक्सन संग रु. ३७,४९,७८७.८७ सम्झौता भई निर्माण कार्यको करिब ७५ प्रतिशत भौतिक प्रगती भई रु. १६,३३,७७०.८७ लाख खर्च भएकोमा सम्झौता बमोजिम भुक्तानी गर्न अपुग रु. २१,१६,०१७/- समेत गरी उक्त कार्य कोभिड-१९ को कारण आ.ब. ०७६/७७ मा सम्पन्न हुन नसकी बाकी रकम फ्रिज भएकोले यसै वर्ष कार्य सम्पन्न भई भुक्तानी गर्न बाँकी जम्मा रकम रु. ४१,१७,६०१.२८ रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति तथा योजना शाखामा बजेट निकाशाको लागि माग गर्ने निर्णय गरियो ।

१०। दरबन्दी मिलान सम्बन्धि सूचना बमोजिम यस चामे गाउँपालिका भित्रका शिक्षकहरु दरबन्दीमा परेका तर पुलमा बस्न चाहने कोही शिक्षक भए चामे गाउँपालिका शिक्षा शाखामा निवेदन पेश गर्न ७ दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

११। प्रथम चौमासिक निकाशा नजिकिदाँ पुलमा रहने शिक्षकहरुको तलब भत्ताको व्यवस्था यस गाउँपालिकामा व्यवस्था नभएको हुँदा संघीय निकायबाट पुलमा रहेका शिक्षकहरुको तलब भत्ता माग गर्न सम्बन्धित निकायमा माग गर्न पहल गर्ने निर्णय गरियो ।

१२। गण्डकी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यक्रम अनुसार प्रदेश सरकार र स्थानीय तह बिचको साझेदारी क्रमश ७० र ३० प्रतिशतका दरले एक स्थानीय तहमा विपद्का समयमा सुरक्षित अवस्थामा रहन विपद् पूर्वतयारीका लागि मिसिङ सेन्टर निर्माण गर्ने कार्यक्रम अनुसार यस चामे गाउँपालिकाको कजिनसारा हाईक्याम्पमा उक्त मिसिङ सेन्टर (धर्मशाला) निर्माण कार्यको लागि ल.ई. रु. २२ लाख मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयबाट १५ लाख र नेपाल सरकार समानीकरण अनुदान गाउँपालिकाको समपूरक कोष बाट रु. ७ लाख खर्च हुने गरी संयूक्त लगानीबाट उक्त मिसिङ सेन्टर (धर्मशाला) निर्माण गर्न सम्बन्धित वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

१३। विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसका कारण हाम्रो मनाङ जिल्ला समेत प्रभावित भएको हुँदा सो को पूर्वतयारी र नियन्त्रणको लागि जिल्ला कोरोना संक्रमण व्यवस्थापन समितिको निर्णय अनुसार चामे सदरमूकाममा रहेको खेलकुद कभर्ड हललाई पि सि आर टेस्ट गरी पोजेटिभ देखिएकाहरुलाई उपचार कक्ष निर्माण गर्ने निर्णय अनुसार चामे गाउँपालिकाको कोरोना कोष मार्फत खर्च व्यवस्थापन गर्ने गरी सुविधा सम्पन्न १२ बेडको आईसोलेसन निर्माण गर्ने कार्यको लागि तयार भएको रु. १५ लाख रकमबाट उक्त आईसोलेसन निर्माणको लागि चामे गाउँपालिका वडा नं. ४ का वडाअध्यक्ष श्री लोप्साङ लामालाई जिम्मा दिने निर्णय गरियो।

१४. तातोपानी कुण्ड (संरक्षण तथा व्यवस्थापन) कार्यविधी, २०७७ को दफा ५ को बुदाँ नं. ३ बमोजिम तातोपानी संरक्षण तथा व्यवस्थापन समिति सदस्यमा चामे आमा समूह अध्यक्ष र चामे युवा क्लबका अध्यक्षलाई मनोनित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल असोज २९ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोप्साङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फूलमाया गुरुङ
११.	सदस्य	-	श्री समिरा गुरुङ
१२.	सदस्य	-	श्री बिन घले
१३.	सदस्य	-	श्री लक्ष्मी वि.क.
१४.	सदस्य सचिव	-	श्री नर बहादुर चन्द

आमन्त्रीत सदस्यहरु

१. लक्ष्मण गौली, इन्जिनियर, चामे गाउँपालिका

२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँपालिका

३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँपालिका

प्रस्तावहरु :- डा प्रतिमा गौली

१. कार्यालय भवनको सटर भाडा सम्बन्धमा ।
२. वडा नं. ४ को कार्यालय भवन र कार्यालय प्रमुखको आवास भाडामा लिने सम्बन्धमा ।
३. योजना सझौता अनुमोदन सम्बन्धमा ।
४. निर्माण व्यवसायी "घ" वर्गको इजाजत सम्बन्धमा ।
५. कोतो आधारभुत स्वास्थ्य केन्द्रको निर्माण संरचना परिवर्तन सम्बन्धमा ।
६. शित भण्डार निर्माणको जग्गा स्विकृत सम्बन्धमा ।
७. जिल्ला अस्पतालमा प्राविधिक जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
८. बैठक भत्ता सम्बन्धमा ।
९. कर्मचारी सम्मान/प्रोत्साहन सम्बन्धमा ।
१०. शुभकामना सम्बन्धमा।

Scanned with CamScanner

निर्णयहरु

१. चामे गाउँ कार्यपालिकाको मिति २०७५।११।२७ गतेको निर्णय अनुसार कार्यालय प्रशासकीय भवनको भुई तल्ला सटर भाडामा दिने सम्बन्धमा मिति २०७६।०२।१९ गतेको मुल्याङ्कन समितिको निर्णय अनुसार बढी कबोलका आधारमा सटर नं.१ का लागि शुष्मा गुरुङको कबोल अंक बार्षिक रु.८०,१००।– तथा सटर नं. २ बेद बहादुर गुरुङको कबोल अंक बार्षिक रु.६०,५००।–भई कार्यालय बाट मिति २०७६।०४।०१ गते सम्झौता भएकोमा उक्त सम्झौता अवधी २०७७ आषाढ मसान्तमा समाप्त भएकोमा साविकमा भएको सटर भाडामा लिने/दिने सम्बन्धी सम्झौताहरुको अधिनमा रहि उक्त सटर भाडामा दिन मिति २०७७।०४।०१ देखि लागु हुने गरी सम्झौता नविकरणको लागि मिति २०७७।०६।२५ गते निवेदकहरु शुष्मा गुरुङ र बेद बहादुर गुरुङले निवेदन पेश गरेको हुदाँ साविकमा भएको सटर भाडा सम्बन्धी सर्तहरुको अधिनमा रहि मिति २०७७।०४।०१ देखि मिति २०७८ अषाढ मसान्त सम्म १ बर्षको लागि सटर भाडामा दिने गरी भाडा सम्झौता नविकरण गर्ने निर्णय गरीयो ।

२. कार्यालयको वडा नं. ४ कार्यालय भवन संचालनको लागि भाडामा लिने सम्बन्धमा मिति २०७४।०२।२५ गते तात्कालिन प्र.जि.अ. श्री कमल राज भण्डारीको अध्यक्षतामा बसेको घर भाडा निर्धारण समितिको बैठकको निर्णयले घटि अंक रु.१,२०,०००।–(कर समेत) बार्षिक कबोल गर्ने चामे गा.पा. वडा नं. ४, श्री नुर्पु छिरिङ लामाको कित्ता नं.३०८ बनेको घर हाल सम्म उक्त दरमा कार्यालयको वडा कार्यालय संचालन रहेकोमा, उक्त घरको घर भाडा सम्झौता अवधी मिति २०७७ आषाढ मसान्तमा समाप्त भएको साथै चामे गा.पा को कार्यालय प्रमुखको आवास तथा स्टोर प्रयोजनको लागि मिति २०७५।०४।१३ गते तात्कालिन प्र.प्र.अ. श्री युवराज अधिकारीको अध्यक्षतामा बसेको खरीद ईकाइ समितिको बैठकको निर्णयले घटि अंक रु.२,४०,०००।–(कर समेत) बार्षिक कबोल गर्ने चामे गा.पा. साविक वडा नं. ३ हाल वडा नं. ४, श्री इन्द्र कुमारी श्रेष्ठको कित्ता नं.३११ बनेको घर हाल सम्म उक्त दरमा कार्यालय प्रमुखको आवास तथा स्टोर प्रयोजन हुदै आएकोमा उक्त घर भाडा सम्झौता अवधी मिति २०७७ आषाढ मसान्तमा समाप्त भएको हुदाँ मिति २०७७।०५।१२ गते घर धनि श्री नुर्पु छिरिङ लामा र इन्द्र कुमारी श्रेष्ठले विगत २ बर्ष देखी घर भाडा बृद्धि नभएको कारण जनाई १० प्रतिशतका दरले घर भाडा वृद्धिको निवेदन पेश भएकोमा निजहरुको माग बमोजिम घर भाडा वृद्धि सहित घर भाडा सम्बन्धी साविकमा भएका सर्तहरुको अधिनमा रहि मिति २०७७।०४।०१ देखि मिति २०७८ आषाढ मसान्त सम्म घर भाडामा लिने गरी घर भाडा सम्झौता नविकरण गर्ने निर्णय गरीयो ।

३. चालु आ.व. ०७७।०७८ मा ठेक्का सम्झौता भएका निम्न विकास निर्माणका आयोजनाहरुलाई तोकिएको समयमा कार्य सम्पन्न हुने गरी गरीएको सम्झौता र ठेक्का अंकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

क्र. स.	योजनाको नाम	स्थान	लागत इष्टमेट	व्यावसायीको नाम	कबोल अंक(व्याट सहित)
१.	गाउँपालिका भवन पछाडी स्टोर भवन निर्माण	चामे	रु.६७७८७९६.३१।-	श्री के.वि. गुरुङ कन्स्ट्रक्सन प्रा.लि.	रु. ४१,३९,९२८.७०।-
२.	चामे सिंगर (कजिनसारा) ताल पदमार्ग एवम् धर्मशाला निर्माण आयोजना	कजिनसारा	रु.६४१३५४९.५८।-	श्री के.वि. गुरुङ कन्स्ट्रक्सन प्रा.लि.	रु.४३,४७,४४०.१२।-
३.	सवारी साधन खरिद	कार्यालय	रु.६०००००।-	श्री बतास ब्रदर्स प्रा.ली.	रु.५३,९७,५००।-

४. श्री मनाङ कन्ट्रक्सन एण्ड सप्लार्यस प्रा.ली. (स्थाई लेखा नं. ६०३५२५८१०) ले चामे गाउँपालिकामा "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्रको लागि मिति २०७७।०४।०६ गते निवेदन पेश गर्नु भएकोमा सो सम्बन्धमा

Scanned with CamScanner

इजाजतको लागि चामे गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी,२०७५ को दफा २ अनुसार अनुसूचि १ बमोजिम पर्न आएको दरखास्त (निवेदन) अनुसार अनुसूचि ५ बमोजिम आवश्यक अध्ययन गरी मिति २०७७।०६।०९ गते ईन्जिनियर श्री लक्ष्मण गौलीले प्रतिवेदन पेश गर्नु भएको प्रतिवेदनमा योग्य ठहरीएको व्यहोरा सिफारीस गर्नुभएको हुनाले सोहि दफाको उपदफा ३ बमोजिम निर्माण व्यवसायी इजाजत प्रदानको लागि पेश भएकोमा सोहि दफाको उपदफा ४ बमोजिम उक्त श्री मनाङ कन्ट्रक्सन एण्ड सप्लार्यस प्रा.ली. (स्थाई लेखा नं. ६०३५२५८१०) योग्य ठहरिएकाले नियमानुसार इजाजत प्रदानको लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरीयो ।

५. चामे गा.पा. अन्तर्गत गत आ.व. मा स्विकृत कार्यक्रम अनुसार श्री ग्याल्सुम्डो कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी सँग सम्झौता भई क्रमागत रुपमा निर्माणधिन रहेको कोतो आधारभुत स्वास्थ्य केन्द्रको साविकमा स्विकृत रहेको ट्रस छाना निर्माण गर्ने कार्यमा लाग्ने लागत परिवर्तन नहुने गरी कार्यालयको आवश्यकता तथा औचित्यका आधारमा ट्रस छाना परिवर्तन गरी पक्कि ढलान, पिल्लर समेत निर्माण गर्ने गरी संरचना परिवर्तन गर्ने निर्णय गरीयो ।

६. चामे गा.पा.को आ.व.०७७।०७८ को स्विकृत कार्यक्रम अनुसार वडा नं.१ स्यार्कुमा शित भण्डार निर्माणको लागि जग्गा खरिद सम्बन्धी मिति २०७७।०४।३० गतेको सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये चामे गाउँपालिकाको घर तथा जग्गा प्राप्ति समितिको मिति २०७७।०६।१६ को निर्णय नं. ३ अनुसार चामे गाउँपालिकाको घर जग्गा प्राप्ति तथा मुअब्जा वितरण कार्यविधी २०७७ बमोजिम आवश्यक प्रकिया पुरा गरी स्यार्कुमा शित भण्डार निर्माणको लागि जग्गा रित पुर्वक ठहरीएको शिलबन्धी बोलपत्र दाता श्री खुसी राम घलेको साविक चामे गा.पा. वडा नं. १ को कित्ता नं. १५२ को जग्गा कार्यालको माग बमोजिम रित पुर्वक ठहरिनुका साथै कबोल अंक रु.११,५५,०००।– (प्रति रोपनी) स्विकृत दर भन्दा कम हुनुका साथै समिति बाट निर्धारण भए बमोजिम १८ मिटरको अगाडिको मोहडा मध्ये ९ मिटर बाटो कायम गरी भित्रि जग्गा मापदण्ड बमोजिम हुने गरी जग्गाको मोहडा कम्तिमा २० मिटर कायम हुने गरी कार्यालयको आवश्यकता अनुसार २ रोपनी जग्गा बिक्री गर्न निज निवेदक सहमत भएको व्यहोराको कार्यालयमा मिति २०७७।०६।२५ गते ट्रेस नक्शा सहित निवेदन पेश गरेको हुँदा उक्त जग्गा स्यार्कु शित भण्डार निर्माणको लागि रित पुर्वकका साथै मापदण्ड अनुसार रहेकाले नियम अनुसार खरिद गर्ने निर्णय गरीयो ।

७. मनाङ जिल्ला अस्पतालको मिति २०७७।०६।२३ चं.नं. ५७ अनुसार जिल्लामा प्रयोगशाला र X-ray सेवा तथा सुविधा संचालनको लागि प्राविधिक जनशक्ति व्यवस्थापन गर्न श्रोत साधनको अभाव हुनुको साथै हाल विश्व भरी फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण ल्याव तथा X-ray सेवा तथा सुविधा संचालन गर्ने अति आवश्यक रहेकाले जिल्लाकै जनताको सेवा सुविधाको लागि अर्को व्यवस्था नभए सम्म ल्याब असिस्टेन्ट र रेडियो ग्राफर/अनमि सेवा प्रदान गर्ने चामे गाउँपालिकालाई आवश्यक श्रोत सहित व्यवस्थापन गर्न अनुरोध भएकोमा हाल विश्व भरी फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण स्थानीय सरकार रुपमा यस चामे गा.पा.ले जनताको स्वास्थ्य संवेदनशिलतालाई ध्यानमा राखी उक्त ल्याब तथा X-ray सेवा प्रदान गर्न चामे गाउँपालिकाको स्विकृत कार्यालय संगठन संरचना अनुसारको दरबन्दीको परिधी भित्र रहि अर्को व्यवस्था नभए सम्म ल्याब असिस्टेन्ट र रेडियो ग्राफर/अनमि सेवा प्रदान गर्न नियमानुसार जनशक्तिको व्यवस्थापन गर्ने निर्णय गरीयो ।

८. नेपाल सरकारको आ.व. ०७७।०७८ को बार्षिक कार्यक्रम तथा बजेटबाट तोकिएका भत्ता बाहेक अन्य बैठक भत्ता प्रदान नगर्ने निर्णय भएकोमा यस चामे गाउँपालिकाको स्विकृत कार्यालय संगठन संरचना अनुसारको दरबन्दीको संरचना अनुसार स्थायी ३५ जनाको दरबन्दी कायम रहेकोमा हाल स्थायी जनशक्ति ८ जना तथा सेवा करारमा ९ जना गरी जम्मा १७ जना मात्रले स्थानीय सरकारको रुपमा पालिका बासि जनताको सेवा प्रदान गर्न जनशक्तिको कमिको कारण कार्यालयको तोकिएको लक्ष्य पुरा गर्न साँझ बिहान समेत काममा खटिनु पर्ने भएकाले विधयमान जनशक्तिलाई उच्च मनोबलका साथ तोकिएको कार्य गर्न अतिरिक्त समयमा समेत काम गर्नुपर्ने भएकाले आर्थिक प्रोत्साहन गर्न साविकमा दिई आएका बिभिन्न बैठकका भत्ताहरुलाई निरन्तर्ता दिने निर्णय गरीयो ।

९. मिति २०७७।०६।२५ गतेका दिन चामे गा.पा.का अध्यक्ष श्री लोकेन्द्र बहादुर घले ज्युको अध्यक्षतामा बसेको समितको बैठकको निर्णय अनुसार यस कार्यपालिकामा विगत २ बर्ष देखि प्रशासन शाखाका साथै वडा कार्यालयहरुमा कार्यरत खरिदार श्री विष्णु प्रसाद अधिकारीले आफ्नो कार्य क्षमता, लगनशिलता र ईमान्दारीता साथै जिम्मेवारी दोंधी गर्दै

Scanned with CamScanner

कार्यालयलाई प्रदान गर्नु भएको सेवाको उच्च मुल्याङ्कन गर्दै सम्मान स्वरुप रु.३००५।– नगद सहित सम्मान पत्र प्रदान गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

१०.नेपालीहरुको महानचाड २०७७ को शुभ विजयादशमी, दिपावली तथा छठ पर्वको उपलक्ष्यमा चामे गाउँपालिकावासी जनता, सम्पुर्ण जनप्रतिनिधिहरुका साथै पालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको व्यक्तिगतका साथै परिवारीक सु-स्वास्थ्य, दिर्घायु तथा उत्तरोउत्तर प्रगतिको मंगलमय शुभकामनाका साथै हाल विश्व भरी फैलिएको कोरोना भाईरस (कोभिड-१९) बाट सुरक्षित रहि स्वास्थ्यका उपायहरु अपनाई पर्वहरुमा मनाउन समेत अनुरोध गर्दै शुभकामना प्रस्ताव पारित गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल मंसीर २९ गते चामे गाउँपालिका, गाउँ कार्यपालिका । बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिम । निर्णयहरु गरियो ।

उपस्थिति

१.	अध्यक्ष	-	श्री लोकेन्द्रबहादुर घले
२.	उपाध्यक्ष	-	श्री मुनिन्द्रजंग गुरुङ
३.	सदस्य	-	श्री आशिष गुरुङ
४.	सदस्य	-	श्री भिमबहादुर गुरुङ
५.	सदस्य	-	श्री राजु लामा
६.	सदस्य	-	श्री लोप्साङ लामा
७.	सदस्य	-	श्री कैले गुरुङ
८.	सदस्य	-	श्री आशकुमारी गुरुङ
९.	सदस्य	-	श्री माईता गुरुङ
१०.	सदस्य	-	श्री फूलमाया गुरुङ
११.	सदस्य	-	श्री समिरा गुरुङ
१२.	सदस्य	-	श्री बिन घले
१३.	सदस्य	-	श्री लक्ष्मी वि.क.
१४.	सदस्य सचिव	-	श्री नर बहादुर चन्द

आमन्त्रीत सदस्यहरु

१. लक्ष्मण गौली, इन्जिनियर, चामे गाउँपालिका

२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँपालिका

३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँपालिका

४. सुशिला गुरुङ, - कं.अ. चामे गा.पा.

प्रस्तावहरु

१. आ.व.०७७।०७८ मा संचालित योजनाहरुको रकम भुक्तानी सम्बन्धमा ।

२. शसर्त अनुदान (स्वास्थ्य तर्फ) रकमको बजेट विनियोजन सम्बन्धमा ।

३. कोतो र तिमाङ स्थित आधारभुत स्वास्थ्य केन्द्रको थप रकम निकासा गरिए सम्बन्धमा ।

४. स्यार्कू स्थित शित भण्डार निर्माणको लागि खरिद भएको जग्गाको रकम अनुमोदन सम्बन्धमा ।

Scanned with CamScanner

५. लघु उद्यम विकास कार्यक्रम (मेडपा) संचालन बजेट तथा उद्यम विकास सहजकर्ता सेवा करार नियुक्तिको अनुमोदन सम्बन्धमा ।

६. संघीय संसद विकास कोष अन्तर्गत संचालन हुने कृषकको लागि अनुदानमा स्याउ तथा ओखरको बिरुवा वितरण सम्बन्धमा ।

७. पालिकाको वा.१ झ. ३९२८ नम्बरको पजेरो जिपको मर्मत सम्भार रकम अनुमोदन सम्बन्धमा।

८. औद्योगिक ग्राम निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) र प्रारम्भिक वातावरणिय परिक्षण(IEE) प्रतिवेदन तयार गर्न बजेट विनियोजन गर्ने सम्बन्धमा ।

९. मौजदात खाद्यान्न वितरण सम्बन्धमा ।

निर्णयहरु

१. गत आ.व.०७६।०७७ र चालु आ.व. ०७७।०७८ मा ठेक्का सम्झौता भई निर्माणधीन रहेका तथा कार्य सम्पन्न भएका निम्न विकास निर्माणका योजनाहरुको हाल सम्म भएको निर्माण कार्यको प्राविधीक वाट नापजाँच गरी निर्माण भएको कामको प्रगतिको आधारमा निम्न अनुसारको रनिङ बिल तथा अन्तिम बिल वापतको रकम नियमानुसार भुक्तानी गर्न गाउँकार्यपालिकाको कार्यालयलाई स्वीकृत दिने निर्णय गरियो ।

तपशिल

क्र. स.	योजनाको नाम	स्थान	लागत इष्टमेट	व्यावसायीको नाम	कवोल अंक(व्याट सहित)	भुक्तानी वापतको रकम	कैफियत
१.	गाउँपालिका भवन पछाडी स्टोर भवन निर्माण	चामे	रु.६७७८७९६.३१।-	श्री के.वि. गुरुङ कन्स्ट्रक्सन प्रा.लि.	रु. ४१,३९,९२८.७०।-	रु.५,७४,९६८।-	प्रथम रनिङ बिल वापत
२.	चामे सिंगर (कजिनसारा) ताल पदमार्ग एवम् धर्मशाला निर्माण आयोजना	कजिनसारा	रु.६४१३५४९.५८।-	श्री के.वि. गुरुङ कन्स्ट्रक्सन प्रा.लि.	रु.४३,४७,४४०.१२।-	रु.४३,१६,९३३।-	अन्तिम बिल भुक्तानी
३.	सवारी साधन जिप खरिद (स्कारपियो)	कार्यालय	रु.६०००००।-	श्री वतास व्रदर्स प्रा.ली.	रु.५३,९७,५००।-	रु.५३,९७,५००।-	अन्तिम बिल भुक्तानी
४	चामे वहुउदेश्य भवन (सिटि हल)	नमस्ते गेट	रु.३६०६७६४७.९८।-	पराजुली कन्स्ट्रकसन प्रा.लि	रु.२,७७,०३,३७२.२५।-	रु.६२,८२,४३३।-	प्रथम रनिङ बिल वापत

Scanned with CamScanner

२. यस चामे गाँउपालिकाको आ.व.०७७।०७८ मा शसर्त अनुदान अन्तर्गत स्थानीय तहको स्वास्थ्य चौकी ,प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब, भत्ता, स्थानीय भत्ता, पोषक लगायत प्रशासनिक खर्च समेतमा रु.४९,००,००० (उनान्पँचास लाख) विनियोजन भएको रकम बाट तपशिल बमोजिमका खर्च शिर्षकमा बाँडफाँड गरि सभाबाट अनुमोदन हुने गरि खर्चका लागी स्विकृती दिने निर्णय गरियो ।

(क) प्रशासनिक खर्च

क्र.स.	प्रशासनिक खर्च	परिमाण	दर	जम्मा
१	कार्यालय सवारी साधन (मोटरसाइकल) खरिद	१	३५००००	३५००००
२	कम्प्युटर उपकरणहरु खरिद(डेस्कटप,ल्यापटप,प्रिन्टर)	१	२७५०००	२७५०००
३	स्टेशनरी तथा कार्यालय सामान	१	१०२१७०	१०२१७०
४	विधुत भुक्तानी तथा मर्मत तथा सामग्री खरिद	१	२००००	२००००
५	संचार तथा टेलेफोन खर्च	१	२५०००	२५०००
६	म.स्वा.स्व.से. र स्वास्थ्यकर्मीहरुलाई भोला र छाता वितरण	१५	४०००	६००००
७	स्वास्थ्य संस्था मर्मत तथा सम्भार	१	२०००००	२०००००
८	म.स्वा.स्वं.सं बैठक खाजा खर्च	१२	१५००	१८०००
९	म.स्वा.स्वं.सं बैठक यातयात खर्च	९	६०००	५४०००
११	स्वास्थ्य संस्थाको औषधी, उपकरण तथा फर्निचर खरिद	१	५०००००	५०००००
१२	गउघर क्लिनिक सञ्चालन खर्च	२४	१०००	२४०००
१३	परिवार नियोजन कार्यक्रम सञ्चालन खर्च	१	१५००००	१५००००
१४	भ्रमण खर्च	१	१०००००	१०००००
१५	संक्रमण तथा अन्य रोग रोकथाम तालिम(स्वास्थ्य कर्मिहरुलाई)	१	१५००००	१५००००
१६	प्रत्येक वडामा सुगर प्रेसर नाप्नको लागि सामग्री खरिद र संचालन खर्च	१	५१०००	५१०००
१७	म.स्वा.स्वं.से. वार्षिक र अर्धवार्षिक समिक्षा			२४०००
१८	अनुगमन तथा सुपरिवेक्षाण	१	५००००	५००००
जम्मा				२१५३१७०

Scanned with CamScanner

(ख) स्वास्थ्यकर्मी लाई तलव भत्ता, पोसाक आदि

क्र.सं.	शिर्षक	ईकाइ (एकमुष्ठ)	रकम रु.	जम्मा रकम रु.
१	तलव खर्च,	१	१६,९८,९३०।-	१६,९८,९३०।-
२	प्रा.ग्रेड	१	२२,५६०।-	२२,५६०।-
३	ग्रेड रकम खर्च	१	१,२०,९००।-	१,२०,९००।-
४	स्थानीय भत्ता	१	४,०५,१२०।-	४०५१२०।-
५	महङ्गी भत्ता	१	९६,०००।-	९६,०००।-
६	क.स.कोष थप	१	१,४५,८९०।-	१,४५,८९०।-
७	अन्य विमा	१	१९,२००।-	१९,२००।-
८	चाडपर्व खर्च	१	१,४८,२३०।-	१,४८,२३०।-
९	पोशाक भत्ता	१	९०,०००।-	९०,०००।-
जम्मा				२७,४६,८३०।-
कुल जम्मा (क र ख शिर्षक)				रु.४९,००,०००।-

३. नेपाल सरकारको आ.ब. ०७५/७६को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा स्थानीय तह संगको लागत सहभागीतामा २ वर्ष भित्र सवै वडास्तरमा न्यूनतम् १ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्ने कार्यक्रम अनुसार यस चामे गाउँपालिकालाई अर्थ मन्त्रालय मार्फत सशर्त अनुदान वितिय अनुदान हस्तान्तरण अन्तर्गत गत आ.व. ०७६/७७ मा ३५ प्रतिशतका दरले प्राप्त हुन आएको बजेट अनुसार वडा नं. -१ तिमाङ स्थित तिमाङ हेल्थ केयर र वडा नं. -३ कोतोमा कोतो हेल्थ केयर सेन्टरको निर्माण कार्यको लागि विद्युतिय बोलपत्रको माध्यम वाट निर्माण प्रकृया आरम्भ भई तिमाङ हेल्थ केयर सेन्टर निर्माणको लागि श्री ग्याल्सुम्दो कन्सट्रक्सन संग रु. २५,०१,५८४.२८ सम्झौता भई निर्माण कार्यको करिव ७५ प्रतिशत भौतिक प्रगती भई रु. ५ लाख खर्च भएको र उक्त योजना यसै वर्ष सम्पन्न गर्न बाकी रकम रु. २०,०१,५८४.२८ र कोतो हेल्थ केयर सेन्टर निर्माणको लागि श्री ग्याल्सुम्दो कन्सट्रक्सन संग रु. ३७,४९,७८७.८७ सम्झौता भई निर्माण कार्यको करिव ९० प्रतिशत भौतिक प्रगती भई रु. १६,३३,७७०.८७ लाख खर्च भएकोमा सम्झौता बमोजिम भूक्तानी गर्न अपुग रु. २१,१६,०१७/- समेत गरी उक्त कार्य कोभिड-१९ को कारण आ.ब. ०७६/७७ मा सम्पन्न हुन नसकी बाकी रकम फ्रिज भएकोले यसै वर्ष कार्य सम्पन्न भई भुक्तानी गर्न बाँकी जम्मा रकम रु. ४१,१७,६०१.२८ रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति तथा योजना शाखामा बजेट निकाशाको लागि माग गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

४. चामे गा.पा.को आ.व.०७७।०७८ को स्विकृत कार्यक्रम अनुसार वडा नं.१ स्यार्कुमा शित भण्डार निर्माणको लागि जग्गा खरिद सम्बन्धी मिति २०७७।०४।३० गतेको सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये चामे गाउँपालिकाको घर तथा जग्गा प्राप्ति समितिको मिति २०७७।०६।१६ को निर्णय नं. ३ अनुसार चामे गाउँपालिकाको घर जग्गा प्राप्ति तथा मुअब्जा वितरण कार्यविधी २०७७ बमोजिम आवश्यक प्रकिया पुरा गरी स्यार्कुमा शित भण्डार निर्माणको लागि खरिद हुने जग्गा रित पुर्वक ठहरीएको शिलबन्धी बोलपत्र दाता श्री खुसी राम घलेको साविक चामे गा.पा. वडा नं. १ को कित्ता नं. १५२ को जग्गा कार्यालयको आवश्यकता बमोजिम रित पुर्वक ठहरिनुका साथै कबोल अंक रु.११,५५,०००।– (प्रति रोपनी) स्विकृत दर भन्दा कम हुनुका साथै समिति बाट निर्धारण भए बमोजिम १८ मिटरको अगाडिको मोहडा मध्ये ९ मिटर बाटो कायम गरी भित्रि जग्गा मापदण्ड बमोजिम हुने गरी जग्गाको मोहडा कम्तिमा २० मिटर कायम हुने गरी कार्यालयको आवश्यकता अनुसार खरिद भएको २ रोपनी जग्गाको चार किल्ला सांध-सिमाना छुटयाई चामे गाउँपालिकाको नाममा मालपोत कार्यालय मनाङ बाट मिति २०७७।०८।१८ गते रजिस्ट्रेसन पास भई लालपुर्जा समेत प्राप्त भएकाले सम्झौता बमोजिमको रकम रु.२३,१०,०००।- श्री खुसी राम घलेलाई र सो वापत लाग्ने सरकारी राजश्व रु.४६,२२०।- गरी कुल भुक्तानी भएको रकम रु.२३,५६,२२०।- अनुमोदन गर्ने निर्णय गरीयो ।

५. नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट जारी भएको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ बमोजिम ७५३ वटै स्थानीय तहहरुमा गरीवी निवारणका लागि उद्यम विकास कार्यक्रम संचालन तथा सो को प्रभावकारी कार्यन्वयनका लागि यस चामे गाउँपालिकामा समेत उक्त कार्यक्रम संचालन गर्न निम्नानुसार शिर्षकमा खर्च हुने गरी बजेट विनियोजन भएको हुदाँ उक्त निर्देशिका अनुसार कार्यक्रम संचालनको लागि उद्यम विकास सहजकर्ता छनोट सम्बन्धमा उक्त निर्देशिकाको दफा ५२ बमोजिम यस चामे गा.पा.का अध्यक्ष श्री लोकेन्द्र बहादुर घले ज्युको संयोजकत्वमा गठन भएको उद्यम विकास समितिको मिति २०७७ कार्तिक २२ गते बसेको बैठकको निर्णय नं. २ अनुसार उद्यम विकास सहजकर्ता(चौथो/पाचौ) पद २ पदपूर्तिका लागि मिति २०७७।०७।२७ गते विज्ञापन भएकोमा पर्न आएका दरखास्त निवेदकहरुको मिति २०७७।०८।२१ गते भएको अन्तरवार्ता बाट उक्त छनोट समितिको सिफारिस अनुसार योग्यताका आधारमा छनोट भएका श्री आशोक थापा र वैकल्पिक छनोट भएका श्री खड्ग बहादुर सहकारी (वोगटी) लाई नियमानुसार उद्यम विकास सहजकर्ता (चौथो) पदमा लिईएको सेवा करार नियुक्ति तथा यस पालिकाको उद्यम विकास समितिको मिति २०७७।०८।२८ गते बैठकको निर्णय वाट लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ अनुसूचि ३ वमोजिम पालिकालाई प्राप्त रु.३९,००,०००।- (उन्नचालीस लाख) बजेटलाई निम्नानुसारको शिर्षकमा वाडफाड भएकोले उक्त विनियोजन भएको रकमलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner

तपशिल

क.सं.	कियाकलापहरु	निर्देशिकाले तोकेको बजेट प्रतिशत दायरा	स्थानिय तहले तोक्न सक्ने बजेट प्रतिशत (अनुमानित)	बजेट बाँडफाड
(क)	नयाँ उद्यमी सृजना तर्फको कुल बजेट (यदी कुल लक्ष्य १०० जना छ भने)			
१.	उद्यम विकासका लागि सामाजिक परिचालन	३ प्रतिशत सम्म	३	७९८००
२.	उद्यमशिलता विकास तालिम	७ देखि ९ प्रतिशत सम्म	८	२१२८००
३.	प्राविधिक सीपमुलक तालिम प्रदान	३५ देखि ४१ प्रतिशत सम्म	३८	१०१०८००
४.	उपयुक्त प्रविधि पहुँच तथा हस्तान्तरण	१५ देखि १८ प्रतिशत सम्म	१५	३९९०००
५.	लघु कर्जामा पहुँच	३ देखि ४ प्रतिशत सम्म	३	७९८००
६.	बजारीकरण सेवा	३ देखि ५ प्रतिशत सम्म	३	७९८००
७.	उद्यम विकास सहजकर्ता परिचालन	२४ देखि ३३ प्रतिशत सम्म	३०	७९८०००
	जम्मा		१००	२६६००००
(ख)	भैरहेका उद्यमीहरुको स्तरोन्नती (पुनर्ताजगि तथा एडभान्स तालिम)	१००	१००	६०००००
(ग)	उपयुक्त प्रविधि समुहमा हस्तान्तरण	१००	१००	१४००००
(घ)	साझा सुविधा केन्द्र (बजेटमा व्यवस्था भएको स्थानिय तहमा मात्र)	१००	१००	५०००००
	जम्मा			१२,४०,०००
	कुल जम्मा (क,ख,ग,घ)			३९,००,०००

६. चालि आ.व. ०७७।०७८ को लागि यस चामे गा.पा.को लागि संघीय संसद विकास कोष अन्तर्गत कृषकको लागि अनुदानमा स्याउ तथा ओखरको विरुवा वितरण गर्न विनियोजन भएको रकम रु.१४ लाख रकम

Scanned with CamScanner

संचालनको लागि यस पालिकाको कृषकहरुलाई कृषि कार्य मार्फत उत्पादन वृद्धि गरी आत्मनिर्भर तथा उद्यम सिल बनाउन उक्त विनियोजन भएको रकम शत प्रतिशत अनुदानमा वितरण गरिने स्याउ तथा ओखरका विरुवाहरु इच्छुक उद्यम सिल कृषकहरुको माग वमोजिम कम्तिमा ५ देखि ७ जना रहने गरी समुह गठन गरी वडाको सिफारीसको आधारमा उक्त स्याउ तथा ओखरका विरुवाहरु वितरण गर्ने निर्णय गरीयो ।

७. पालिकाको बा.१ झ. ३९२८ नम्बरको पजेरो जिप हाम्रो पश्चिमाञ्चल अटो ईन्जिनियरीङ वर्कसपको विल थान ५ वटाको विभिन्न मितिमा मर्मत सम्भार गर्दा खर्च भएको कुल रकम रु.६,४८,६३७।८५ (अक्षेरुपी छ लाख अठचालिस हजार छ सय सैतिस पैसा पचासी) भुक्तानीको लागि स्वीकृति दिने निर्णय गरीयो ।

८. चालु आ.व. ०७७।०७८ मा नेपाल सरकारवाट यस चामे गा.पा. अन्तर्गत "औद्योगिक ग्राम" घोषणा भएकोले सो को स्थापना र संचालनका लागि स्थानीय तहले आफ्नै श्रोतवाट विस्तृत परियोजना प्रतिवेदन (DPR) र प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन तयार गर्नुपर्ने कानुनी व्यवस्था भएकाले यस आ.व.०७७।०७८ को भैपरी आउने (पूजिगत) शिर्षकमा विनियोजन भएको शिर्षकवाट खर्च हुने गरी DPR का लागी रु. ५ लाख र IEE का लागी रु. ५ लाख गरी जम्मा रु.१० लाख रकम विनियोजन गर्ने निर्णय सर्वमत गरियो ।

९. चामे गा.पा. मा मौज्दात रहेको खाद्यान्न (चामल, दाल, तेल) वडाको सिफारिसमा विवरण भई केहि मौज्दात रहेकोले उक्त मौज्दातको खाद्यान्न सामाग्रीहरु अध्यक्ष तथा उपाध्यक्ष को सिफारीसमा विक्री वितरण गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner